CC-0. In Public Domain. Digitization by eGangotri

सा. 2046 R.

6R

संस्कृत विश्व भाषा हो

SANSKRIT THE GLOBAL LANGUAGE

R.

SAN

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

IN SEARCH OF SANSKRIT & ENGLISH LANGUAGE

-डा० ज्ञान लाल श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्ना. 2056R.

R

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सा.२०५६R.

संस्कृत विश्व भाषा हो

SANSKRIT

THE GLOBAL LANGUAGE

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

IN SEARCH OF SANSKRIT & ENGLISH LANGUAGE

— डा० ज्ञान लाल श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0 In Public Domain. Digitization by eGangotri

प्रकाशक: श्रीमती द्वारीका श्रेष्ठ

सर्वाधिकार लेखकमा सुरक्षित

प्रथम संस्करण: २०४८ साल (१००० थान)

मूल्य:

नेपालमा: ने. रू. ५०/५०

भारतमा: भा.रू. ४५/५०

विदेशमा: US डलर ८:००

95409

मुद्रक: आर्य छापाखाना प्रा० लि०

पशुपति, देवनगरी, काठमाडौं फोन नं. ४-७००५१

सम्पर्क स्थान

डा० ज्ञान लाल श्रेष्ठ
श्रेष्ठ निवास, ख-१/९१, का-२
घट्टेकुलो, डिल्लीबजार
काठमाडौं, नेपाल
फोन नं. ४-१०८५७

डा० काशीराज उपाध्याय
विश्व संस्कृत प्रतिष्ठानम्
आरोग्य आश्रम
गौशाला, काठमाडौं, नेपाल
फोन नं. ४-७०७७६

डा० बिहारी लाल श्रेष्ठ
मातृभूमि सेवक संघ
जावलाखेल, ललितपुर, फोन ५-२२:०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्ना. 2046 R.

स्वर्गीय

माता राममाया श्रेष्ठ र पिता वासुदेव श्रेष्ठमा

समर्पित



R

"स्वाभिमानी भएर बाँच्न सिक नेपाली
ताकि बितेका पूर्खाले पनि तिमीलाई आशीर्वाद देओस्
आत्मा साक्षी राखी परिश्रम गर्न सिक नेपाली
ताकि सगरमाथाले पनि तिमीलाई शुभ-कामना देओस्"

–डा० ज्ञान लाल श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

नेपाल आमाले प्राचीन वैद्धिक कालमा महर्षि विश्वामित्र जस्ता सुपुत्र जन्माइन्, वेदव्यास जस्ता ऋषि जन्माइन्, अनि सिता र भृकुटी जस्ती छोरीहरु जन्माइन् भने गौतम बुद्ध जस्ता छोरा जन्माइन् । आधुनिक कालमा आएर भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, डा॰ स्वामी प्रपन्नाचार्य जस्ता सुपुत्रहरू जन्माइन् । ती सुपुत्र र सुपुत्रीहरूको महिमा आज संसारले गाइरहेका छन् । तर पनि आजको युगमा आएर नेपाल आमाका छोराछोरीहरु निरुत्साही, वलहीन, तेजहीन र ज्ञानहीन भएर परतन्त्रमा फँसेर आजको संसारमा अलमलिरहेको भान हुन्छ । यसको मूल कारण मलाई के लाग्छ भने आजका सन्तानहरूले हाम्रा पूर्खाहरुतिर फर्केर हेर्न जानेनन् । पूर्खाहरुलाई करीव करीव विर्सन लागेका छन् । पूर्खाहरूले छोडेर गएका प्राचीन हिन्दू ज्ञान, विज्ञान जस्ता अनमोल शिक्षा, दिक्षाहरुलाई केलाएर हेर्ने वाटो नै विर्से । फलस्वरूप वाटो नै हराएपछि वटुवा अनाथ हुनु स्वाभाविकै हो । अनि यसरी अनाथ भएपछि आत्मा भरोसा नभएर अर्काको साहारा लिन पुग्नु पनि स्वाभाविकै हो । तर शिक्षा दिक्षा पाएर, शिक्षित भएर पनि आफैले आफ्नोपना, आफ्नो मौलिकपनालाई विर्सेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"शिक्षित मूर्खको" रुपमा आफ्नो समाजलाई अर्काको नोकर बनाएर आफ्नै मात्र पेट भर्न हिंड्छ भने त्यस्तो व्यक्ति नेपाल आमाको लागि अभिशाप सिद्ध हुनु वाहेक अरु केही पनि हुन सक्तैन ।

धन्य हुन् यस हिन्दू समाजका पूर्खाहरू जसका सन्तान-हरूले स्याहार्न नसक्ने गरी आफ्नो मौलिक सभ्यताका चिन्ह-हरु केवल विश्व प्रख्यात मठमन्दिरको रुपमा मात्र नभई धर्म, ज्ञान र विज्ञानको भण्डारको रूपमा पनि यथेष्ट मात्रामा छोडेर गए। अनि यी सबै सभ्यताको रामकहानी यो संसारको सवभन्दा पुरानो ग्रन्थ वेदको नाममा छोडेर गए । यसको मुख्य भाषा "संस्कृत भाषा" थियो । यति मात्र होइन, आजको अन्तर्राष्ट्रिय भाषा "अंग्रेजी भाषा"को मूल जरा नै संस्कृत भाषा हो भने संसारको प्राय: सबै भाषाहरुको मूल जरा पनि संस्कृत भाषा नै हो । नर दु:ख लाग्दो कुरा यो छ कि तिनै हिन्दू (आर्य) पुर्खाहरुका धर्म,, ज्ञान र विज्ञानको भण्डार आजका हामी हिन्दू समाजले खोलेर (पढेर) हेर्ने चेष्टा समेत पनि गरेनौं भने तिनै वेद ग्रन्थहरू जर्मन र अंग्रेज-हरुले लगी त्यसैको आधारमा आजको विज्ञानको विकास गरे। किनभने आजको विज्ञानको मूल जरा नै हिजोको हिन्दू ग्रन्थ-हरु वेद, रामायण, महाभारत, श्रीमद्भागवत्, पुराण आदि हुन् । तर यी विषयहरुको पुष्टि त्यसै हुँदैन । किनभने हिजोको हिन्दू समाजको सभ्यताका (धर्म, ज्ञान, विज्ञान, भाषा आदि) भण्डारहरु भारतका तक्षशिला र नालन्दा जस्ता पुस्तकालय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

नेपाल आमाले प्राचीन वैद्धिक कालमा महर्षि विश्वामित्र जस्ता सुपुत्र जन्माइन्, वेदव्यास जस्ता ऋषि जन्माइन्, अनि सिता र भृकुटी जस्ती छोरीहरु जन्माइन् भने गौतम बुद्ध जस्ता छोरा जन्माइन् । आधुनिक कालमा आएर भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, डा॰ स्वामी प्रपन्नाचार्य जस्ता सुपुत्रहरू जन्माइन् । ती सुपुत्र र सुपुत्रीहरूको महिमा आज संसारले गाइरहेका छन् । तर पनि आजको युगमा आएर नेपाल आमाका छोराछोरीहरु निरुत्साही, वलहीन, तेजहीन र ज्ञानहीन भएर परतन्त्रमा फँसेर आजको संसारमा अलमलिरहेको भान हुन्छ । यसको मूल कारण मलाई के लाग्छ भने आजका सन्तानहरूले हाम्रा पूर्खाहरुतिर फर्केर हेर्न जानेनन् । पूर्खाहरुलाई करीव करीव विर्सन लागेका छन् । पूर्खाहरूले छोडेर गएका प्राचीन हिन्दू ज्ञान, विज्ञान जस्ता अनमोल शिक्षा, दिक्षाहरुलाई केलाएर हेर्ने वाटो नै विर्से । फलस्वरूप वाटो नै हराएपछि वटुवा अनाथ हुनु स्वाभाविकै हो । अनि यसरी अनाथ भएपछि आत्मा भरोसा नभएर अर्काको साहारा लिन पुग्नु पनि स्वाभाविकै हो । तर शिक्षा दिक्षा पाएर, शिक्षित भएर पनि आफैले आफ्नोपना, आफ्नो मौलिकपनालाई विर्सेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"शिक्षित मूर्खको" रुपमा आफ्नो समाजलाई अर्काको नोकर बनाएर आफ्नै मात्र पेट भर्न हिड्छ भने त्यस्तो व्यक्ति नेपाल आमाको लागि अभिशाप सिद्ध हुनु वाहेक अरु केही पनि हुन सक्तैन ।

धन्य हुन् यस हिन्दू समाजका पूर्खाहरू जसका सन्तान-हरूले स्याहार्न नसक्ने गरी आफ्नो मौलिक सभ्यताका चिन्ह-हरु केवल विश्व प्रख्यात मठमन्दिरको रुपमा मात्र नभई धर्म, ज्ञान र विज्ञानको भण्डारको रूपमा पनि यथेष्ट मात्रामा छोडेर गए । अनि यी सबै सभ्यताको रामकहानी यो संसारको सवभन्दा पुरानो ग्रन्थ वेदको नाममा छोडेर गए । यसको मुख्य भाषा "संस्कृत भाषा" थियो । यति मात्र होइन, आजको अन्तर्राष्ट्रिय भाषा "अंग्रेजी भाषा"को मूल जरा नै संस्कृत भाषा हो भने संसारको प्राय: सबै भाषाहरुको मूल जरा पनि संस्कृत भाषा नै हो । तर दु:ख लाग्दो कुरा यो छ कि तिनै हिन्दू (आर्य) पुर्खाहरुका धर्म,, ज्ञान र विज्ञानको भण्डार आजका हामी हिन्दू समाजले खोलेर (पढेर) हेर्ने चेष्टा समेत पनि गरेनौं भने तिनै वेद ग्रन्थहरू जर्मन र अंग्रेज-हरुले लगी त्यसैको आधारमा आजको विज्ञानको विकास गरे। किन भने आजको विज्ञानको मूल जरा नै हिजोको हिन्दू ग्रन्थ-हरु वेद, रामायण, महाभारत, श्रीमद्‌भागवत्, पुराण आदि हुन् । तर यी विषयहरूको पुष्टी त्यसै हुँदैन । किनभने हिजोको हिन्दू समाजको सभ्यताका (धर्म, ज्ञान, विज्ञान, भाषा आदि) भण्डारहरु भारतका तक्षशिला र नालन्दा जस्ता पुस्तकालय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई ६,६ महिना लगाएर त्यस बेलाको वेलायतले जलाएर नष्ट गरिसकेको छ । तर अपशोचको कुरो यो छ कि तिनै धनी पूर्खाका सन्तानहरूले आफूलाई आज नोकरको रूपमा पाउँदा पनि हाम्रो आत्माको घैंटोमा घाम लागेको छैन । हामी आज कति अँध्यारो कुनामा भकारी भरी ज्ञानरूपी खाद्यान्न राखेर पनि भोकै हिँडिरहेका छौं । ती ज्ञानका भण्डार खोलेर हेर्ने, बुझ्ने चेष्टा नै गर्दैनौं । उल्टो 'उहिलेका कुरा खुइले' भनी आफू 'आँखा चिम्लेर 'सूर्य नै छैन' भनी आफै बौलाएर हिँडिरहेका छौं ।

मैले यस 'संस्कृत र अंग्रेजी भाषाको खोजीमा' पुस्तकमा मुख्यतया आजको अंग्रेजी भाषाका शब्दहरू कसरी संस्कृत शब्दहरूबाट बन्न पुगे भन्ने कुरामा विशेष जोड दिएको छ । यसबाट अंग्रेजी भाषा सिक्ने वर्गलाई पनि केही हदसम्म मद्दत पुग्न जान्छ । खास त यो पुस्तकको लक्ष्य संस्कृत भाषालाई पुर्नजिवित पार्नु हो । संस्कृत र अंग्रेजी भाषाको खोजीमा यो पुस्तक एउटा नमूना मात्र हो । पाठकवर्ग र खास गरी अनुसन्धानकर्ताहरुले यसलाई रूपरेखा मात्र सम्झी यस सम्बन्धी अरू महत्वपूर्ण खोज गर्नु अति आवश्यक छ । यस पुस्तकलाई नै सबै कुरा नसम्झनु होला ।

हिन्दू जगतका सम्पूर्ण हिन्दूहरुले प्राचीन हिन्दू विज्ञानको उत्खनन् गरी त्यसको सारबाट आजको नयाँ हिन्दू युगको थालनी गर्न आह्वानको रूपमा यो सानो पुस्तक तयार भएको छ । शिक्षित व्यक्तिको सबभन्दा ठूलो कुरा विचारको प्रादु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र्भाव गर्नु हो । सही विचारको प्रादुर्भाव भएपछि आत्मा साक्षी राखी कर्म र वचनले अगाडि सर्नु पर्दछ । यसै शिलशिलामा नेपाल आमाले आफ्नो एक्काईसौं शताब्दीमा पनि 'हिन्दू राष्ट्र'को पदवी पाएर संसारभर छरेका २ अरब हिन्दू जगत-लाई हरेकदिन 'वसुधैव कुटुम्बकम्' आह्वान गर्दै नयाँ हिन्दू युगको थालनीमा लाग्नु भएको छ । यसमा हामी सबै नेपाली आमाका सन्तानहरू धैर्यका साथ लागौं ।

– डा० ज्ञान लाल श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

यो सृष्टिकै सवभन्दा प्राचीनतम भाषा संस्कृत हो। हामी संस्कृतलाई देववाणी, वेदवाणी आदि भन्दछौं। वेद अपौरूषेय हो। वेद कुनै पुरुष विशेषको कृति, सृष्टि वा संरचना होइन। त्यसैले पनि यो अपौरूषेय हो। प्राचीनतम पुराणतम सम्पूर्ण वैदिक साहित्य, उपनिषद्, व्राह्मण, संहिता स्मृतिशास्त्र, पुराण, इतिहास, व्याकरण आदि इत्यादि सम्पूर्ण वाङमयकै संवाहकका अभिव्यक्तिका माध्यमका रूपमा संस्कृत भाषाको सर्वोपरि स्थान छ। संस्कृत विश्वमा नै सवभन्दा प्राचीन, सिर्जनशील, व्यापक, धर्म, संस्कृति, सभ्यता, ज्ञान विज्ञानका विविध पक्षलाई वहन गर्न सक्ने सक्षम भाषा हो। आर्य संस्कृति र सभ्यताका जन्मदाता, मन्त्रद्रष्टा ऋषिहरूले र आधुनिक स्रष्टाहरूले अत्यन्त व्यापक रूपमा प्रयोग गरेका, अत्यन्त विशाल, व्यापक र धनी साहित्य बोकेको संस्कृत सृष्टिकै महान् अद्वितीय, सर्वप्रिय, पवित्रम, धर्मको दर्शनको र आध्यात्मको पनि भाषा हो।

कुनै समयमा संस्कृत विश्वकै माध्यम भाषा थियो होला भने आज विश्वमा नै संस्कृत मातृभाषा हुने देशहरु संख्यामा धेरै नहोलान् तर संस्कृत भाषाको गरिमा, साहित्यिक महिमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आध्यात्मक चमत्कार, धार्मिक व्यापकता, दार्शनिक महत्ता, व्याकरणगत वैज्ञानिकता, आध्यात्मिक पवित्रता आज पनि त्यत्तिकै छ र रहिरहने छ । संस्कृत भाषा र यसभित्र रहेको भाषिक विशिष्टता, लोकप्रियता, व्यापकता एवं वैज्ञानिकतालाई लिएर विश्वका ख्यातिप्राप्त विश्वविद्यालयहरुले अनुसन्धान गरिरहेका छन् । संस्कृतभित्र जसले प्रेमले प्राज्ञिक दृष्टिकोणले प्रवेश गरेका छन् ती विदेशी विद्वानहरुले समेत यसको मुक्तकण्ठले मुरी मुरी प्रशंसा गरेका छन् ।

'प्राचीन हिन्दू विज्ञान' का प्रणेता डा. ज्ञान लाल श्रेष्ठज्यूको संस्कृत भाषा प्रतिको निष्ठा र प्रेम अत्यन्त प्रशंसनीय मान्नु पर्छ । शब्द खोज्ने, केलाउने, विश्लेषण गर्ने उहाँको कला, तर्क र पद्धतिलाई भाषा वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि अस्वीकार्न सकिन्न । संस्कृत भाषाले विश्वका अन्य प्रसिद्ध भाषाहरूलाई कसरी प्रभाव पारेको छ भन्ने विषयमा उहाँले प्रस्तुत गर्नुभएको सामाग्रीले हामीलाई यस क्षेत्रमा गहिरो अनुसन्धानात्मक चिन्तन गर्न आमन्त्रण गरेको छ । अंग्रेजी र यसका मूल भाषा समेत संस्कृतवाट कति मात्रामा प्रभावित भएका छन् भन्ने कुरा पनि डा. श्रेष्ठज्यूले स्पष्ट पार्ने चेष्टा गर्नुभएको छ । डा. श्रेष्ठज्यूको यस प्रयासले निःसन्देह यस क्षेत्रका अनुसन्धानकर्ताहरूलाई केही थप प्रेरणा र थप सामाग्री देला भन्ने आशा गर्न सकिन्छ । मुद्रण सम्वन्धी त्रुटीदेखि पुस्तक अछुत रहन नसक्नुवाट पुस्तकको गरिमामा आँच आउने छैन नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डा. श्रेष्ठज्यूबाट यस क्षेत्रमा अरु नयाँ आयाम थपिनेछ र यो क्षेत्र अरु आलोकित हुनेछ भन्ने आशा सहित उहाँप्रति धेरै धेरै बधाई र धेरै धेरै शुभ-कामना व्यक्त गर्दछु।

—प्रा० शिवगोपाल रिसाल
त्रिभुवन विश्वविद्यालय
०४८/१०/१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय - सूची

अध्याय		पृष्ठ नं.
	प्राक्कथन	— I-IV
	प्रस्तावना	— V-VII
१)	परिचय	— १-१२
२)	संस्कृत भाषाको महत्व	— १३-२३
३)	संसारका भाषा परिवार सम्बन्धी ज्ञान	— २४-३२
४)	शब्दको अपभ्रंश	— ३३-४४
५)	संस्कृत र अंग्रेजी भाषाको खोजीमा	— ४५-४७
I	गणित शब्दहरूको विकास	— ४८-७०
II	पारिवारिक शब्दहरुको विकास	— ७१-८७
III	वैज्ञानिक शब्दहरूको विकास	— ८८-९५
IV	स्वास्थ्य सम्बन्धी शब्दहरूको विकास	— ९६-१०५
V	साधारण शब्दहरूको विकास	— १०६-११०
VI	धार्मिक शब्दहरूको विकास	— १११-१२४
६)	संस्कृत भाषा-प्राचीन हिन्दू विज्ञानको भण्डार	— १२५-१३४
७)	संस्कृत र रसियन भाषाको सम्बन्ध	— १३५-१३८
८)	प्राचीन हिन्दू विज्ञानको एक नमूना समय (काल) परिचक्र	— १३९-१६०
९)	सहायक सूची (Reference)	— १५१-१५२
१०)	लेखकको परिचय	— १५३-१५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दू विज्ञान

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पहिलो अध्याय

परिचय

हाम्रो "हिन्दु राष्ट्र" नेपाल कैयन शताब्दी देखि नै एक स्वतन्त्र देशको रुपमा रही आएको छ। यो प्रत्येक नेपालीको लागि अत्यन्त गौरवको कुरो हो।

तर दुःखको कुरा यो छ कि यसरी नेपाल एक स्वतन्त्र हिन्दू राष्ट्र भइकन पनि आज हामी नेपाली यति परतन्त्रमा फँसिसक्यौं कि हामीले आफ्नो मुलुक, आफ्नो संस्कृति (आर्य संस्कृति हिन्दू संस्कृति), आफ्नो संस्कृत भाषा आदिको रामकहानी आफ्नै परिवार, आफ्नै समाजलाई सुनाउनको लागि पनि पश्चिमी समाजको शरणमा जानुपर्ने भयो। पश्चिमी समाजले भनेपछि सबै कुरा सही र हामी आफैले भन्न थाल्यौं भने झुठो ठहर्ने बेला आइसक्यो। यो हो समाजको उथलपुथल, समयको परिवर्तन र सभ्य–असभ्यको घनचक्र।

आज हामी जे जति पनि विज्ञानको चमत्कार देख्दैछौं यो सबै प्राचीन हिन्दू विज्ञानको रुखको जराबाट पल्हाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दू विज्ञान

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पहिलो अध्याय

परिचय

हाम्रो "हिन्दु राष्ट्र" नेपाल कैयन शताब्दी देखि नै एक स्वतन्त्र देशको रुपमा रही आएको छ। यो प्रत्येक नेपालीको लागि अत्यन्त गौरवको कुरो हो।

तर दुःखको कुरा यो छ कि यसरी नेपाल एक स्वतन्त्र हिन्दू राष्ट्र भइकन पनि आज हामी नेपाली यति परतन्त्रमा फसिसक्यौं कि हामीले आफ्नो मुलुक, आफ्नो संस्कृति (आर्य संस्कृति हिन्दू संस्कृति), आफ्नो संस्कृत भाषा आदिको रामकहानी आफ्नै परिवार, आफ्नै समाजलाई सुनाउनको लागि पनि पाश्चमी समाजको शरणमा जानुपर्ने भयो। पश्चिमी समाजले भनेपछि सबै कुरा सही र हामी आफैले भन्न थाल्यौ भने झुठो ठहर्ने वेला आइसक्यो। यो हो समाजको उथलपुथल, समयको परिवर्तन र सभ्य-असभ्यको घनचक्र।

आज हामी जे जति पनि विज्ञानको चमत्कार देख्दैछौं यो सबै प्राचीन हिन्दू विज्ञानको रुखको जरावाट पल्हाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाँगाविगा र टुसाहरू मात्र हुन् ।[1] यी सबै प्राचीन विज्ञान र ज्ञानका सम्पूर्ण इतिहास, वेद, वेदान्तर, उपनिषद, पुराण आदि हिन्दू मानवीय सभ्यताका ग्रन्थहरु, इतिहासहरु संकृत भाषामा लेखिएका छन् । यति मात्र होइन आजको संसारको प्राय: सबै जसो भाषाहरूको मूल जरा नै संस्कृत भाषा हो ।[2] यति थाहा हुँदाहुदै पनि आजको हाम्रो नयाँ पिंढी, युवा पिंढी–लाई हाम्रा पुर्खाहरू (आर्य समाज, हिन्दू समाज) को प्राचीन हिन्दू विज्ञान विषय सम्झाउन बुझाउन झन् झन् गाह्रो पर्दै आएकोछ । यसको कारण हाम्रो देशमा गलत शिक्षा नीति (स्वदेशी शिक्षा नराम्रो, काम नलाग्ने र विदेशी शिक्षा राम्रो, काम लाग्ने इत्यादि कुनीति) ले गर्दा नै हां र संस्कृत भाषा भनेको त झन् वाहियातको रूपमा चिनिने भाषा भइसक्यो । तसर्थ यस पुस्तकमा संस्कृत र अंग्रेजी भाषाको खोजीमा लाग्दा अंग्रेजी भाषाका शब्दहरु के हुन् ? कहांवाट आएका हुन् ? भन्ने कुरा हामी आफैले भन्नुको सट्टा विदेशीवाट नै थाहा पाउने कोशिश गरौं ताकि हाम्रा युवा पिंढीहरूलाई सम्झाउन र सम्झन सजिलो होस् ।

अंग्रेजी शब्दहरुको सृष्टि विषयमा अति प्रख्यात अमे–रिकन भाषाविद् **Joseph T. Shipley** ले आफ्नो पुस्तक

---

1 डा. स्वामी प्रपन्नचार्य वि. सं. २०३६ प्राचीन हिन्दू विज्ञान वेद-मा के छ ? को उत्तर भाग (पूरा पुस्तक)

2 खेमराज ज्ञवाली वि. सं. २०२९ संस्कृतमा विज्ञान "विश्वात्मा दर्शन" (मासिक, १ (१०): ३०-३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Dictionary of Word Origins को प्राक्कथनमा अंग्रेजी शब्दहरूको सृष्टि सम्बन्धी यसरी लेख्नुभएको छ[1]।

"**Not two percent of our English Words first rose in the British Isles. Somewhere in the Near East they seemed to have started .. ..**"

यस्ता पुस्ट्याईं यदि हामिले नै दियौं भने हाम्रा आजका युवा वर्ग, नयाँ पिढीलाई सम्झन र सम्झाउन अति गाऱ्हो पर्छ। अनि यसै सिलसिलामा अमेरिकाकै प्रशिद्ध भाषाविद् नर्मन लेविस (**Norman Lewis**) ले यसो भन्नु भएको छ।[2]

"**We have taken over into English more than 50 percent of Latin words and almost 30 percent of Greek words ...**"

यसरी आजको अंग्रेजी भाषामा प्रयोग हुने अंग्रेजी शब्दहरू मध्ये कमसे कम ८०% ल्याटिन (रोमनहरूले बोल्ने भाषा) र ग्रिक भाषाहरुबाट आएका हुन भन्ने कुरा नर्मन लेविसले प्रष्ट पार्नु भएको छ ।

यसै सिलसिलामा अर्को एकजना बेलायती भाषाविद्

---

1 Joseph T. Shipley (year?) Dictionary of Word Origins. Page VII

हरेक सहायक ग्रन्थ सूचि (Reference) को विस्तृत विवरण पुस्तकको सबभन्दा पछिल्लो पेजमा हेर्नुहोस् ।

2 Norman Lewis 1976. Word Power Made Easy. Page No. 251

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

British Orientalist श्री विलियम जोन्स (**Sir William Jones**) को भनाइलाई जोन लेयन्सले यसरी उल्लेख गर्नु भएको छ ।[1]

"Sir William Jones in 1786 decleared that Sanskrit bore to Greek and Latin"

'श्री' बाट '**Sir**' शब्द बनेको कुरा नबिर्सौं । विस्तृत जानकारीको लागि पाँचवाँ अध्यायको पाँचवाँ भागमा हेर्नु होला ।

श्री विलियम जोन्सले आज भन्दा २०५ वर्ष पहिले यसरी घोषणा गर्नु भएको थियो कि संस्कृत भाषाले नै ग्रिक र ल्याटिन भाषालाई जन्मायो । यसरी पश्चिमी समाजका विभिन्न भाषाविद्हरुले अंग्रेजी शब्दहरू के हुन्? कहावाट आए? र कसरी अंग्रेजी शब्दहरूको सृष्टी भयो? भन्ने कुरा छोटकरीमा मैले यहाँ देखाउन खोजेको मात्र हो । पाठकवर्गहरुले यस विषयमा अरू जानकारी लिनु छ भने ती पुस्तकहरुको विस्तृत अध्ययन गर्नु होला ।

जहाँ सम्म भारतीय उपमहादेशको विभिन्न देशहरूमा जन्मेका आर्य जाति (हिन्दू जातिहरू) को प्रश्न छ तिनीहरूको लागि, मलाई जहाँ सम्म लाग्छ, संस्कृत शब्दहरु नयाँ होइनन् । नेपालीहरुले नेपाली बोल्दा ५० % भन्दा ज्यादा त संस्कृत शब्दहरूनै प्रयोग गरेका हुन्छन् ।

म एक साधारण नेपाली भएकोले यी दुवै संस्कृत र अंग्रेजी

---

1 John Lyons 1979. Introdution to Theoritical Linguistics. Page No. 24

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाहरु विषय आफूलाई अनविज्ञ ठानेको छु। विद्यालय स्तरमा साधारण संस्कृत भाषाको ज्ञान र अंग्रेजी भाषामा विश्वविद्यालयको विद्यावारिधिसम्म पनि अंग्रेजी भाषामा केही न केही अध्ययन भइनै रहेकोले वेला वेलामा अंग्रेजी शव्दहरू खोज्दा संस्कृत शव्दहरुसंग अति निकटतम पाउने कारणले गर्दा मलाई वीच वीचमा शंका लाग्दथ्यो। होइन, यसरी संस्कृत र अंग्रेजी शव्दहरु किन मिल्दो जुल्दो खालका छन् ? दुवै भाषाको मूल जरा के एउटै त होईनन् ? या अंग्रेजी शव्दहरुको मुहाननै संस्कृत भाषा हो ? इत्यादि इत्यादि।

गत २०४६ सालतिर जव म विरगंजवाट करीव ८ किलोमिटर उत्तर परवानीपुर स्थित राष्ट्रिय धान वाली विकास कार्यक्रममा कार्यरत थिए, त्यसवेला परवानीपुर स्थित एक वयोवृद्ध विद्वान मदन मोहन शर्माज्यूसंग वरोवर सम्पर्क हुदै गयो जसवाट यसरी संस्कृत र अंग्रेजी भाषाको खोजीमा आफ्नो केही विहान वेलुकाको समय लगाउने वाटो पाएँ। उहाँ भन्नु हुन्थ्यो "लोभ नभईकन पनि कसैको कुनै पनि चीज वा व्यक्तिसग "लभ" हुन सक्छ ?" किन भने संस्कृत शव्द "लोभ" वाटनै अंग्रेजी शव्द "**Love**" (लोभ, लभ) वनेको हो। हामी नेपालीले "चरित्र" भन्छौं। तर मारवाडीले भने चरित्तर भन्छ। अनि '**Ch**" लाई "च" भनी उच्चारण गर्दा **Character**" भनेको नै चरेक्टर, चरित्तर हो। दुवै शव्दको अर्थ पनि यही हो। त्यस्तै गरी हामी नेपालीले 'केन्द्र' भन्छौं। तर भारतबाट आएर वसोवास गरेको मारवाडीले भने 'केन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् । अनि "C" लाई "क" भनी उच्चारण ग-यो भने त "Centre" लाई "केन्टर" भनी उच्चारण गर्छ होला । किन हो कुन्नि अंग्रेजीमा मनपरी "C" लाई कहीं "क" र कहीं "स" भनी उच्चारण गर्ने भएकोले **Centre** लाई "केन्टर" भन्नुको सट्टा "सेन्टर" भन्यो । अनि त फरक परिहाल्यो नि । तर केन्द्रवाट नै **"Centre"** "सेन्टर शब्द वनेको हो भन्ने कुरा हामीले विर्सन हुदैन । मारवाडीले त "विरेन्द्र" लाई पनि "विरेन्दर र "महेन्द्र" लाई पनि "महेन्दर" भनी उच्चारण गर्छन । क्या फसाद !

अंग्रेजीमा **"Pentagon"** (पेन्टागोन) भन्ने शब्द संस्कृतको "पञ्चकोण" शब्दवाट वनेको हो । अनि संस्कृतको "त्रिकोण" वाट नै अंग्रेजीको **"Trigon"** (त्रिगोण) शब्द मात्र होईन किन्तु **Trigonometry** विषयनै "त्रीकोण" वाट वनेको हो । यसै गरी "अष्टकोण" वाट **Octagon** (अक्टागोण) शब्द वनेको पक्का पनि हो । किनभने हामी–हरुनै लेख्दाखेरी "लिषितम" लेख्छौं अनि उच्चारण गर्दा 'लिखितम' भन्छौं । शब्दमा अपभ्रंश हुनुको कारण यही हो । अनि संस्कृतमा "कोण" वाट अंग्रेजीमा **"gon"** (गोण) भयो । तर यस्ता सजिला कुराहरु पनि पश्चिमी समाजका मानिसहरुले वुझ्नु प-यो भने त उनिहरुलाई निक्कै गा-हो पर्छ किनभने हामीलाई संस्कृत शब्दहरु जन्मै देखि वोल्दै आएको शब्द भएकोंले सजिलो पर्नु स्वाभाविकै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमी समाज पछि सभ्य भएको भएता पनि बुद्धिमानी जर्मनहरुले संस्कृत भाषालाई साँच्चिकै प्राचीन हिन्दू ज्ञान र विज्ञानको भण्डार बुझेर नै जर्मनीमा संस्कृत भाषाका विश्व प्रसिद्ध वाचनालयहरु जन्माए। यसैवाट जर्मनहरूले आजको विज्ञानको थालनी गरे। यता आएर जव अंग्रेजहरुले नेपाल वाहेक सम्पूर्ण भारतोय उपमहादेशका साना ठूला देशहरुलाई आफ्नो अधिनमा ल्याए। अनि त्यहाँका सम्पूर्ण हिन्दू जगतको ज्ञान विज्ञानको जगलाई नै नष्ट गर्नको लागि 'तक्षशिला' र "नालन्दा" जस्ता विश्व प्रशिद्ध प्राचीन हिन्दू ज्ञान विज्ञानका वाचनालयहरुलाई ६,६ महीना लगाएर जलाए। त्यपछि सबैलाई दासको रुपमा अंग्रेजहरुले प्रयोग गरे। स्मरण रहोस् भारतीय उपमहादेशमा वेलायतले भन्दा पहिले जर्मनहरूले हमला गरी संस्कृतका ग्रन्थ, इतिहास, पुराणहरू जर्मनमा पु-याएका थिए।[1]

अंग्रेजी महीनाको "सेप्टेम्वर" शब्द संस्कृत शब्द "सप्तमवार" वाट आएको हो। त्यस्तै गरी "अष्टवार" बाट अक्टोवर (**October**) "नवमवार" बाट नोभेम्बर (**November**) र "दशमवार" वाट डिसेम्वर **December** शब्दहरु वने।[2] प्रश्न उठ्ला – उसोभए "सप्तमवार" भनेको सातवाँ महीना हुनु पर्ने तर सेप्टेम्वर (**September**)

1 तारिणी प्रसाद सिंह (छापेको साल?) भारत वर्षको सिस्टेमेटिक ईसिहास (नेपाली संस्करण) - भाग १, २, ३

2 Josheph T. Shiplcy (year) Dictionary of Word Origins. Page 234

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महीना किन नवौं महीना भयो त ? यही त छ बुझ्नु पर्ने कुरा। रोमन क्यालेन्डर (काल इन्द्रीय ऋषिको नामवाट क्योलेन्डर शब्द वनेको कुरा नविर्सौ) अनुसार पहिलो महीना मार्चवाट शुरु हुन्छ र जम्मा दश महीनाको मात्र हुन्थ्यो। किनभने जसरी हामी हिन्दूहरुले कुनै पनि पूजा आजा, शुभ कार्य गर्दा सवभन्दा पहिले गणेशको पूजा गर्छौं– "मंगलं विष्णु भगवान, मंगलम् — — —"। त्यसै गरी ग्रिक रोमन-हरुले यही कुरा सिके र शुरुको महीनाको नामनै गणेशको पुजा "शुभ महिना" को रुपमा शुरू गरे। "मार्च" भनेको गणेश, 'मंगल' हो (**God of Mars.** मंगल ग्रह)।[1] अनि गनुर्स् त सप्टेम्वर महीना साँतवाँ भयो कि भएन ? र डिसेम्वर महीना दशवाँ महीना भयो कि भएन?[1] पोप ग्रेगरी तेह्रवाँ (**Pope Gregori XIII**) ले सन् १५८२ मा मात्र आधुनिक क्यालेन्डर वनाएको हो र वेलायतले पनि सन् १७५३ सम्म पनि यो नयाँ १२ महीनाको क्यालेन्डरलाई मान्यता दिएको थिएन।[1]

दाँतलाई सस्कृतभाषामा "दन्त" भनेन्छ। अनि ग्रिकहरूले यो शब्द लैजाँदा त्यतिकै शुद्ध रूपमा लग्यो र ग्रिक भाषामा पनि दाँतलाई "दन्त" (**Dont**) नै भनिन्छ।[2] अनि हामीले पनि अहिले 'दाँत दुःख्यो भने देन्तिस्ट (**Dentist**) कहाँ

1 Joseph T. Shipley (year?) Dictionary of Word Origins. Page 233

2 Norwan Lewis 1976. Word power Made easy. Page 74

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाऊ' भन्छौं । ल्याटिन भाषामा पुग्दा **Dont** बाट **Dent** (देन्त) भएछ । अब यही 'देन्त' शब्दबाट कति अंग्रेजी शब्दहरू बने होला तपाईहरू आफै कल्पना गर्नुहोस् । अहिले विज्ञान क्याम्पसहरूको प्रयोगशालामा गयौं भने 'त्रिपद' (**Tripod Stand**) जताततै राखेको पाउछौं । त्रिपद भनेको के हो ? 'त्रि' भनेको संस्कृत शब्द 'तृ' - 'तीन' हो अनि 'पद' भनेको 'खुट्टा' हो । अनि त 'त्रिपद' भनेको 'तीनखुट्टी' हो । साह्रै सजिलो । सबै संस्कृतबाट नै बनेको हो । तर यही कुरा हामीले पश्चिमी समाजलाई सम्झाउनु पर्‍यो भने धेरै गाह्रो हुन्छ । कारण उनीहरूलाई साधारण- तया संस्कृत भाषा भनेको थाहा छैन । हामी साधारण नेपालीले जति संस्कृत बुझ्नलाई त उही हामीले अंग्रेजी भाषा पढेको जस्तै वर्षौं पढ्नुपर्छ । यो पुस्तक सम्पूर्ण यस्तै संस्कृतबाट पल्हाएका अंग्रेजी शब्दहरूको खोजनीति गरी तयार गरेको हो । तर यहीनै सब होइन यो त केवल नमूना मात्र हो । पाठकवर्गहरूले यसलाई हजारौं गुणा बढाउन सक्नु हुन्छ । केवल विचार र कर्म चाहिन्छ । अनि त संस्कृत भाषा साँच्चिकै विश्व भाषा हो भन्ने कुरा बुझ्न खास समय लाग्दैन ।

इण्डोनेशियाको नागरिकहरूलाई हामीले नेपालमा नेपाली "नागरिक" भने जस्तै त्यहाँको मान्छेलाई "धर्तिपुत्र" भनिन्छ । कस्तो राम्रो संस्कृत शब्द । धर्तिपुत्र । त्यहाँको हालको राष्ट्रपतिको नाम हो सुहार्तो । कस्तो राम्रो संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द । किनभने 'सु' भनेको असल, राम्रो । जस्तै सुअवसर, सुगन्ध इत्यादि । 'हार्तो' भनेको संस्कृत शब्द 'हृर्त' (हृदय) वाट भएको शब्द हो । त्यसैले 'सुहार्तो' भनेको "असल हृदय भएको मानिस" (**Kind-hearted man**) हो । यही नै 'हृर्त' शब्दवाट अंग्रेजीमा '**Heart**' शब्द वनेको कुरा नविर्सौं । अनि यो भन्दा पहिलेको राष्ट्रपतिको नाम 'सुकार्नो' थियो । 'सु' को अर्थ वुझ्नु भयो र कार्नो भनेको संस्कृत शब्द 'कर्ण' वाट आएको हो । त्यसैले 'सुकार्नो' भनेको सवैको कुरा राम्रोसंग सुन्ने तर निर्णय भने आफूले गर्ने व्यक्ति हो-राष्ट्रपति । क्या गजव ।

सन् १९८९ को १६ ता. इन्डोनेशियाको राष्ट्रपति सुहार्तोलि फिलिपिन्स स्थित अन्तर्राष्ट्रिय धान अनुसन्धान केन्द्र "**The International Rice Resarnch Institute (IRRI)** को निर्देशक डा. क्लौस जे लाम्पे (**Dr. Klaus J. Lampe**) लाई **IRRI** ले संसारको धान खेतीमा प्रगति गरे वापत इन्डोनेशीयाको प्रसिद्ध पुरस्कार 'विन्ताङ्ग जस उत्तम' (**Bintang Jasa Utama**) प्रदान गर्नु भएको थियो । यसलाई भाषाको दृष्टिकोणले केलाएर हेर्दा अंग्रेजीमा "**Highest Merit Award**" लेखिएको छ भने संस्कृत भाषावाट हेर्दा उही अर्थ हो "जस" भनेको **Merit** र "उत्तम" भनेको '**Highest**' हो ।[1]

वाली टापूमा त समस्त धर्म कर्मनै हिन्दू संस्कृति

1 The IRRI Reporter 4/89 Dec. 1989

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। ईण्डोनेशियामा जाँदा त्यहाँ प्राय: घेरै जसो शब्दहरू संस्कृत शब्दहरू छन् । इण्डोनेशियाको अर्थ अंग्रेजीमा **"The country of the islands in the Indian Ocean."** भन्ने बुझिन्छ भने पहिलेको हिन्दू धर्मको दृष्टिकोणले भन्ने हो भने हिन्दू धर्म मान्ने देश भन्नुमा केही फरक नपर्ला। हामीले पनि अलिकति राम्रो इतिहास पल्टाएर हेर्‍यौं भने छर्लङ्ग हुन्छ। रामायण इतिहासमा राजा दशरथकी धर्मपत्नी-हरु मध्ये एक जना इण्डोनेशियाको सुमात्राबाट ल्याएकोले सुमित्रा नाम राखेको हो। किनभने त्यसबेलाको चलन अनु-सार जुन देशबाट ल्याएको पत्नी हो त्यही देशको नामबाट पत्नी को नाम राख्ने चलन थियो। त्यस्तैगरी महाभारतको इतिहासमा धृतराष्ट्रकी पत्नी गान्धारी 'गान्धार' शब्दको देशबाट ल्याएको थियो। यस सम्बन्धी अरु चर्चा पाँचवां अध्यायको पाँचवाँ भागमा हेर्नुहोस् । त्यसैले आज पनि इण्डोनेशियाको बाली टापूमा सम्पूर्ण हिन्दू धर्म र हिन्दू संस्कृति किन भयो भन्ने कुरा हामी सम्झन सक्छौं। इण्डोनेशियाको भाषामा त संस्कृत साह्रै साधारण कुरा हो । तर पछिबाट यो देशमा विभिन्न पश्चिमी देशहरू र मुसलमानहरूले हमला गरी त्यहाँको पुरानो हिन्दूधर्म नष्ट भएको हो । तर पनि संस्कृत भाषा र सामाजिक रीति रिवाज आज पनि रहेको छ।

सिंगापुर शहरको खास नाम 'सिंहपुर' हो। 'सिंह' भनेको जनावर हो र "पुर" भनेको शहर हो। त्यसैले सिंगापुर शहरको सही अर्थ "सिंहपुर" **(The City of Lion)** अथवा **"The Place of Lion"** हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Thailand देशको पुरानो नाम "श्याम" हो। त्यहाँको राजाको नाम भूमिवल (**Bhumi Bala**) हो। "भूमि" भनेको जमीन, "वल" भनेको "तागत" हो। भनेको अर्थ सवभन्दा ठूलो जमीन्दार (**Land Lord**) हो। भियतनामको पहिले (२५-३०वर्ष पहिले) को नाम "हिन्दचिन" (**Indo-China**) थियो। भनेको अर्थ एकातिर हिन्दूहरु वसोवास गरेको र अर्कोतिर चाइनिजहरु वसोवास गरेको देश हो। उसमाथि पनि हिन्दूहरु धेरै भएकोले नै "हिन्दचिन" भनेको हो। यस्ता उदाहरणहरु लेख्दैगर्‍यौं भने पुस्तकहरु वन्न सक्छन्।

अर्कोतिर रुसी भाषामा र संस्कृत भाषामा यस्तो निकटतम सम्वन्ध छ कि राम्रोसंग वुझ्न खोज्यो भने साह्रै सजिलो पर्छ। तर हाम्रो युवा पिढीलाई यस्तो वुझ्ने आधारभूत शिक्षानै कहाँ दिएको छ र? स्वदेशी शिक्षा सवै गायव। अनि युवापिढीको दिमागनै "विदेशी नोकर" को रुपमा बिकास भैसकेको छ। कस्तो विडम्वना।

संस्कृत भाषामा "कदा" (कहिले ?)लाई रसियन भाषामा "कागदा" भनिन्छ।

संस्कृत भाषा	रूसी भाषा	अर्थ
"कदा"	"कागदा"	कहिले
"तदा"	"ताक्दा"	तव
"अन्यदा"	"इनागदा"	अरुवेला, कहिलेकाँही

इत्यादि इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी जर्मन भाषा केलाएर हेर्यौं भने संस्कृत भाषासंग यस्तै निकटतम सम्वन्ध देखिन्छ। यी सबै कुराहरू यस पुस्तकको विभिन्न अध्यायहरूमा विषय वस्तु मिलाएर विस्तृत रूपमा छलफल गरिएको छ।

यस परिचयात्मक अध्यायमा म पाठकवर्ग र अनुसन्धान कर्ताहरूलाई यतिनै निवेदन गर्न चाहान्छु कि संस्कृत भाषालाई हामीले मामूली भाषामात्रै नसम्झौं। संस्कृत भाषा ज्ञानको मात्रै भण्डार होइन। यो भाषा विज्ञानको पनि भण्डार हो। अनि चरित्र निर्माण र नैतिकताको मूल जरा हो। मानिसले यदि आफ्नो एउटा पेटको लागि मात्र वाँच्छ भने त पशु र मानिसमा केही फरक पर्दैन। त्यसैले प्रत्येक नेपालीले नेपालको लागि, नेपाली समाजको लागि र विश्वकै लागि पनि आत्मा साक्षी राखी केही सामाजिक कार्य गरौं जसले गर्दा प्रत्येक नेपालीले आफ्नो शीर ठाडो पारेर हिड्न पाउन्। आजको परिस्थिति वडो नाजुक अवस्थामा छ। नेपालीले कुनीतिको शिक्षा पाउँदै आएकोले शीर ठाडो पारी हिड्नुको सट्टा शीर निहुराएर हिड्नु परिरहेछ। कुकर्मको फल यस्तै हुन्छ। हम्रा पुर्खाहरु महर्षि वाल्मिकि र वेद व्यास जस्ता असंख्य ऋषि मुनिहरु रिसर्चरहरु) को कमाइ संस्कृत भाषावाट आजको अंग्रेजी भाषा कसरी तयार भयो गौरवका साथ अव एक एक गरी विभिन्न अध्यायहरुमा केलाउदै जाऊँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो
संस्कृत र अंग्रेजी भाषाको खोजीमा

दोस्रो अध्याय

संस्कृत भाषाको महत्व

जम्बु द्विपको दक्षिण तथा दक्षिण पूर्वी क्षेत्रहरूका प्रायः समस्त देशहरुमा संस्कृत भाषाको यति गहिरो छाप परेको छ कि यो क्षेत्रमा संस्कृत भाषा नै अन्तर्राष्ट्रिय भाषा सिद्ध भएको छ । यस्तै गरी पश्चिमी देशहरुमा पनि संस्कृत भाषाको त्यति नै गहिरो छाप परेको कुरा सिद्ध गर्नु छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो
संस्कृत र अंग्रेजी भाषाको खोजीमा
दोस्रो अध्याय
संस्कृत भाषाकोमहत्व

संस्कृत भाषाको महत्व मैले यहाँ आफ्नो तर्फबाट प्रकाश पार्नु सायद त्यति उचित हुंदैन होला । किनभने न त ममा संस्कृत भाषाको विषयमा गहिरो अध्ययन छ न त संस्कृत भाषामा कुनै मेरो अनुभव नै छ। तर पनि 'संस्कृत र अंग्रेजो भाषाको खोजीमा' लाग्नुको मुख्य कारण नै मैले आफूलाई नेपालीको नाताले साधारण संस्कृत भषाको ज्ञान, नेपाली भाषामा वोलीचालीको अनुभव र अंग्रेजी भाषाको केही ज्ञानको आधारमानै बन्न पुगेको छ । तर सवभन्दा ठूलो कुरा मैले के सोचेको छु भने यो पुस्तकले यस पृथ्वीको २ अरव भन्दा वढी हिन्दू समाजमा हाम्रो पुर्खाहरूका कमाइ-मानवीय सभ्यताको इतिहास (प्राचीन हिन्दू ज्ञान र विज्ञान)- विषय युवा पिंढी र नयाँ पिढीलाई केही वाटो देखाउने ठोस विचारको क, ख, ग मात्र हो ।

अव आउनुहोस् संस्कृत भाषालाई संसारको ख्याति प्राप्त भाषाविद्‌हरूले के कति महत्व दिएका छन् ? दुई चारवटा मात्र केलाएर हेरौं । अंग्रेजी शब्दहरूको उत्पति संसारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri

कुंन
मह
का
महत

nac
gua
orc

विभि
ग्रोल्ने
ग्रा भ

प्रा०
ा स
kri

ov
re
Lat
gua

ाग

1 J
g

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन भाषाबाट कसरी भयो भनो हरेक शब्दहरु केलाउँदै अति महत्वपूर्ण पुस्तक "**Dictionary of Word Origins**" का लेखक **Joseph T. Shipley** ले संस्कृत भाषाको महत्व बारे यसरी टिप्पणी गर्नु भएको छ ।[1]

"In contrast to the mainly spoken vernaculars, Sanskrit the earliest written language of our speech group, seemed well ordered, refined"

भन्नुको तात्पर्य "मुख्य मुख्य बोली चालीमा आउने विभिन्न भाषाहरूको उल्टा संस्कृत भाषा जुनकि हाम्रो शुद्ध बोल्ने भाषाहरू मध्ये सबभन्दा पहिलो लेखिएको भाषा हो, या भाषा सान्है क्रमबद्ध र विशुद्ध छ" ।

बेलायतको एडिनवर्ग विश्वविद्यालयका प्रशिद्ध भाषाविद् प्रा० जोन लेयन्स (**Porf. John Lyons**) ले सन् १९७९ मा संस्कृत भाषाको आविस्कार (**Discovery of Sanskrit**) संबन्धमा यसरी वर्णन गर्नु भएको छ ।

"At the end of 18th Century it was discovered that Sanskrit the ancient and sacred language of India was related to Latin, Greek and to other Europain languages"

भन्नुको अर्थ– अठारौं शताब्दीको अन्ततिर यो पत्ता लाग्यो कि भारतको प्राचीन तथा पवित्र भाषा संस्कृत, ल्या-

---

1 Joseph T. Shipley (year ...?) Dictionary of Word Origins. Page 310 (यो पुस्तक लेखकसंग उपलब्ध छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टिन, ग्रीक र अरू युरोपीयन भाषाहरूसंग सम्वन्धित थियो। ह्रामी हिन्दू परिवारले यो विर्सनु हुंदैन कि आजभन्दा सातौं हजार वर्ष पुरानो प्राचीन हिन्दू ज्ञान र विज्ञानले भरिपूर्ण मानवीय सभ्यताको इतिहासहरू मात्र नभई त्यो भन्दा पनि अति पुरानो संसारको सवभन्दा पुरानो मानवीय इतिहासको ग्रन्थहरू–वेद, उपनिषद, पुराण लगायत सम्पूर्ण इतिहासहरु पनि यही संस्कृत भाषामा नै लेखिएका थिए । हिन्दु राजा शुद्धोधनका सुपुत्र गौतम वुद्ध– जम्वुद्विपको दीप (**Light of Asia**) को सम्पूर्ण इतिहास पनि यही संस्कृत भाषामा नै लेखिएको छ ।

पश्चिमी समाजको भाषाविद्हरूको भनाइलाई अझ अलि गहिरिएर हेरौं । आज भन्दा २०५ वर्ष पहिले वेलायत· का अर्का प्रशिद्ध भाषाविद् [**British Orientalist**] श्री विलियम जोन्स [**Sir William Jones**] ले इ· सं·१७८६ मा यस्तो सम्वोधन गर्नु भएको थियो ।[1]

"The Sanskrit language bore to Greek aud Latin"

अर्थात संस्कृत भाषाले ग्रीक र ल्याटिन (रोमन) भाषाहरूलाई जन्मायो । त्यसै गरी उहाँले संस्कृत भाषालाई यसरी पनि प्रशंसा गर्नु भएको छ ।

---

1 John Lyons 1979: An Introdutcion to Theoritica Linguistics को पेज नं. 21–38

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"The Sanskrit language whatever be its antiquities, is of a wonderful structure, more perfect than the Greek, more copious than the Latin and more exquisitely refined than either."

यसको अर्थ हो – संस्कृत भाषाको प्राचीनता जे भएता पनि यसको संरचना ग्रीक भाषाको भन्दा पूर्ण छ, ल्याटिन भाषा भन्दा शब्द प्रकार धेरै छ र ग्रीक र ल्याटीन भन्दा वढी पूर्ण, सुन्दर साथै स्वच्छ छ ।[1]

यसै सिलसिलामा रामराज पन्तले सोही पेज नम्बरमा पश्चिमी लेखक र आधुनिक भाषा विज्ञानका जन्मदाता श्री व्लुभ फिल्डले आफ्नो "भाषा" [**'Language'**] नामक पुस्तकमा संस्कृत सम्वन्धी प्रशंसालाई यसरी उद्धृत गर्नुभएको छ ।

"This Grammar (Panini Ashtadhyayi) which dates from somewhere around 250 to 350 B. C. is one of the greatest monuments of human intelligence .... .No other language to this day has been so perfectly described.

यसको अर्थ– "इ. पू. २५० देखि ३५० सम्मको पाणिनीको 'अष्टाध्यायी' मनुष्यको प्रतिभाको सवभन्दा महान

1 रामराज पन्त वि.सं. २०३६ 'नेपाली भाषा विज्ञान' पेज नं. ६० वाट उद्धृत । तर उक्त पुस्तकमा कुनैपनि सहायक ग्रन्थ सूचि (Reference) दिइएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मारक हो . . . . । अरु भाषाको वर्णन आजसम्म त्यति पूर्ण रूपले गरिएको छैन ।"[1] यस्तै गरी अमेरिकाका हार्वर्ड विश्वविद्यालयका श्री जे० वि० क्यारोलले यसरी वर्णन गर्नु भएको छ ।

"Western scholars were for the first time exposed to the descriptive methods of the Hindu grammarian Panini, influenced either directly or indirectly. Panini began to produce descriptive and historical studies........"

"पश्चिमी विद्वानहरू पहिले हिन्दू व्याकरण पाणिनीको वर्णनात्मक शैलिसित परिचित भए । पछि पाणिनीवाट प्रत्यक्ष वा अप्रत्यक्ष भएको भाषाको वर्णनात्मक र ऐतिहासिक ज्ञान अध्ययन सिर्जना गरे . . . .।"[1] संस्कृत भाषाका ग्रन्थहरूको ठूलो आदर र कदर गर्ने अर्को पश्चिमी भाषाविद् फ्रेडरिक मैक्समुलर (सन् १८२३–१९००) हुन् जसले पचास भन्दा वढी संस्कृतका पुस्तकहरुलाई अंग्रेजी भाषामा उल्था गरेका थिए ।[1]

Vidyavisaradd K. Shrinivasachari (1981) ले आपनो पुस्तकको प्राक्कथनमा यसरी लेख्नु भएको छ- 'The Vedas, the universally accepted first scri-

1 रामराज पन्त वि.सं. २०३६ 'नेपाली भाषा विज्ञान' पेज नं. ६१ बाट उद्धृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

pture of humanity, were written in this language (Sanskrit). Panini, the Great Grammarian endowed this Sanskrit language with his famous grammar in the 7th Ceutury B. C.[1]

श्री पुरुषोत्तम खतिवडा (वि. सं. २०४७) ले आफ्नो लेख "जेठो भाषा: संस्कृत, भाषा" मा यसरी व्यक्त गर्नु भएको छ ।

"भाषाविद्हरुले पनि संस्कृत भाषालाई नैं श्रेष्ठ स्वीकार्नु भएको छ। पूर्व, पश्चिम, उत्तर, दक्षिणका जुनसुकै भाषा–नेपाली भाषा लगायत बंगाली, मराठी, गुजराती, हिन्दी आदि भारतीय भाषाहरूको उत्पत्ति र ग्रीक, ल्याटिन, जर्मन, अंग्रेजी आदि समस्त युरोपीय भाषाहरुका जननी पनि संस्कृत भाषा नै प्रमाणित भएको छ ।[2]

यसै सिलसिलामा उहाँ लेख्नु हुन्छ–

"यो भाषाको परिज्ञान अन्तर नै पाश्चात्य तुलनात्मक शब्द व्युत्पत्ति शास्त्र (**Comparative Philology**) र पुराण शास्त्र (**Comparative Mythology**) को आविष्कार भएको छ। त्यसकारण नयाँ दुवै शास्त्रहरूले पनि संस्कृत भाषा नै सम्पूर्ण भाषाको जननी हुन् भनेर

---

1 Vidyavisaradd K. Shrinivasachari (1989) "Learn Sankrit in 30 days"

2 पुरुषोत्तम खतिवडा बि.सं. २०४७ 'सन्मार्ग' १(३) पेज नं ३६-३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठोकुवा गरेका छन् ।"[1]

आचार्य पूर्णचन्द्र ढुंगेलले संस्कृत भाषालाई निम्न संज्ञा दिनुभएको छ। "सृष्टिकालीक आदिमानवको संस्कृति आर्य–संस्कृति हो र भाषा संस्कृत हो। जसरी पछि मानव समाज उतरोत्तर बढ्दै गयो त्यसरी नै आर्य संस्कृति र संस्कृत भाषा पनि उनिहरुदेखि टाढा हुंदै गए। असम्पर्कले नै उनिहरुलाई टाढा गराएको हो, कुनै अविश्वासले होइन। विश्वका समस्त संस्कृतिहरू र समस्त भाषाहरू आर्य संस्कृति र संस्कृत भाषावाट नै उत्पन्न भएता पनि पछि गएर ती समस्त संस्कृति र भाषाहरुको आर्य संस्कृति एवं संस्कृत भाषासंगको सम्वन्ध टूट्न गयो....।"[2]

खेमराज ज्ञवालीज्यूले आफ्नो लेख "संस्कृतमा विज्ञान" मा संस्कृत भाषाको महत्ववारे चर्चा गर्दै लेख्नु भएको छ -[3]

"संसारमा सवभन्दा प्राचीन भाषा संस्कृत भाषा हो र विज्ञानले परिपूर्ण भएको भाषा पनि संस्कृत नै भन्नुमा

---

1 पुरूषोत्तम खतिवडा बि. सं. २०४७ 'सन्मार्ग' १(३) पेज नं० ३६-३९

2 आचार्य पूर्णचन्द्र ढुंगेल वि.सं. २०२६ शिक्षा, समीक्षा संस्कृतको अनुत्थानका कारण र उन्नतिका उपायहरू। "विश्वात्मा दर्शन" (मासिक) वैशाख ३(५) ३३-४०

3 खेमराज ज्ञवाली वि.सं. २०२९ संस्कृतमा विज्ञान "विश्वात्मा दर्शन" (मासिक) १(१०) ३०-३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई मत छैन ।"

उहाँले यो पनि लेख्नु भएको छ ।[1]

"यस्तो यथार्थ ज्ञान दिने भएकोले संस्कृत नै विज्ञान वा संस्कृतमा विज्ञान भनेर लेखकले सिद्ध गरेको छ। यसलाई असत्य र अयथार्थ भन्नु त आफूलाई म छैन भन्नु हो र साथै आफ्नो पूर्खा नै छैन भन्नु हो र साथै आफ्नो पूर्खा छैन भन्ने मानिस त संसारमा एक पागल मात्र होला ··· ।"

यसै सिलसिलामा लेखकज्यू दर्शाउनु हुन्छ -[1]

"वेद वैदिक संस्कृत हो र संस्कृतमा मन्त्र विज्ञान, यन्त्र विज्ञान, अस्त्र शस्त्र विज्ञान, विमान सञ्चालन विज्ञान, कर्म विज्ञान, औषधि विज्ञान, तारा विज्ञान, ग्रह विज्ञान आदि असंख्य विज्ञान प्राप्त छन्। परन्तु साधक र विश्वास चाहिएको छ।"

वेदमा के छ भन्ने कुरा त, डा० स्वामी प्रपन्नाचार्यले आफ्नो पुस्तक "प्राचीन हिन्दू विज्ञान" मा एक थरी मात्र होइन कमसेकम नौथरी वैदिक कालका विमानहरू (तीन तल्ले विमान, विजुलीले चल्ने विमान, सात पहियाको विमान, सूर्य शक्तिले चल्ने विमान इत्यादि) को नाम मात्र होइन चर्चा, परिचर्चा समेत गर्नुभएको छ ।[2]

---

1 खेमराज ज्ञवाली वि. सं. २०३६, संस्कृतमा विज्ञान "विश्वात्म दर्शन" (मासिक) १(१०) ३०-६६

2 डा० स्वामी प्रपन्नचार्य (वि सं. २०३६ "प्राचीन हिन्दू विज्ञान-वेदमा के छ?" को उत्तर भाग–मुद्रक कमलनाथ सोर्य जय भारत प्रिण्टिङ्ग प्रेस, सरजकुण्ठ, वाराणासी–२२१००१ पेज नं. १४-५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठकवर्ग र अनुसन्धानकर्ताहरूले यो पुस्तक अवश्य हेर्नुहोला। अनि यस्ता विमानहरू वनाउने काम, त्यसवेलाको यस्तै अन्य विज्ञानका काममा कस्ता किसिमका हिसाव किताव (**Mathematics**) आदि प्रयोग गरिन्थे भन्ने कुरा डा. सिताराम अग्रवालले लेख्नु भएको "**THE VEDIC NUMERICAL CODE**" अथर्ववेदका गणित सूत्रहरू (**Gunita sutras**) अवश्य पढ्नु होला।[1]

खेमराज ज्ञवालीज्यूको अरु पनि एक दुई वाक्यहरू उतारेर राखौं ताकि पाठकवर्गलाई अरु व्याख्या मिलोस्। उहाँ लेख्नु हुन्छ -[2]

"... र, संस्कृत भाषाद्वारा अन्य सम्पूर्ण भाषाहरुको संस्कार गरेर सवै भाषाहरुको संशोधन र शव्द भण्डारको सृजना गरिन्छ। एवं क्रमले विविध शव्दराशीको प्रयोग गर्दै सर्वव्यवहारको कार्यक्रम सञ्चालित भैरहेको छ। उक्त भाषाहरुको र सवै व्यवहार ज्ञानको मूल गुरु संस्कृत र वेद हो भन्नुमा कुनै अत्युक्ति र विवाद नहोला।"

र भन्नुहुन्छ-

"यसरी अनुसन्धान गर्न सके मा संस्कृतमा जति विज्ञान

---

1 Dr. Seeta Ram Agrawal B. S. 2046. The Vedic Numerical Code – 'ध्येय चिन्तन' २०४६ मातृ भूमि सेवक संघ। पेज नं, ३३-४०

2 खेमराज ज्ञवाली बि. सं. २०३९ संस्कृतमा विज्ञान "'विश्वात्मा दर्शन" (मासिक) पेज नं. ३०-३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य भाषामा धेरै कम पाइएला। यदि अरु भाषामा छ भने पनि संस्कृतको नै देन हो भन्ने कुरा पनि जर्मन विद्वान- [illegible] छन्"

उहाँले अंग्रेज कवि मिल्टन महोदयले भन्नु भएका शब्द-हरुलाई यसरी लेख्नु भएको छ।[1]

"त्यो व्यक्ति मूर्ख हो, जसले दर्शन र संस्कृतलाई कठोर र गहन छ भन्छ"

शेक्सपियरको भनाइलाई पनि लेखकले यसरी उद्धृत गर्नुभएको छ।[1]

"दर्शन र संस्कृत विद्या विश्व शान्तिको मूलमन्त्र हो" लेखकले विशेष जोड दिई लेख्नुभएको छ।[1]

"यस परिस्थितिमा संस्कृत भाषाको तिरस्कार र उपेक्षा हुनु हामी नेपाली र हिन्दू मात्रको लागि दुर्भाग्य हो। अब म अन्त्यमा भन्छु कि संस्कृतमा सबै विद्या र सबै किसिमका विज्ञान परिपूर्ण छन्"।

सारांशमा भन्ने हो भने संस्कृत भाषाको महत्व जति चर्चा गरे पनि सकिदैन। तपाई हामीले संस्कृत भाषालाई बिर्सनुको अर्थ नै आफूले आफूलाई नै बिर्सनु बराबर हो। यसको अर्थ समाज र देशको लागि संस्कृति र संस्कृत बिना बाँच्नु परतन्त्रमा बाँच्नु बराबर हो। यो कुरा हामी नबिर्सौं।

---

1 खेमराज ज्ञवाली बि. सं. २०३९ संस्कृतमा विज्ञान "विश्वात्म-दर्शन" (मासिक) पेज नं. ३०-३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

तेस्रो अध्याय

संसारको भाषा परिवार सम्बन्धी ज्ञान

संसारमा कम से कम ९ समूहका भाषा परिवारहरू छन्। ती परिवारहरु मध्ये आर्य अथवा भारोपेली (हिन्दू यूरोपियन) भाषा, समूह प्रमूख भाषा परिवार मानिएको छ। यसको दृष्टान्त हामीले संस्कृत र अंग्रेजी भाषाको सम्बन्धबाट नै थाहा पाउँछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

तेश्रो अध्याय

संसारको भाषा परिवार सम्बन्धी ज्ञान

(Knowledge on world Language Families)

कुनै पनि भाषाको तुलनात्मक अध्ययन गर्न खोज्दा स्वभावैले संसारभरिका विभिन्न भाषाहरुका पारिवारिक सम्बन्ध कस्तो रहेछ, कसरी हुन गयो भन्ने जानकारी लिन अनिवार्य देखिन आउँछ। आफूलाई यस विषय ज्ञान बिलकुलै नभए पनि खोजनीति गर्दा देखिन आएको भाषाहरुका पारिवारिक सम्बन्ध सम्बन्धी केही खास विषय उल्लेख गर्न खोजेको छु। यो केवल नमूनाको रूपमा मात्र हो, विस्तृत जानकारीको लागि भाषा सम्बन्धी कुनै पनि पुस्तक अध्ययन गर्न सकिन्छ।

आयलेक्स रनसिंघे (**Alex Ranasinghe,** सन् १९८३) का अनुसार ९ वटा समूह (परिवार)मा संसारका भाषाहरू बाँडिएका छन्। ती हुन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. आर्य अथवा भारोपेली (हिन्दू यूरोपियन) भाषा समूह (Aryan or Indo-European Language Group)

यस परिवार अन्तर्गत भारतीय उपमहाद्विपका विभिन्न स्थानीय भाषाहरू (२० भन्दा बढी), इरानि यन भाषा, स्लाभिक भाषा, इटालियन भाषा, रोमन भाषा, ल्याटिन भाषा, सेल्टिक भाषा र जर्मन भाषा पर्दछन् ।

२. हामितो–सेमेटिक भाषा समूह (The Hamito Semitic Language Group)

यस समूह अन्तर्गत हिब्रु भाषा, फोनिसियन रसियन, अरबियन र इथियोपियन भाषाहरु पर्दछन् ।

३. एशियाटिक रसियन भाषा समूह (Language o Asiatic Russian Group)

यस परिवार अन्तर्गत फिनिस, हँगेरियन र टर्कि भाषाहरू पर्दछन् ।

४. दक्षिणपूर्वी एशियन भाषा समूह (Sautheast Asia Language Group)

यस समूह अन्तर्गत चाइनिज, वर्मेली, थाई तिबेटियन भाषाहरू पर्दछन् ।

५. मलाया–पोलिनेशियन भाषा समूह (The Malay Polynesian Language Group)

६ ड्राविडियन भाषा समूह (Dravidian Family of La

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

guage)

यस समूह अन्तर्गत तामिल, तेलुगु, कन्नाड, र मलायालम भाषाहरू पर्दछन् ।

७. अफ्रिकाको होटेण्टो – बुश्मन र बान्टु भाषा समूह (Hottento-Bushman and Bantu Language Groups of Africa)

८. अमेरिकन हिन्दू भाषा समूह (American – Indian Language Group) र

९. जापानी भाषा समूह (Japanese Language Group)

तर माथि उल्लेखित भाषा समूहलाई संसारका विभिन्न भाषाविद्हरूले सही रूपमा मान्यता नदिएको कुरा पनि उहाँले प्रष्ट पार्नुभएको छ ।

उता जोन लेयन्स (**John Lyons** सन् १९७९) ले आफ्नो पुस्तक **Introduction to Theoritical Linguistics** को पहिलो अध्याय **Linguistics** (भाषाको अध्ययन, पेज २१ देखि ५२ सम्म) मा भाषाहरु-को पारिवारिक सम्वन्धमा यसरी उल्लेख गर्नुभएको छ । **"Most of the languages of Europe and many languages of Asia belong to what is called the Indo - Europian family"** यसको अर्थ "आर्य भाषा (मूलतः संस्कृत) जुन कि जोन लेयन्सले भारोपेली (हिन्दू यूरोपियन) भन्नुभएको छ, एशियाको मात्र होइन यूरोपका प्रायः सबै जसो भाषाहरूको पनि हो"– भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रष्ट पार्नु भएको छ ।

उहाँले संसारका मुख्य-मुख्य भाषा परिवारहरूलाई निम्न बमोजिम ७ विभिन्न परिवारहरूमा विभाजन गर्नुभएको छ ।

१. हिन्दू – यूरोपियन भाषा परिवार (**Indo-European Language Family**)

यस अन्तर्गत अरु विभिन्न उपपरिवारहरु निम्न प्रकारका छन् ।

क] जर्मनिक उपसमूह– जर्मन, अंग्रेजी, डच, स्वेडिस इत्यादि ।

ख] स्लाभोनिक उपसमूह– रसियन, पोलिस, चेक भाषा इत्यादि ।

ग] रोमन्स उपसमूह– ल्याटिन भाषावाट वनेका विभिन्न भाषाहरू । जस्तै:– फ्रेन्च, इटली भाषा इत्यादि ।

घ] ग्रीक उपसमूह ।

ङ[हिन्दू-इरानियन उपसमूह– संस्कृत र यसवाट वनेका भाषाहरू, पर्सियन भाषाहरु इत्यादि ।

च] सेल्टिक् उपसमूह– गेलिक (आइरिस र स्कटिश भाषाहरू, वेल्स, वेटन आदि)

"यसमा अरु पनि वरै छन्"– उहाँ उल्लेख गर्नु हुन्छ ।

२. सेमेटिक भाषा परिवार (**Semitic Language Family**)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अन्तर्गत हेब्रु (**Hebrew**), अरेविक (**Arabic**) आदि भाषाहरू पर्दछन् ।

३. फिनो– युग्रियन भाषा परिवार (**Finno- Ugrian Language Family**)

यस परिवार अन्तर्गत फिनिस, हंगेरियन आदि भाषाहरू पर्दछन् ।

४. वान्टु भाषा परिवार (**Banto Language Family**)

यस परिवारमा स्वाहिली (**Swahily**), किकुयु (**Kikuyu**), जुलु (**Julu**) आदि पर्दछन् ।

५. अल्टाइक भाषा परिवार (**Altaic Language Family**)

यसमा टर्किस आदि भाषाहरू पर्दछन् ।

६. सिनो–तिवेटियन भाषा परिवार (**Sino - Tibetian Language Family**)

यसमा चीनीया, तिवेटियन आदि भाषाहरू पर्दछन् ।

७. अलगोनक्वियन भाषा परिवार (**Algonquian Language Family**]

यसमा अमेरिकामा वस्ने पुरानो जाति आदिवासी हिन्दू जाति [**American Indians**] ले वोल्ने भाषाहरू पर्दछन् ।

नेपालका ख्यातिप्राप्त भाषाविद् रामराज पन्तले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसारका मूल भाषा परिवारहरूलाई यसरी विभाजन गर्नु भएको छ ।[1]

१. नेप–भारोपीय परिवार
२. सेमेटिक परिवार
३. हेमेटिक परिवार
४. युराल–अल्टाइक परिवार
५. चीनी वा एकाक्षरी परिवार
६. ड्राविड परिवार
७. मलय–पोलिनिसियन परिवार
८. बान्टु परिवार
९. बुश्मेन परिवार
१०. सुडानी परिवार
११. अष्ट्रेलियन–पापुअन परिवार
१२. रेड इण्डियन परिवार
१३. ककिसियन परिवार
१४. जापानी परिवार
१५. कोरियाली परिवार

उहाँको भनाइ अनुसार संसारभरका भाषा र बोली-हरूका जम्मा संख्या २७९६ छ भन्ने मत पनि छ । विस्तृत जानकारीको लागि "नेपाली भाषा विज्ञान" पुस्तकको पेज नं. ४५–५५ सम्म हेर्नुहोला ।[1]

1 रामराज पन्त वि. सं. २०३६ "नेपाली भाषा विज्ञान" नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं । पेज नं. ४५-५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तकमा विशेष गरी संस्कृत र अंग्रेजी भाषाको सम्वन्धमा खोजनीति गर्ने काम भएको छ। तर उदाहरणको लागि ठाउँ ठाउँमा संस्कृत, ग्रीक, ल्याटिन र अंग्रेजी भाषाका शब्दहरुका तुलनात्मक अध्ययन पनि भएको छ भने संस्कृत र रसियन भाषाको तुलना नमूनाको रूपमा समावेश गरिएको छ।

अर्कोतिर रामराज पन्तज्यूले यस पृथ्वीलाई नै विभिन्न भाषा खण्डमा विभाजन गर्नुभएको छ।[1] तदानुसार पृथ्वी-लाई ४ खण्डमा विभाजन गरिएको छ।

१) अफ्रिका खण्ड
२) यूरेशिया खण्ड
३) प्रशान्त महासागर खण्ड र
४) अमेरिका खण्ड

अफ्रिका खण्डमा पाँच प्रधान भाषा परिवारहरू छन्। ती हुन्

क) वुश्मेन भाषा परिवार
ख) वान्टू भाषा परिवार
ग) सुडान भाषा परिवार
घ) हेमेटिक भाषा परिवार
ङ) सेमेटिक भाषा परिवार

यूरेशिया खण्डमा जम्मा आठ प्रधान भाषा परिवारहरू छन्। ती हुन्–

1 रामराज पन्त २०३६, "नेपाली भाषा विज्ञान" पेज नं ४९-५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क] सेमेटिक भाषा परिवार
ख] ककेशस ,, ,,
ग] यूराल अल्टाइक ,, ,,
घ] एकाक्षर ,, ,,
ङ] ड्राविड ,, ,,
च] आग्नेय ,, ,,
छ] अनिश्चित ,, ,, (एत्रुस्कन, सुमेरो, कोरियाई, वास्क इत्यादि)
ज] नेप–भारोपोय ,, ,, (नेपालको उत्तर, मध्य र दक्षिण क्षेत्रका सबै बोलीचालीका भाषाहरू सहित)

प्रशान्त महासागर खण्डमा जम्मा पाँच प्रधान भाषाहरू छन्। ती हुन्

क) इण्डोनेशिया भाषा परिवार
ख) मलेनेशिया ,, ,,
ग) पोलेनेशिया ,, ,,
घ) पाप्रआ ,, ,,
ङ) अष्ट्रेलिया ,, ,,

अमेरिका खण्डमा जम्मा तीन भाषा परिवार छन्। ती हुन् –

क) उत्तरी अमेरिका भाषा परिवार
ख) मध्य ,, ,, ,,
ग) दक्षिण ,, ,, ,,

माथि उल्लेखित भाषा परिवारहरूको विस्तृत जान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारीको लागि "नेपाली भाषा विज्ञान"को पृष्ठ नं. ४६ देखि ५३ सम्म हेर्नुहोला ।

सारांशमा यस अध्यायमा उल्लेखित विभिन्न भाषा समूहहरू जतिसुकै भए तापनि प्रायः सबैजसो मुख्य-मुख्य भाषाहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संस्कृत भाषाको गहिरो प्रभाव परेको छ। यसैले संस्कृत भाषालाई विश्व भाषा मानिएको हो । यदि कसैलाई "अरु भाषा-बाट शब्दहरू संस्कृत भाषामा आएको पनि त हुन सक्छ" भन्ने शंका लाग्छ भने संसारको सबभन्दा जेठो मानवीय सभ्यता हिन्दू सभ्यता (सिन्धु घाँटीको सभ्यता) भन्ने कुरा बिर्सनु हुंदैन । अनि संसारको सबभन्दा जेठो भाषा पनि संस्कृत भाषा हो भन्ने कुरा बिर्सनु हुंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

चौथो अध्याय

शब्दको अपभ्रंश

शब्दको सृष्टि एउटै समाजबाट भएको भए तापनि अरु समाजमा जाँदा समाजको फरक र बोली, उच्चारण आदिमा फरक पर्नाले शब्दहरुमा अपभ्रंश हुन्छ। यो एक निरन्तर चल्ने प्रक्रिया हो। यसैबाट भाषा र शब्दमा आवश्यक परिवर्तन हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

चौथो अध्याय

शब्दको अपभ्रंश

संस्कृत र अंग्रेजी भाषामा गहीरो सम्वन्ध रही आएको कुरा यो भन्द। पहिलेका अध्यायहरुमा मैले केही उदाहरण सहित प्रस्तुत गरे। यसमा ज्ञान र विज्ञान दुवै क्षेत्रका शब्द-हरू समावेश भएका छन्। यस अध्यायमा केवल यति नै प्रस्तुत गर्न चाहन्छु कि अंग्रेजी भाषामा जति शब्दहरू संस्कृत-बाट आएका छन्, ती शब्दहरुमा फरक आउनाको कारण मुख्यतया अपभ्रंश हुनाले नै हो।

यस अध्यायमा अपभ्रंशका कारणहरू साधारण भाषामा व्यक्त गरिएका छन्। अपभ्रंश भन्नाले कुनै एक भाषाबाट अर्को भाषामा शव्दहरु अपनाउँदा शुरुको रूपमा नभई केही विग्रेको रूपमा जान्छ। त्यसैलाई नै अपभ्रंश भएको भनिन्छ। जस्तै नेपालीमा मधेशलाई 'तराई' भनिन्छ। तर अंग्रेजहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अंग्रेजी वोल्ने देशका मानिसहरू वेलायती, अमेरिकन, क्यानेडियन, अष्ट्रेलियन आदि) ले 'तराई' नभनी 'तेराई' भन्छन्। किनभने तिनीहरुलाई 'तराई' भन्न गाह्रो (अप्ठयारो) पर्दछ र त्यसैले 'तराई'को सट्टा 'तेराई' भन्दछन् र अनि लेख्दा पनि **'TARAI'** को सट्टा **'TERAI'** लेख्दछन्। अनि अंग्रेजहरुको लेखाइ र प्रचार प्रसार पनि त्यतिकै छिटो भएकोले यस्ता लेखिएका कुराहरू संसारभरि तुरुन्तै फैलिन्छन्। यसले गर्दा यही देशको मानिसलाई नै अप्ठ्यारो परिसकेको छ।

जे होस, अपभ्रंश एउटा अटूट कारण हो जसले विदेशी शब्द अपनाउने क्रममा विशेष भूमिका खेल्दछ। अपभ्रंश हुनुमा केही नियम छैन। अथवा कुनै अवस्थामा केही हुन पनि सक्छ। यो अपभ्रंश हुने क्रम पहिले पनि थियो, अहिले पनि छ र पछि पनि भइ नै रहने छ। भाषाको विकासमा यसले विशेष भूमिका खेलेको हुन्छ। फेरि कुनै पनि भाषाबाट कुनै पनि अरु भाषामा शब्दहरुको आदान प्रदान हुने हुंदा कुनै पनि रूपमा शब्दको अपभ्रंश हुन सक्दछ अथवा नहुन पनि सक्दछ। दुई चारवटा उदाहरण तल केलाएर हेरौं।

परापूर्वकालमा (आजभन्दा २२०० वर्षभन्दा पनि पहिले) ग्रीसका अलेक्जाण्डर (**Alexander**)लाई यस प्रदेशमा वस्ने हिन्दूहरू (आर्यहरू)ले 'सिकन्दर' भनी सम्वोधन गर्दथे। यसरी 'अलेक्जाण्डर' शब्दलाई छेऊ न पुच्छर गरी 'सिकन्दर' भनी सम्वोधन गर्नुपर्ने केही कारण देखिदैन। अलेक्जाण्ड़र नै भने भइहाल्थ्यो नि। त्यस्तै गरी त्यसवेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोक्रेटस (**Socrates**) लाई हिन्दू समाजले 'सुकरात' भनी सम्वोधन गर्दथे र अहिले पनि 'सुकरात' नै भन्ने चलन छ। यस्ता अपभ्रंश भएका शब्दहरु पहिलेदेखि नै चल्दै आएका हुन्।

'कलकत्ता' शहरको खास नाम 'कालिघाट' हो र 'कलकत्ता' कालीघाटवाट नै आएको हो। बंगाली हिन्दू समाजले काली (दुर्गा भवानी)लाई अति नै मान्दछन्। त्यसैले कलकत्तामा दशैंमा विद्यालयहरूमा एक महीनाको विदा हुन्छ। अनि दशैंको अन्तिम दिन कालीको मूर्तिलाई नदीमा सेलाउने (वगाउने) गरिन्छ। यसरी कालीको मूर्ति सेलाउने घाटलाई 'कालीघाट' भन्दछन्। तर अंग्रेजहरुले 'कालीघाट' भन्न नसकेकोले कालीघाटलाई 'क्यालीक्याट' (**CALICAT**) भनी उच्चारण गरे। अनि पछि गएर यसको उच्चारणमा पनि परिवर्तन आयो र त्यसपछि 'क्यालकट्टा' (**Calcutta**) भयो। **CAL** लाई 'कल' र 'क्याल' दुवै उच्चारण गर्ने भएकोले यस लाई 'कलकत्ता' पनि भनिन्छ। त्यस्तै गरी भारतको आजको वम्वई) (**BOMBAY**) शहरको प्राचीन नाम 'मुम्वई' शहर थियो। मुम्वई नाम रहनाको मुख्य कारण यो शहरमा भएको 'मुम्वई देवी'को मन्दिरले गर्दा हो। तर अंग्रेजहरुले 'मुम्वई' भनी उच्चारण गर्न अप्ठ्यारो भएकोले 'मुम्वई' को सट्टा 'वम्वई' भने र त्यसैवेलादेखि यो शहरको नाम 'वम्वई' रहन गएको देखिन्छ। तर अंग्रेजहरुले जे उच्चारण गरे पनि उसैको पछि लाग्नु राम्रो हो वा होइन भन्ने कुरा पाठक वर्गले वुझ्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होला। यसै गरी हामीले भारतको अंग्रेज राज्यको पालामा लेखिएका अंग्रेजी कितावहरु पढ्यौं भने कानपुरको सट्टा कौनपुर (**COWNPUR**) भनी लेखेको पाउँछौं। यसरी ठाउँको नामहरुमा अपभ्रंश हुंदा कुनै मार्मिक ढंगवाट अपभ्रंश नहोस् जसले गर्दा अर्थको अनर्थ हुन जान्छ। एउटा हालसालको उदाहरण लिऊँ।

अहिले काठमाडौं शहरको नाम पनि अपभ्रंश भएर अंग्रेजहरूले काठमाडौंको सट्टा 'क्याटमाण्डु' भन्छन्। हालको थापाथली स्थित शाही नेपाल वायु सेवा निगम (**RNAC**) को घरेलु कार्यालय (**Domestic office**) संगैको निजी घरमा एउटा क्याफे (चिया पसल) खुलेको छ। यो चिया पसलको नाम **'CAT MAN DO' CAFE** भनेर लामो माथि देखि तल सम्मको नामाकरण बोर्ड राखेको छ। यो नामाकरणले २ वटा अर्थ जनाउँछ। एक यो **CAT MAN DO** शब्दले साधारणतया अपभ्रंश भई काठमाडौंको सट्टा 'क्याटमाण्डू' भएको भनी जनाउँछ भने दोस्रो तर्फ गहिरिएर विचार गऱ्यो भने अहिलेको हकमा काठमाडौं शहरलाई "संसारको सबभन्दा फोहोर राजधानी शहर" (**The dirtiest capital city in the world**) भनेर सम्बोधन गरिन्छ। अनि अंग्रेजीमा यस्तो फोहोर शहरलाई व्यंग्यात्मक तरीकाले सम्बोधन गर्दा **'CAT'** भनेको विरालो अथवा 'जनावर', **'MAN'** भन्नाले मानिस र **'DO'** भन्नाले गर्छन् अथवा वस्छन् भन्ने अर्थ लाग्दछ। भन्नाको अर्थ के भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"काठमाडौंका मानिसहरू जनावर वसेको जस्तै फोहोरी भएर वस्छन्" भन्ने सिधा अर्थ लगाउछन् । हुन पनि काठमाडौं शहर वरु पहिले त्यति फोहोर थिएन । हाल आएर वाहिर-वाट यति बेवारिसी (विना घरवारका) मानिसहरु ओइरिन थाले कि उनीहरुले फोहर गर्ने वाहेक सफा गर्ने भन्ने त कुरै भएन । फलःस्वरूप काठमाडौं शहर आज अति नै फोहर भयो ।

अर्कोतिर मानिसको नाममा पनि अपभ्रंश भएको एक पटक केलाएर हेरौं । विश्व विख्यात नोवेल पुरस्कार विजयता भारतका रविन्द्र नाथ ठाकुरको नाममा अपभ्रंश यसरी भयो । उहाँको थर ठाकुर भएकोले अंग्रेजहरुले ठाकुर-को सट्टा 'ठायगर' भनी उच्चारण गर्दा गर्दै 'टायगोर' (**Tagor**) भयो । यसपछि हिन्दूस्तानीहरूले पनि टायगोर भनी सम्वोधन गर्न शुरु गरे । अव यसमा कसको दोप ? त्यसै गरी भारत-का प्रख्यात नेता जगदीश चन्द्र वसुको नाममा पनि यस्तै किसिमको अपभ्रंश हुन पुग्यो । हुन त 'वसु' शब्द नै वासु अथवा वासुदेव अथवा श्री कृष्णको परिवारवाट अपभ्रंश भएको शब्द भनिन्छ । अनि अंग्रेजहरूले 'वसु' भन्न नसकेर 'वोस' भनी उच्चारण गरे । फलःस्वरूप जगदीश चन्द्र वसु लाई छोटकरीमा जे० सी० वोस भनी सम्वोधन गरे । अनि जगदीश चन्द्र वोस अंग्रेजको समयमा नेतागिरी गर्ने भएकोले वोस (**Boss**) शब्दको दुई अर्थ हुन गयो । एउटा 'वसु'वाट 'वोस' भयो र अर्को नेता (**Boss**) भयो । यो शब्द अंग्रेज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरुले पनि लगेकोले बेलायतमा पनि नेतागिरी गर्ने व्यक्तिलाई त्यसबेलाको अविकसित अमेरिका (कालापानी) मा पठाउँथे। यस्ता 'वोसहरू' अमेरिकामा पठाउँदा 'वोस'को अपभ्रंश भएर 'वुश' (**Bush**) भएको भनिन्छ। जस्तै जर्ज वुश। यसरो विभिन्न परिवारका नामहरु अंग्रेजहरुको उच्चारणले गर्दा अपभ्रंश भएको देखिन्छ। जस्तै:– 'वन्धोपाध्याय' को सट्टा 'वनर्जी' 'चतोपाध्याय'को सट्टा 'चटर्जी', 'मुखोपाध्याय' सट्टा 'मुकर्जी', इत्यादि। अनि यसै गरी हिन्दू परिवारको नामवाट अपभ्रंश भएर अंग्रेजो परिवारहरूको नाम वन्न गएको पनि देखिन्छ जस्तै:– सिंह परिवारवाट 'किङ्ग' परिवार, 'कपूर' परिवारवाट कुपर' परिवार, 'जैन' परिवारबाट 'जोन', 'वोस' परिवारवाट 'बुश' इत्यादि। 'जय कृष्ण' बाट 'जय किशन' हुँदै ज्याक्शन (**Jackson**) भयो इत्यादि।

अपभ्रंश हुनाको कारण

एक ठाउँमा एउटा कुनै समाजमा सृष्टी भएको शब्द अरु ठाउँमा अर्को समाजले प्रयोग गर्दा ठीक त्यस्तै गरी उच्चारण गर्न सक्तैन। यस्तो हुनाको कारण त्यो समाजको वोलीचालीमा भर पर्दछ। उदाहरणको लागि जापानीहरूले 'ल' भन्नै सक्तैनन् र अनि 'ल' को सट्टा 'र' अथवा 'रू' भन्दछन्। जापानी समाजले 'नेपाल' भन्न सक्दैन र नेपाललाई 'नेपारू' भन्दछन्। यही नै कारण हो कि तिनीहरूको भाषामा 'ल' भन्ने अक्षर नै छैन। त्यस्तै गरी कोरियनहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'प' भन्न सक्तैनन् र 'प' लाई 'फ' भन्दछन्। अनि तिनीहरूले 'नेपाल'लाई 'नेफाल' भनी उच्चारण गर्दछन्। अर्को फसाद के पर्न गयो भने कोरियन भाषामा 'ने' भनेको चार (४) र 'फाल' भनेको हात हो। संयोगवस हामीकहाँ ४ वटा हात भएका देवी देवताको मूर्तिहरू प्रशस्त पाइन्छन्। अनि उनीहरूले 'नेफाल' भनेको ४ वटा हात भएका मानिसहरूको देश भनी हंसाउने गर्दछन्। कहाँ अर्थको अनर्थ हुंदो रहेछ।

त्यस्तै गरी जुम्लीहरूले 'स' भन्नै सक्तैनन् र 'स' लाई 'ह' भनी उच्चारण गर्दछन्। त्यसैले जुम्लीहरुले 'सबै' भन्नु पर्‍यो भने 'हबै' भन्दछन् र 'ससुराली' भन्नलाई 'हहुराली' भन्ने गर्दछन्।

यसै प्रसङ्गमा 'नेपाल' शब्दको अपभ्रंश भएका शब्दहरु पनि एक पटक केलाएर हेरौं। यूरोपियनहरूले 'नेपाल' उच्चारण गर्दा 'नेपाल' नभनिकन 'नेपौल' भनी उच्चारण गर्दछन्। अनि यो कुरो उच्चारण गर्दा मात्र होइन, लेखनमा पनि देखा पर्न गयो। नेपालमा पाइने कतिपय वोटविरुवाको वैज्ञानिक नामाकरण यूरोपियन वैज्ञानिकहरुवाट भएको छ। अनि ती वोटविरुवाको नाम **Nepalensis** हुनुको सट्टा **Napaulensis** भएको। छ जस्तैः–

1 **Saurauia napaulensis DC**
2 **Clematis napaulensis DC**
3 **Prunus napaulensis (Ser Steud)**
4 **Dittosporum napaulensis (DC) R Ender et Wilson**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

5 **Meconopsis napaulensis DC** इत्यादि ।

यस्तो परिस्थितिले गर्दा नेपालका अक्षरहरू (**Spelling**) नै **Nepal** को सट्टा **Napaul** भएको पनि देखिन्छ । यति मात्र होइन **Nepal** बाट आएको भन्दा यूरोपियनहरुले इटली (**Italy**) को शहर **Naples** बाट आएको हो कि भन्दछन् ।

यस्तै गरी 'उपाध्याय' शब्दमा निकै उथल पुथल भएको देखिन्छ । उप+अध्याय बाट 'उपाध्याय' शब्द बनेको भए तापनि 'उपाध्याय' भन्नाले साधारणतया ब्राह्मण परिवार अथवा पण्डित खलक भन्ने बुझिन्छ । अनि यही क्षेत्रमा उपाध्यायको छोटकरी भएर 'ओझा' शब्द बनेको भनेर पनि भनिन्छ । अनि ओझाको छोटकरी नाम गरेर 'झा' भएको भन्ने बुझिन्छ । तर तीनैवटा शब्दहरू 'उपाध्याय', 'ओझा' र 'झा' को अर्थ ब्रम्हण नै हो । अर्कोतिर जब 'उपाध्याय' शब्द बंगाली समाजमा पुग्यो, त्यहाँ 'उपाध्याय' शब्दमा अनेकौं सिङ्ग पुच्छर जोडिए । फलस्वरूप

बन्धु + उपाध्याय = बन्धोपाध्याय भयो ।
पुरत + उपाध्याय = पुरतोपाध्याय भयो ।
चतु + उपाध्याय = चतोपाध्याय भयो आदि, आदि ।

यि शब्दहरूनै अंग्रेजहरुलाई उच्चारण गर्नु पर्दा गाह्रो भयो । अनि यसै सिलसिलामा अंग्रेजहरुले बन्धोपाध्यायलाई सजिलो तरीकाले बनर्जी भनी उच्चारण गरे । मुखोपाध्यायलाई सजिलो तरीकाले मुखर्जी (मुकर्जी) भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतोपाध्यायलाई सजिलो तरीकाले चतर्जी भने, आदि आदि।

यस्ता उदाहरणहरू संकलन गर्दै गयौं भने यस्ता किताबहरू पनि थुप्रै तयार हुन सक्छन् ।

'हनुमान' शब्दको अपभ्रंश भएर 'हनुमन्त', 'हनुमन्ते' 'हनुमण्ड' आदि भए । अनि अंग्रेजहरुले सही रूपमा उच्चारण गर्न नसक्दा 'हनुमण्ड' वाट 'अण्डमन' हुन गयो र फलस्वरूप भारतको 'हनुमान द्विप' को नाम 'अण्डमन टापू' हुन गयो । वर्मा देश अहिलेको 'मेनमार'को खास नाम 'ब्रम्हदेश' थियो । अनि पछि छोटकरीमा 'ब्रम्ह' भन्दा भन्दै वर्मा हुन गएको कुरा प्रष्ट छ । 'ब्रम्हदेश' वाट 'देश' शब्द कसरी छुट्न गयो त? भन्ने प्रश्न उठ्न सक्छ । यसमा केही खास कुरा छैन । जस्तै भारतको पहिलेको नाम 'भारत वर्ष' थियो । पछि 'वर्ष' शब्द बोलीचालीमा छुट्न गयो र 'भारत' मात्र रह्यो । हो त्यसै गरी 'ब्रम्हदेश' वाट 'ब्रम्ह' भई 'वर्मा' मात्र हुन गयो ।

आजभन्दा दशौं हजार वर्ष पहिले हिन्दू समाजको व्यापकताले संसार छाएको थियो । यो कुरा ऐतिहासिक घटनाक्रमहरूवाट पनि सिद्ध हुन्छ । एक, दुई मिनेट यतातिर पनि ध्यान दिइहालौं ।

राजा दशरथका तीन धर्मपत्नीहरू अलग-अलग देशवाट आएका थिए । कौशल्या (जेठी रानी, रामकी आमा) भारत-को कोशल राज्य, उत्तर प्रदेशवाट, कैकेयी (माहिली रानी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरतको आमा) अहिलेको रुसको पहाडी राज्य ककेसिया (कैकेयी देश)वाट र कान्छी रानी सुमीत्रा (लक्ष्मण र सत्रुधनकी आमा) हालको इण्डोनेशियाको सुमात्रावाट आएका थिए। अनि रामकी धर्मपत्नी सीता नेपालको जनकपुर (त्यसबेलाको विदेहनगर, मिथिलानगर)वाट आएकी थिइन् । त्यसवेला जुन देशवाट रानी युवराज्ञीहरु विवाह गरी ल्याइन्थे ती रानीहरुको नाम तीनै ठाउँ, देशहरुको नामवाट राखिने चलन थियो। अहिले पनि त गाउँघरमा आफ्नो पत्नी, बुहारीको नामले वोलाउने चलन छैन। वीरगजको श्रीमती पर्‍यो भने "वीरगंजेलाई वोलाऊ" भन्ने चलन हिजोसम्म पनि थियो। यसरी त्यसवेला राजा दशरथले आजको अफगानिस्तानमा थप सैनिक राखेको ठाउँ भएकोले उक्त देशको पुरानो नाम 'उपगणस्थान' थियो भन्ने उक्ति पाइन्छ। त्यसैले अपभ्रंश भएर अफगानिस्तान भएको भनिन्छ। आज इण्डोनेशियामा सर्सर्ती हेर्दा मानिसहरू सबै मुशलमान भए तापनि तिनीहरुका नाम भने प्रायःजसो हिन्दू शब्दवाट आएको देखिन्छ। वाली टापूमा त सम्पूर्ण हिन्दू धर्म नै छ। संस्कृत र रुसी भाषाको फेरि त्यतिकै गहिरो र निकटतम् सम्वन्ध छ।[1] यो भारतीय उपमहादेशको सम्पूर्ण मुलुकहरूमा कुनै पनि भाषाको मूल जरा नै संस्कृत हो भन्नमा केही आपत्ति नहोला। संसारकै विभिन्न भाषाहरूको मूल जरा पनि संस्कृत भाषा नै हो भन्ने कुरा अति महत्वपूर्ण हुन आउँछ।

1 डा० ज्ञानलाल श्रेष्ठ २०४८ 'सन्मार्ग' अंक ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीलंकाको नाम राजा दशरथको समयदेखि नै 'लंका' भन्ने नामले प्रख्यात थियो भन्ने कुरा यहाँ मैले उल्लेख गरिरहनु पर्दैन होला। तर अंग्रेजहरू भारतीय उपमहादेशमा आफ्नो अधिपत्य जमाएपछि लंकाको नाम 'सिलोन' भनेर राखे। कुन्नि किन हो, के हिसावले 'सिलोन' (**Ceylon**) नाम राखेको हो थाहा भएन। पछि वल्ल फेरि 'श्रीलंका' नामाकरण गरे। यो इतिहास त्यति पुरानो होइन।

यस्तै गरी, अहिलेको 'थाइलैण्ड' (**Thailand**) को नाम पहिले 'श्याम' थियो भन्ने कुरा मैले पहिले नै भनिसकेको छुँ। पछि मात्र यसरी 'थाइलैण्ड' नाम राखेको हो। यो सवै अहिलेको पश्चिमी समाजको प्रभाव हो।

राजा दशरथको पालामा हालको अफगानिस्तानको नाम 'उपगणस्थान' थियो। 'उप' भनेको थप (**Addition**) 'गण' भनेको फौज (**Army**) र 'स्थान' भनेको ठाउँ हो। त्यसैले 'उपगणस्थान' भनेको अरु थप फौज राखेको ठाउँ हो र त्यसैले दशरथको समयमा 'उपगणस्थान' नाम राखेको हो। पछि अपभ्रंश भएर त्यस देशको नाम 'अफगानिस्तान भएको हो।

यूरोपमा चेकोस्लोभाकियाको राजधानी 'बुढापेस्ट' को नाम 'वुद्धपिठ' (वुद्ध + पिठ) वाट रहेको हो भनी चर्चा गरिन्छ। वेलायतको पहिलाको नाम 'ब्रिटेन' पुराना आर्य जाति 'ब्रिटोन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जातिवाट रहेको कुरा प्रष्ट छ ।[1] त्यो संगैको टापू आएरलैण्ड (**Ireland**) पहिले आर्यहरूको वसोवास भएको ठाउँ भएको-ले आर्यभूमि (**Aryaland**) भएको हो । तर पछि अपभ्रंश भएर **Aryaland** वाट **Ireland** भएको हो ।[1]

---

1 तारिणी प्रसाद सिंह (छापेको साल?) "भारत वर्षको सिस्टेमेटिक इतिहास" (नेपाली संस्करण) भाग १, २, ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्याय

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

आजको अंग्रेजी भाषाका शब्दहरू प्रायः जसो संस्कृत भाषाबाट बनेका कुरा भारतका साथै अन्य देशका विद्वान्हरूले बेला बेलामा चर्चा गर्दै आएका छन् । यस अध्यायका विभिन्न भागहरुमा विषय मिलाई प्रस्तुत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्याय

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

यो भन्दा पहिलेका अध्यायहरुमा संस्कृत र अंग्रेजी भाषाको खोजी सम्बन्धमा साधारण नमूनाहरु ठाउँ, ठाउँमा समावेश गरी बुझाउने प्रयास गरेको छुं । संस्कृत भाषाको महत्व केवल नेपालीहरूले मात्र बुझेका होइनन्, बल्कि संसारकै भाषाविद्हरुले संस्कृत भाषालाई संसारको मुख्य मुख्य भाषाहरुका 'जननी' मानेका छन् । यसबाट हाम्रा नयाँ पिढी र युवावर्गलाई संस्कृत भाषाको महत्व बारे बुझ्न गाह्रो पर्ने छैन । अर्कोतिर संस्कृत भाषालाई केवल भाषाको दृष्टिकोणले मात्र हामीले बुझेर पुग्दैन भन्ने कुरा पनि यो भन्दा पहिलेका अध्यायहरूमा उदाहरण सहित उल्लेख गरेको छुं । कारण यो संसारको सबभन्दा जेठो मानवीय सभ्यता (हिन्दु सभ्यता)का अतीत पूर्खाहरूले आज भन्दा दशौं हजार वर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले जुन ज्ञान र विज्ञानका मानवीय इतिहासहरू, वेद, पुराण, उपनिषद्, रामायण, महाभारत आदिका रूपमा छोडेर गए ती सबै कुरा संस्कृत भाषामा नै लेखेर गएका थिए। त्यसैले आजको विज्ञान त प्राचीन हिन्दू विज्ञानको ठुटोबाट पलाएका केवल दुइचारवटा हाँगाविगाहरू मात्रै हुन।[1] यति मात्र होइन आजको विज्ञानको सृजना नै यही संस्कृत भाषामा लेखिएका ती ऐतिहासिक पन्नाहरुबाट लिइएकोले नै आजको संसारका मुख्य मुख्य भाषाहरू– अंग्रेजी, रसियन, जर्मन, फ्रेन्च आदिका 'जननी भाषा' संस्कृत भाषा भएको हो। अर्कोतिर आएर युवापिढीहरू दशौं, पन्ध्रौं वर्ष अंग्रेजी भाषा पढेर पनि अंग्रेजीमा विफल हुन्छन्। अनि अंग्रेजी भाषा सा-है गान्हो भाषा भनेर टाउको कन्याउँदै हिड्न थाल्छन्। यो गलत बाटो हो। किनभने आफ्नो जननी भाषा 'संस्कृत भाषा' ले जन्माएको भाषा पढ्न पनि गान्हो भयो भन्दा सान्है दुःख लाग्छ। म त केवल यही भन्छु कि युवावर्गले एउटा सस्कृत शब्द बुझ्नु पन्यो। अनि त्यसबाट विसौंवटा अंग्रेजी शब्दहरु सजिलैसंग सिक्न सकिन्छ। त्यो पनि एउटा विषय मात्र होइन। हरेक विषयमा यसरी सजिलैसंग अंग्रेजी भाषा सिक्न सकिन्छ। अंग्रेजी भाषा मात्र होइन, संसारका अन्य मुख्य-मुख्य भाषाहरू पनि यसै गरी संस्कृत भाषा मार्फत सिक्न सकिन्छ। अनि त नेपाली नयाँ युवावर्गहरूलाई के को गान्हो ? तर मुख्य कुरो के भने सबभन्दा पहिले हामीले

---

1 डा० स्वामी प्रप्रन्नचार्य..........

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुरा सिक्नु पऱ्यो र हामीले पनि हाम्रा आउँदा पिढी-हरूलाई सिकाउँदै जानु पऱ्यो। मलाई जहाँसम्म लाग्छ यसरी हामीले सिक्दै र सिकाउँदै गर्यौं भने आउँदो ५ वर्ष भित्र भाषा विज्ञानमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ।

यस पाँचवाँ अध्यायमा संस्कृत र अंग्रेजी भाषाको सम्बन्ध विभिन्न विषयहरूलाई छुट्टा-छुट्टै पारी तयार गरेको छु। जसले गर्दा पाठकवर्ग र अनुसंधानकर्ताहरूलाई पढ्न सजिलो होस्। अब आउनुहोस् संस्कृत र अंग्रेजी भाषाको सम्बन्ध-लाई विषयवस्तु मिलाएर अध्ययन गरौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको पहिलो भाग

गणित शब्दहरूको विकास

विज्ञानको चमत्कार गणितबाट शुरू भयो । संस्कृतको हरेक शब्दबाट अंग्रेजीको गणित शब्दहरूका विकास कसरी भयो भन्ने कुरा छोटकरीमा यसमा विश्लेशण गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको पहिलो भाग

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

गणित शब्दहरूको विकास

संस्कृत र अंग्रेजी भाषाहरुको वीचमा जुन घनिष्ट सम्वन्ध देखियो, यो साह्रै चाख लाग्दो मात्र नभई भाषा सिक्न र सिकाउन समेत अति उपयोगी देखिन आउँछ। खास गरी शब्दहरुको विकासमा यी दुई भाषाहरूको वीचमा अति गहिरो सम्वन्ध देखिन आउँछ। पहिलो अध्यायमा मैले केवल एक परिचयात्मक लेखको रूपमा प्रस्तुत गरेको थिएँ। "सन्मार्ग" अंक ७ (३४-३६) र अंक ८ (१५-१७) र त्यसको आखिरी भागमा संस्कृत, ग्रीक, ल्याटिन, गोठिक र अंग्रेजी भाषाहरूमा कस्तो सम्वन्ध रहेछ भन्ने कुरा नमूनाको रुपमा प्रस्तुत गरेको थिएँ। यस अध्यायमा ती शब्दहरुका साथै यस्ता शब्दहरूवाट वनेका असंख्य शब्दहरूका विकास सम्वन्धी चर्चा गरिने छ। आशा छ, यसवाट पाठकहरूलाई दुवै भाषाहरुको ज्ञानमा मद्दत पुग्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको पहिलो भाग

गणित शब्दहरूको विकास

विज्ञानको चमत्कार गणितबाट शुरू भयो । संस्कृतको हरेक शब्दबाट अंग्रेजीको गणित शब्दहरूका विकास कसरी भयो भन्ने कुरा छोटकरीमा यसमा विश्लेशण गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको पहिलो भाग

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

गणित शब्दहरूको विकास

संस्कृत र अंग्रेजी भाषाहरुको वीचमा जुन घनिष्ट सम्वन्ध देखियो, यो साह्रै चाख लाग्दो मात्र नभई भाषा सिक्न र सिकाउन समेत अति उपयोगी देखिन आउँछ। खास गरी शब्दहरुको विकासमा यी दुई भाषाहरुको वीचमा अति गहिरो सम्वन्ध देखिन आउँछ। पहिलो अध्यायमा मैले केवल एक परिचयात्मक लेखको रूपमा प्रस्तुत गरेको थिएँ। "सन्मार्ग" अंक ७ (३४-३६) र अंक ८ (१५-१७) र त्यसको आखिरी भागमा संस्कृत, ग्रीक, ल्याटिन, गोठिक र अंग्रेजी भाषाहरूमा कस्तो सम्वन्ध रहेछ भन्ने कुरा नमूनाको रुपमा प्रस्तुत गरेको थिएँ। यस अध्यायमा ती शब्दहरुका साथै यस्ता शब्दहरूवाट वनेका असंख्य शब्दहरूका विकास सम्वन्धी चर्चा गरिने छ। आशा छ, यसवाट पाठकहरूलाई दुवै भाषाहरुको ज्ञानमा मद्दत पुग्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हिन्दू प्रतिभाको जागरण"

हिन्दू समाजको लागि संस्कृत कुनै नयाँ भाषा होइन। यो अति प्राचीन भाषा हो भन्ने उल्लेख गरिरहनु पर्दैन। त्रेतायुगको रामायण र कमसेकम ५१०० वर्ष भन्दा अघिको महाभारतवाट ज्ञान हुन आउने हिन्दू समाजमा घटेका घटनाहरू र गौतमबुद्धको (२३३५ वर्ष पहिलेको) जीवनी र उपदेशहरू सबै संस्कृत भाषामै लेखिएका छन् भने वेद्को त कुरै छाडौं। यसरी अनादिकालदेखि प्रयोग गर्दै आएको भाषा भएकोले संस्कृत भाषाको विषयमा मैले यहाँ केही कुरो उल्लेख गरिरहनु पर्ने आवश्यक देखिदैन। हाम्रै आफ्नो नेपाली भाषालाई केला एर हेर्नें हो भने पनि मलाई लाग्छ प्राय: धेरै जसो शब्दहरू संस्कृतवाट नै आएका हुन्। त्यसैले संस्कृत हाम्रो समाजको लागि केही नयाँ वस्तु होइन। तर यूरोपियन समाज, अंग्रेजी समाजको लागि पक्का पनि नयाँ अथवा थाहा नभएको विषय वस्तु बन्न पुग्दछ। त्यसैले यसरी संस्कृत र अंग्रेजी भाषाको सम्वन्धमा खोजनीति गर्दा उनीहरुको लागि अनौठो विषय हु सक्छ अथवा कसैकसैले त वेकम्मा पनि ठान्लान् किनभने संस्कृतवाट अंग्रेजी भाषाको विकास भएको थाहा हुंदा हुं उनीहरूले आफू तल परेको (Inferiority Complex) अनुभव गर्नुपर्ला। यस सम्वन्धी वेलायतका एक दुई जना भाषा विज्ञहरूका विचार हेरौं। संस्कृत र अंग्रेजी भाषाको सम्वन्धको विकासमा ग्रीक र ल्याटिन भाषाले माध्यम (Medium) को रुपमा गहिरो जिम्मेवारी वोकेको देखिन्छ। यस विषयमा ए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पटक फेरि वेलायती पूर्वीय विचारवाद श्री (संस्कृतको श्री शब्द वाट सर **Sir** शब्द वनेको कुरा नविसौं) विलियम जोन्स (**Sir William Jones**) लाई प्रसंगमा ल्याऊँ । उहाँले सन १७८६ मा यसरी संस्कृत, ग्रीक र ल्याटिन भाषाको सम्वन्धमा उल्लेख गर्नु भएको छ – **Sanskrit bore to Greek and Latin languages (Prof. John Lyons 1979)** भन्नाको अर्थ: संस्कृत भाषाबाट नै ग्रीक र ल्याटिन भाषाहरूको जन्म भयो । अनि यसै प्रसंगमा (**Norman Lewis**) ले आफ्नो अंग्रेजी पुस्तक (**Word Power Made Easy**) को प्रकाशन सन् १९७३, मा लेख्नु भएको छ "**Every word in English language has a history.**" (पेज नं· २४)। घेरैजसो अंग्रेजी शब्दहरु ग्रीक अथवा ल्याटिन भाषाबाट जन्मेका हुन् भन्ने उहाँको भनाइ छ । **Norman Lewis** ले भन्नु भएको छ– **Though we have taken into English more than 50 percent Latin words and almost 30 percent Greek words, our basic language is neverthless German (Norman Lewis 1976, page 251.).**

गणित शब्दहरुका विकास सम्वन्धी संस्कृत र अंग्रेजी भाषाको खोजीमा लाग्दा केही ऐतिहासिक रूपरेखा कोर्न पुग्नु स्वभाविकै हो। "विज्ञानको साधन नै गणित हो" भन्ने कुरा नविसौं । आजको वैज्ञानिक गणितलाई केलाएर हेर्दा यसको श्रेय 'पाइथागोरस'लाई दिइन्छ। तर पाइथागोरसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समयलाई ध्यान दिंदा छैठौं शताब्दी भन्दा पुरानो मानेको छैन । अनि सो भन्दा पहिले करीब दशौं हजार वर्ष पहिले वेदमा लेखिएका गणित जस्तै अथर्ववेदमा लेखिएका 'गणित सूत्र' जस्ता ४०, ५० अंक भएका हिसाव कितावलाई एक क्षणमा गरिने गणित के त पाइथागोरसले सृष्टि गरेको भन्ने?[1] डा० स्वामी प्रपन्नाचर्यज्यूको 'वेदमा गणित'मा 'गणित पनि सगरमाथाबाटै उत्रेको हो' भन्ने लेख पढ्नु होला । आंखा खोलेर सूर्य हेर्दा जस्तै छर्लङ्ग हुन्छ । वेद, पुराणहरूमा १ देखि १०,००० लाख, करोड, अर्ब, खर्ब, शंख, निल, आदि गन्ने, गर्नुपर्ने हिसाव किताव आदि आदि के त्यसै आएको हो?[2] अनि महाभारत जस्तो लडाइमा १८ अक्षौहिणी सेना लडेको हिसाव-किताव, लडाइका इतिहासहरू, साधनहरू के ती सबैको बन्दोवस्तमा, हिसावकिताव, गणित केही थिएन होला त? अहिले पनि कोही पनि हिन्दू नेपालीलाई यो भन्दछु– यदि कसैले प्राचीन हिन्दू विज्ञान (गणित समेत) वाहियात हो भन्छ भने आफ्नो वच्चा पाउने वेलामा म यसको चिन्हो (जन्म पत्रिका) लेखाउँदिन, चाहिँदैन पनि भनोस्। उसको लागि सही परीक्षा यही नै हुने छ । अनि उसको आत्मा या त प्रेतको आत्मा जस्तो छटपटाउने छ, या त राक्षसी आत्मा हुनेछ ।

1 Agrawal S. R. B. S. 2046 Vedic Numerical Code. 'ध्येय चिन्तन' (सेवा विशेषांक) पेज २३-४०

2 डा० स्वामी प्रपन्नचार्य वि. सं. २०३८ 'वेदमा के छ ?' को 'वेदमा गणित' पेज १५३–१५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसले आफूलाई जन्माउने आमावावुलाई पनि वाँकी राख्दैन। मुसलमान र क्रिश्चेनमा त यस्तो विधि थाहा छ। यदि हाम्रो गणित पछि जन्मेको भए हिन्दू गणित शब्दहरूनै किन संस्कृत भाषावाट ग्रीक, ल्याटिन हुंदै अंग्रेजी भाषामा पुऱ्याइए त? तसर्थ युवावर्गहरूले सोच्नु पर्ने र काम गर्नुपर्ने बेला आएको छ। परतन्त्र आत्मा नवनाओं।

यसरी अंग्रेजी शब्दहरुको मुख्य स्रोत ल्याटिन र ग्रीक भाषाहरू भएको कुरा प्रष्ट छ। तर पनि भाषा व्याकरण भने जर्मनवाट लिइएको वुझिन्छ। उक्त पुस्तकमा उहाँले हजारौं अंग्रेजी शब्दहरू ग्रीक र ल्याटिन भाषावाट कसरी जन्मे भन्ने कुरा स्पष्ट पार्नुभएको छ। केही संस्कृत शब्दहरू र अंग्रेजी शब्दहरुको तुलना गरौं।

संस्कृत शब्द 'दश'बाट कसरी अंग्रेजी शब्द 'टेन' वन्न पुग्यो अथवा यी दुई शब्दका वीचमा कस्तो अन्तर सम्बन्ध रहन गयो भन्ने कुरा यसै अध्यायमा पछि आउँनेछ। अव एक पटक संस्कृतको एक, दुई, तीन . . . . . . र अंग्रेजीको वान (**One**), टु (**Two**), थ्री (**Three**) . . , . . . को सम्बन्धलाई गहिरिएर हेरौं।

संस्कृत	ग्रीक	अंग्रेजी
एक	मोनो (**Mono**)	वान (**One**)
द्वि	डाई (**Di**)	टु (**Two**)
त्री	ट्राई (**Tri**)	थ्री (**Three**)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतु	टेट्रा (**Tetra**)	फोर (**Four**)
पञ्च	पेन्टा (**Penta**)	फाइभ (**Five**)
षष्ट	हेक्सा (**Hexa**)	सिक्स (**Six**)
सप्त	हेप्टा (**Hepta**)	सेभेन (**Seven**)
अष्ट	अक्टा (**Octa**)	ऐट (**Eight**)
नव	नोना (**Nona**)	नाइन (**Nine**)
दश	डेका (**Deca**)	टेन (**Ten**)

यसमा हामीले सजिलैसंग अपभ्रंश भएर अंग्रेजी भाषामा गएका शब्दहरु पहिले केलाऊँ। अंग्रेजीको **One** भन्ने शब्द संस्कृतको ए (**a**) भएर त्यसवाट **Anglo saxon** भाषा (उत्तरी जर्मनीवाट गएको पुरानो अंग्रेजी भाषा)मा आयन् (**An**) वन्न पुगेको कुरा छर्लङ्ग भएको छ। अनि '**An**' वाट आजको **One** शब्द वनेको कुरा **Joseph T. Shipley** ले आफ्नो पुस्तक '**Dictionary of word Origins**' मा प्रष्ट पार्नुभएको छ। संस्कृतको 'द्व' शब्द ग्रीक, ल्याटिन या गोटिक आदि माध्यम भाषामा जाँदा 'द्वि'वाट 'टु' हुन जानु स्वभाविकै हो। यस्तो अपभ्रंश हाम्रै क्षेत्रमा हेरौं। 'द्वि' हिन्दी भाषामा पुग्दा 'दो' हुन गयो भने नेपाली भाषामा पुग्दा उही उच्चारण भए पनि अक्षरमा परिवर्तन भयो र द्वि'वाट 'दुई' हुन गयो। यही क्षेत्रको कुनै भाषामा 'द्वि'लाई 'टु' पनि भनिन्छ। त्यसैले 'द्वि'वाट अंग्रेजी टु (**Two**) हुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभाविकै हो। अनि पञ्च, षष्ट, नववाट ग्रीक र ल्याटिन भाषा भएर अंग्रेजी भाषामा पुग्नु पर्दा दशबाट टेनमा जस्तै विशेष परिवर्तन भई **Five, Six, Seven, Eight,** र **Nine** हुन गएको कुरा जोन लेयन्सले (१९७९) भन्नु भएको छ। यसरी १ देखि १० सम्म संस्कृत भाषावाट ग्रीक, ल्याटिन, गोठिक र अन्तमा अंग्रेजी भाषामा पुग्दा कस्तो किसिमको अपभ्रंश भयो भन्ने कुरा एकपटक हेरौं। (जोन लेयन्स १९७९)

संस्कृत **Sanskrit**	ग्रीक **Greek**	ल्याटिन **Latin**	गोठिक **Gothic**	अंग्रेजी **English**
दश = दश **Dasha**	डेका **Deca**	डेकम **Decam**	टेहन **Taihan**	टेन **Ten**
सप्त = सात **Sapta**	हेप्टा **Hepta**	सेप्टम **Septum**	सेभम **Sevum**	सेभन **Seven**
षष्ठ = छ **Sastha**	हेक्सा **Hexa**	हेक्सम **Hexam**	–	सिक्स **Six**
अष्ठ = आठ **Astha**	अक्टा **Octa**	–	–	ऐट **Eight**

आखिरमा केही पनि होइन भन्ने शब्द **'No'** पनि संस्कृतवाट नै आएको कुरा प्रष्ट गराउन चाहन्छु। संस्कृतमा निषेध (अभाव) शव्दलाई ४ वटा शब्दहरू नही, अ, नो, न ले जनाउँछ। जस्तै:- "नो निद्रा न बुभुक्षामे ज्वरार्तस्य प्रजायते"। नो न शव्दहरुवाट नै **None** पनि वन्यो। अंग्रेजी भाषाको **'Science'** शव्द अति नै महत्वपूर्ण छ। यो शव्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्तिमा रमाइलो कथा छ । **Science** शब्दले हरेक ज्ञान वैज्ञानिक तरीकाले बुझाउने अर्थ दिन्छ । किनभने यो **Science** शब्द संस्कृतका 'सांष्य' (लेख्दा 'ष' भन्दा 'ख') शब्द-बाट उत्पत्ति भएको हो । 'सांख्य' संख्या १ को १ नै हुन्छ, २ को २ नै हुन्छ । २ कहिल्यं १ हुंदैन । भन्नुको अर्थ "सांष्य" भनेको तथ्य हो र सांष्यवाट नै "**Science**" शब्दको उत्पत्ति भएको हो । त्यसै गरी अंग्रेजीको **Number** शब्द संस्कृतकै नम्वर शब्दवाट गएको हो । यो नम्वर शब्द नेपाली भाषामा पनि शुरु देखि यति प्रचलित थियो कि पहिले नेपालको पूर्व र पश्चिमका जिल्लाहरूको नाम नै पूर्व १ नम्वर, २ नम्वर, ३ नम्वर, ४ नम्वर, पश्चिम १ नम्वर, २ नम्वर, ३ नम्वर आदि थिए । यसवाट अनेकौं अंग्रेजी शब्दहरू– **Numerate, Enumerate, Enumeri, cal Numerous** आदि बने । कथा ज्यादै लामो छ ।

गणितकै सिलसिलामा अरू दुई चारवटा शब्दहरू थप्न मन लाग्यो ।

क्यालेण्डर शब्द आफै गजवको रहेछ । क्यालेण्डर भन्नाले समयकालको तालिका भन्ने बुझिन्छ जुन शब्द परापूर्व कालका 'काल इन्द्री' ऋषिको नामवाट आएको हो । काल इन्द्रीवाट क्यालेण्डर भएको हो ।

अव अंग्रेजी र नेपाली 'वार'को अर्थ हेरौं ।

आइतवार–आदित्य, सूर्यवार **Sunday** (संस्कृतको 'सूनु' सूर्यवाट आएको)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोमवार –चन्द्रमाको वार[1]★	**Monday (Moon = Mon = चन्द्रमा)**
मंगलवार–कल्याणको वार★★ (ईश्वरको पूजा)	**Tuesday (God of Mars = मंगल)**
बुधवार –बुध ग्रहको वार	**Wednusday (Wodin's day = King of Horse God**
वृहस्पतिवार–	**Thursday (Thor's day = The Thunder)**
शुक्रवार–	**Friday (Friya's day = Wife of wodin)**
शनिवार–	**Saturday (The day of Saturn = शनी = माटो Roman God of Agri-culture)**

संस्कृतको 'दिवा' शब्दबाट अंग्रेजीको **Day** शब्द भएको हो।

---

1 स्व. प्रा. कूजचन्द्र शर्मा : 'अमरकोष' पृष्ठ नं. २२-२३

★ संस्कृत भाषामा चन्द्रमालाई २० विभिन्न शब्दहरुमा पुकारिन्छ। ती हुन:- १. हिमांशु २. चन्द्रमास ३. चन्द्र ४. ईन्दु ५. कुमुद वान्धव ६. विधु ७. सुधांसु ८. शुभ्रांसु ९. ओशधिश १०. निशापति ११. अण्ज १२. जैवाकृत १३. सोम १४. गौं १५. मृगांक १६. कलनिधि १७. हिजराज १८. शराधर १९. नक्षेत्रेश २० क्षेपाकर।

★★ १२ वटा कल्याणको नाम मध्ये एक मंगल = शुभकार्यको लागि मंगल पूजा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतको 'नक्त' (रात) शब्द ग्रीकमा पुग्दा निक्त (**Nykt**) भएर अंग्रेजीमा पुग्दा **Night** भएको हो ।[1]

यसै गरी महीनाको विषयमा पनि केही चर्चा गरौं ।

नेपाली महीना	अंग्रेजी महीना
१ वैशाख	१ जनवरी (January) = Door way of the year.
२ जेठ	२ फेब्रुअरी (February) = Month of the feast.
३ आषाढ	३ मार्च (March) = God of war.
४ श्रावण	३ अप्रिल (April) = First month of the Roman Calender
५ भाद्र	५ मे (May) = Magnos God.
६ असोज	६ जुन (June) = Junius family.
७ कार्तिक	७ जुलाई (July) = Julius family
८ मंसिर	८ अगष्ट (August) = Augustus Ceasor
९ पौष	९ सेप्टेम्बर (September) = सप्तमवार
१० माघ	१० अक्टोबर (October) = अष्टमवार
११ फाल्गुन	११ नभेम्बर (November) = नवमवार
१२ चैत्र	१२ डिसेम्बर (December) = दशमवार

काष्ठा = अठार चोटि निमेष (नेत्रनिमिलन) गर्दा लाग्ने काल बराबर कालको नाम

1 Joseph T. Shipley. Dictionary of Word Origins, Page 387.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतु (वैदिक ऋतुचक्र)	आयुर्वेदिक ऋतुचक्र
हेमन्त = मार्गशिर्ष र पौष	पौष माघ
शीशीर = माघ र फाल्गुन	फाल्गुन र चैत्र
वसन्त = चैत्र र बैशाख	वैशाख र जेठ
गृष्म = जेठ र आषाढ	आषाढ र श्रावण
वर्षा = श्रावण र भाद्र	भाद्र र आश्विन
शरद = आश्विन र कार्तिक	कार्तिक र मार्गशिर्ष

१. वैशाख महीनाको नाम:- विशाखा नक्षत्रले युक्त भएकी पूर्णिमा वैशाखी–वैशाखीले युक्त भएको महीनावाट वैशाख नाम राखेको (बैशाख, माधव,राघ)।

२. जेठ महीनाको नाम:- ज्येष्ठा नक्षत्रले युक्त भएकी पूर्णिमा- ज्येष्ठी, ज्येष्ठीले युक्त भएको महिनावाट ज्येष्ठ भएको (ज्येष्ठ, शुक्र)।

३. असार महीनाको नाम:- आषाढ(पूर्वाषाढा–उत्तराषाढा) ले युक्त भएकी पूर्णिमा आषाढी, आषाढीले युक्त भएको महीनालाई आषाढ भनिन्छ । (शुचि, आषाढ)

४. साउन महीनाको नाम:- श्रवण नक्षत्रले युक्त भएकी पूर्णिमा –श्रावणी, श्रावणीले युक्त भएको महीना भएकोले श्रावण महिना । (श्रावण, नभस, श्रवणिका)

५. भदौ महीनाको नाम:- भद्रपदा (पूर्व भाद्र–उत्तर भाद्र) ले युक्त भएकी भाद्रपदी, भाद्रवदी ले युक्त भएको महीनालाइ भाद्रपद भनिन्छ । (नभस्य, पौष्ठपद, भाद्र, भाद्रपद)

६. असोज महीनाको नाम:- अश्विनीले युक्त भएकी पूर्णिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्विनी भएकोले अश्विनीले युक्त भएको महीनालाई आश्विन भनिन्छ । (आश्विन इष, आश्वयुज)

७. कार्तिक महीनाको नामः– कृतिका नक्षत्रले युक्त भएकी पूर्णिमालाई कार्तिकी भनेकोले, कार्तिकीले युक्त भएको महीनालाई कार्तिक भनिन्छ । (कार्तिक, वाहल, उर्ज, कार्तिकिक)

८. मंसिर महीनाको नामः– मृगशिर्ष नक्षत्रले युक्त भएकी पूर्णिमा मार्गशिर्षा भएकोले मार्गशिर्षाले युक्त भएको महीनालाई मार्गशिर्ष भनिन्छ । (मार्गशिर्ष, सहस, मार्ग, आग्रहायमिक)

९. पौष महीनाको नामः– पुष्य नक्षत्रले युक्त भएकी पूर्णिमाको नाम पौष महीना हो । (पौष तैष, सहस्य)

१०. माघ महीनाको नामः– मघा नक्षत्रले युक्त भएकी पूर्णिलाई माघी-माघीले युक्त भएको महीनालाई माघ भनिन्छ। (तपस् माघ)

११. फाल्गुन महीनाको नामः– फाल्गुनी नक्षत्रले युक्त भएकी पूर्णिमा–फालनी, फाल्गुनीले युक्त भएको महीना फाल्गुन हो । (फाल्गुन, तपस्य, फाल्गुनिक)

१२. चैत्र महीनाको नामः– चित्राले युक्त भएकी पूर्णिमा चैत्री–चैत्रीले युक्त भएको महीना भएकोले चैत्र भनिन्छ । (चैत्र, चैत्तिक, मधु)

अंग्रेजी **One** भन्ने शब्द संस्कृतको एक भन्ने शब्दबाट उत्पन्न भएको हो । 'एक' को 'ए' **Anglo saxom** भाषा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(उत्तरी जर्मनवाट गएको पुरानो अंग्रेजी भाषा) मा आयन (An) वन्न पुगेको कुरा छर्लङ्ग भएको छ। अनि 'An'वाट आजको O शब्द वनेको कुरा Joseph T. Shipley ले आफ्नो पुस्तक 'Dictionary of word Origins' मा प्रष्ट पार्नुभएको छ।

संस्कृत भाषाको 'द्वी'वाट ग्रीक भाषामा Di (डाइ, दी) शब्द वने पनि यसवाट अंग्रेजी शब्द वन्दा तीन हाँगामा विभाजित भएको देखिन्छ।

१. **Du** (दु)वाट केही शब्दहरू वन्न पुगे। जस्तै:-
   Duplex = डवल अथवा दुई सिट भएको
   Duplicate = दुई चीज हरेक हिसावले उस्ता उस्तै भएको

२. **Twi** (ट्वी)वाट वनेका शब्दहरु। जस्तै:-
   Twin = जुम्ल्याहा
   Twine = दुई सुताले वनेको धागो

३. **Bi** वाट वनेका शब्दहरु। जस्तै:- **Bicycle, Bisect**

त्यस्तै गरी संस्कृत भाषाको त्री (**Tri**)वाट असंख्य अंग्रेजी शब्दहरूको विकास भएको हो। जस्तै:-

Triangle = तीन भूजा र तीन कोण मिलेर वनेको चित्र
Tricycle = तीन पाँग्रे साइकल
Tricolour = तीन रङ्ग भएको झण्डा (फ्रान्सको झण्डा)
Trident = तीन दन्त आकार
Triennial = तीन वर्षमा एक पटक हुने कार्यक्रम अथवा निस्कने पत्रिका इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Trigonometry = तीन कोण भएको चित्रको नाप सम्बन्धी
Trillion = दश खर्व
Trilogy = तीन जनाले खेल्ने खेल अथवा धुन सम्बन्धी
Trimaran = तीनकुने डुंगा
Trinity = तीनजनाको समूह
Tripartite = तीन समूहको भाग भएको
Triple = तीन चीजले वनेको
Triplet = तिम्ल्याहा (एकै पटक जन्मेका तीनजना बच्चा-हरु) इत्यादि ।

संस्कृत भाषाको 'चतु' (चार) शब्दवाट ग्रीक भाषामा **Tetra** भए पनि अंग्रेजी **'quad'** शब्द ल्याटिन शब्द **Exquadra** वाट वनेको देखिन्छ । चतु र **quad** मा धेरै नजिकको सम्बन्ध त छँदैछ । तर यति मात्र होइन । **quad** वाट चार भन्ने बुझिन्छ भने **Qudrangle** वाट चार भूजा र चार कोठा भएको चित्र जनाउँछ अनि **Quadrant** वाट एक चक्काको **(circle)** चार भागको एक भाग भन्ने जनाउँछ । यस्तै गरी अन्य शब्दहरू वने जस्तै: **quadratic, quadrilateral, quadrille, quadrillion, quadropliony, puadrupled, quadruple, quadruplet, quadruplicate** आदि शब्दहरुले चार भन्ने जनाउँछ ।

संस्कृतको 'पञ्च' शब्दवाट ग्रीक भाषामा **'Penta'** शब्द वनेपछि यसको आधारमा थुप्रै अंग्रेजी शब्दहरू वने । जस्तै:-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Pentagon = पाँच भूजा र पाँच कोण भएको चित्र (अथवा 'पञ्चकोण'बाट नै **Pentagon** भएको)

Pentameter = खुट्टाले नाप्ने पाँच पाइलाको नापी (**Line of five iambic feet**)

Pentateuch बाइबलको पहिलो ५ वटा पुस्तकहरू

Pentathlon = आधुनिक ओलम्पिक खेलमा एकै व्यक्तिले पाँच खेलहरुमा भाग लिने प्रक्रया इत्यादि

त्यस्तै गरी संस्कृतको 'षष्ठ' शब्दबाट ग्रीक भाषामा **'Hexa'** शब्द बन्यो। अनि यही हेक्सा शब्दबाट अंग्रेजीमा **Six** शब्द बनेको मात्र होइन, **Hexa** बाट

Hexagon = ६ वटा भूजा र ६ वटा कोण भएको चित्र (षष्टकोणबाट **Hexagon** भएको)

Hexameter = खुट्टाले नाप्ने छ पाइलाको नापी (**Line of verse with six feet**)

यस्तै गरी संस्कृतको 'सप्त' शब्दबाट ग्रीक भाषामा **'Hepta'** भए पनि **Latin** भाषामा 'सेप्तम्' (**Septum**) भई अंग्रेजीमा **'Seven'** शब्द बन्यो। अनि यसैको आधारमा अहिलेको नवौं महीना (तर पहिलेको ग्रीक क्यालेण्डर अनुसार सातवाँ महीना) सप्तमबार **'September'** शब्द बन्यो। त्यस्तै:-

Septet = सातजना गायक अथवा वादनको स्वरबाट बनेको गीत अथवा धून।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Septuagenarian = सत्तरी वर्ष पुगेको वृद्ध
अर्कोतिर
Heptagon = सात भूजा र सात कोणले बनेको चित्र (सप्तकोणबाट **Heptagon** बनेको) पनि उल्लेख छ ।

Octa बाट

ग्रीक शब्द Octa

अष्टबाट 'अक्ट' भएको मुख्य कारण लेख्दा खेरी 'ष' लेखिन्छ र यसलाई उच्चारण गर्दा 'क्' अथवा 'ख्' भनिन्छ । उदाहरणको लागि लेख्दा खेरी 'लिपितम्' लेखिन्छ। तर उच्चारण गर्दा 'लिखितम्' भनिन्छ । यसरी अष्ट = Octa बाट October, Octopus (आठवटा खुट्टा भएको सामुद्री माछा), Octagon (आठवटा भूजा र आठवटा कोण भएको 'अष्टकोण'बाट नै Octagon भएको), Octagonal, Octave (आठ स्वर = सा, रे, ग, म, प, द, नि, सा अथवा अंग्रेजीमा do [दो], re [रे]. mi [मि], fa [फा], so [सो], la [ला], ti [ती], do [दो]), Octavo (आठ पत्रे भएको पुस्तिका)।

Octat = आठ जनाले गाउने गीत,

Octogenarian = अस्सी वर्षको वृद्ध (आठ दशकको वृद्ध) आदि शब्दहरू सबै संस्कृत शब्द 'अष्ट'बाट बनेका हुन् ।

गणितको सिलसिलामा 'सम' भन्ने शब्दलाई हामीहरुले बिर्सन हुंदैन । संस्कृतमा समवेत: भनेको जम्मा भएको हो । यसैबाट अंग्रेजी शब्द Sum को उत्पत्ति भयो । ल्याटिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा पुग्दा Summa भयो। तर नेपाली भाषामा पुग्दा भने 'जम्मा' पो भएछ। यसरी संस्कृत शब्द 'सम:'बाट

Sum = हिसाब
Summit = सबभन्दा माथि
Summation = जम्मा
इत्यादि शब्दहरू बने।

अब माथि उल्लेखित संख्याहरूलाई एक पटक संस्कृत भाषाको दृष्टिकोणले केही व्याख्या गरौं र अनि "प्राचीन हिन्दू विज्ञान"को दृष्टिकोणले पनि।

संस्कृत भाषाको दृष्टिकोणले व्याख्या

तालिका नं. १ मा हेरौं।

'एकम्' 'एक' दुवै संस्कृत शब्दहरू हुन्। 'एक' बाट 'a' भन्ने अंग्रेजी शब्द बन्यो भने त्यसैबाट स्वर (Vowel) अगाडि आउने शब्दको लागि 'an' बन्यो। अनि 'an' बाट 'one' भएको प्रशङ्ग Joseph T. Shipley ले आफ्नो पुस्तक 'Dictionary of Word Origins' मा उल्लेख गर्नु भएको छ।[1] दश शब्दबाट कसरी अंग्रेजी शब्द 'Ten' बन्यो भन्ने कुरा Prof. John Lyons ले आफ्नो पुस्तक "An Introduction to Theoritical English' मा प्रष्ट पार्नु भएको छ।[2]

---

1 Joseph T. Shiplay 19 ......? "Dictionary of Word Origins" Page 245-247

2 John Lyons 1979. "An Introduction to Theoritical English"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गिन्ती तालिका नं. १		(Numeration Table No: 1)	
एकम्	(एक)	१	a, an, one
दश	(दश)	१०	Ten.
शतम्	(सय)	१००	Hundred
सहस्रम्	(हजार)	१०००	Thousand
प्रयुतम्	(दश हजार)	१००००	Ten ,,
लक्षम् (लक्षा)	(लाख)	१०००००	Hundred ,,
प्ररनियुक्तम्	(दश लाख)	१००००००	Million
कोटी	(करोड)	१०००००००	Ten ,,
अर्बुद	(दश करोड)	१००००००००	Hundred ,,
बुन्दम् (अन्जम)	(अर्ब)	१०००००००००	Billion
खर्ब	(दश अर्ब)	१००००००००००	Ten ,,
निखर्ब	(खर्ब)	१०००००००००००	Hundred ,,
शंख (महापद्म)	(दश खर्ब)	१००००००००००००	Trillion
पद्म (शंकु)	(पद्म)	१०००००००००००००	Ten ,,
सागर	(दश दद्म)	१००००००००००००००	Hundred ,,
अन्तयम्	(शंख)	१०००००००००००००००	Quadrillion
मध्यम्	(दश शंख)	१००००००००००००००००	Ten ,,
परार्धम	(निल)	१०००००००००००००००००	Hundred ,,

१ हात्ती १ रथ ३ घोडा र ५ प्यादा १ पंक्ति
३ ,, ३ ,, ९ ,, र १५ ,, १ सेनामुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

१	हात्ती	१	रथ	३	घोडा	र	५	[illegible]		[illegible]
३	,,	३	,,	६	,,	र	१५	,,		१ सेनामुख
६	,,	६	,,	२७	,,	र	४५	,,		१ गुल्म
२७	,,	२७	,,	८१	,,	र	१३५	,,		१ गण
८१	,,	८१	,,	२४३	,,	र	४०५	,,		१ वाहिना
२४३	,,	२४३	,,	७२६	,,	र	१२१५	,,		१ पृवना
७२६	,,	७२६	,,	२१८७	,,	र	३६४५	,,		१ चमृ
२१८७	,,	२१८७	,,	६५६१	,,	र	१०६३५	,,		१ अनकिनी
२१८७०	,,	२१८७द्य	,,	६५६१०	,,	र	१०६३५०	,,		१ अक्षैहिणी

पहिलो (Previously) - Hundred thousand - million - ten million - hundred million - Thousand million - Ten thousand million - hundred thousand - million - billion - ten billion - hundred billion - Thousand - billion - Ten thousand billion - hundred thousand billion - - Trillion and so on. पहिले यस्तो लेखिन्थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस अनुसार,

संस्कृत Sanskrit	ग्रीक Greek	ल्याटिन Latin	गोठिक Gothic	अंग्रेजी English
दश Dasa	डेका Deca	डेकम Decum	टेहुन Taihun	टेन Ten

यस्तै गरी अंग्रेजी शब्दहरू 'Hundred' र Thousand को संस्कृत शब्दहरूसंगको सम्बन्धको बारेमा खोजनीति गर्नु अति आवश्यक हुन आउँछ। 'शत' र 'सहस्र'को Hundred र Thousand शब्दहरूसंगको सम्बन्ध त्यति प्रष्ट छैन। तर Joseph T. Shipley ले प्रष्टसंग के भन्नु भएको छ भने Hundred (100) शब्द आर्य शब्दको 'हण्ड (Hund) बाट आएको र 'red' को अर्थ 'गन्नु' हो।[1] त्यसकारण संस्कृत र आर्य भाषाको पनि सम्बन्ध थाहा पाउनु जरुरी छ। आर्य समाज र हिन्दू समाज एउटै कुरा हो। त्यस्तै गरी 'Thousand' शब्द पुरानो अंग्रेजहरूको भाषा Anglo-Saxon को 'Thousand' शब्दबाट आएको हो जसको मूल शब्द 'Tus' आर्य भाषाबाट आएको हो जसको अर्थ बल, ताकत (Force) भन्ने जनाउँछ भने संस्कृत शब्द 'Towas' को अर्थ पनि बल नै हो।[1] Thousand को सही अर्थ 'बलीयो सय' 'ताकतदार सय' भन्ने जनाउँछ। कति रमाइलो रहेछ त, एउटा '0' सुन्ना थपेपछि कन बलियो हुँदो रहेछ अथवा ताकत भएको एक 'a' को पछाडि ताकत नभएको 'o' थपेपछि १ त एकदम

1 Joseph T. Shipley 19 —? Dictionary of Word Origins. Page 245-247

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वलियो हुँदो रहेछ अथवा ताकत भएको एक '१' को पछाडि ताकत नभएको '0' थपेपछि १ त एकदम वलियो हुंदो रहेछ । अनि अंग्रेजीको million शब्द ल्याटिन भाषाको Mille = 'हजार' भन्ने शब्दवाट आएको हो ।[1]

अब यसपछिका अंग्रेजी शब्दहरू केही पनि नबुझिने खालका छैनन् । जस्तैः– Ten million, र Hundred million । Billion शब्द एक पटक हेरौं । 'Bi' शब्द 'द्वी' को अर्को अपभ्रंश शब्द हो । 'Bi' को अर्थ दुई नै हो । जस्तैः–

Bi-cycle = दुईवटा पांग्रा (चक्का) भएको साइकल (मेशीन) हो ।
Bi-monthly = दुई महीनामा एक पटक निस्कने पत्र पत्रिका ।
Bi-annual = दुई वर्षमा एक पटक निस्कने पत्र पत्रिका ।
Bi-centenary = दुई सय वर्षमा मनाउने पर्व ।
Bi-metallism = दुई धातुले बनाउने प्रथा, चलन ।
Bi-nary = दुई वस्तु संलग्न भएको ।
Bi-nocular = दुई आंखा लगाएर टाढा हेर्ने यन्त्र ।

इत्यादि, इत्यादि सयौं शब्दहरू छन् ।

संस्कृतको 'द्वी' शब्दको अपभ्रंश भएर Twi (ट्वी) भएको र यसवाट बनेका शब्दहरू र साथै 'द्वी'को अर्को अपभ्रंश भएर Du (दु)वाट पनि अरु शब्दहरू बनेका उदाहरण यस अध्यायको पृष्ठ नं ६० मा उल्लेख भइसकेको छन् ।

1 Joseph T. Shipley 19.. ? 'Dictionary of Word Origins'. Page 245-247

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब आएर तालिका नं. १ मा उल्लेखित Billion पछिका शब्दहरू जस्तै Trillion (त्री = तीन), Quadrillion (चातुर = चार), Quintillion (Pentillion को अपभ्रंश), Sextillion, Septillion, Octillion आदि शब्दहरू सबै संस्कृत शब्दहरूबाट नै बनेकाले यहाँ केही उल्लेख गर्नु पर्ला जस्तो लाग्दैन ।

अब तालिका नं. १ लाई एक पटक वैज्ञानिक दृष्टिकोण "प्राचीन हिन्दू विज्ञान" को दृष्टिकोणले हेरौं ।

माथि तालिका नं. १ मा उल्लेख भएका गणित सम्बन्धी अंकहरुको विकास आजको पश्चिमी समाजबाट भएको होइन । बरु पश्चिमी समाजको सभ्यता शुरु हुनु भन्दा पहिले नै (दशौं हजार वर्ष पहिले) हाम्रा पुर्खाहरूले प्रयोग गर्दै आएका गणितका अंकहरु हुन् । त्यस बेला त्यति ठूलो संख्यामा गन्नु पर्ने अंकहरुको किन जरुरत प-यो ? यो कुरा अति गहीरो छ । बरु आज हामीलाई ती अंकहरु गन्न जरुरत परेन अथवा बुझ्नै चाहेनौं । हाम्रा ती दशौं हजार वर्ष पहिलेका पुर्खाहरुले केवल अंकहरुको विकास मात्र गरेका होइनन्, ती अंकहरुका प्रयोग समेत कसरी गरे भन्ने कुरा महाभारतको लडाँइमा संलग्न हात्ती, घोडा र सिपाँही [प्यादी]को संख्याबाट थाहा हुन्छ । एक अक्षौहिनी फौजमा जम्मा १,९६,८३० प्राणी हुन्छन् । त्यसैले १८ अक्षौहीनीमा जम्मा ३५,४२,९४० प्राणीको फौज लडेका थिए। यस अध्यायमा मुख्य भन्न खोजिएको कुरा के हो भने संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको माध्यमबाटै आजको पश्चिमी गणित भाषा [अंग्रेजी गणित भाषा] को विकास भएको हो। अर्को तिर हाम्रा पुर्खाहरूका सारा प्राचीन हिन्दू विज्ञान यही संस्कृत भाषामै लेखिएका थिए। त्यसो भएकोले संस्कृत भाषाको उत्खनन् गर्न सा-है ढिलो भइसक्यो। संस्कृत भाषाको पुनर्जागरणबाट नै यो देशको, यो हिन्दू समाजको र आजको संसारभरको हिन्दू (आर्य, वैद्धिक) समाजको पुर्ननिर्माण गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको दोस्रो भाग

पारिवारिक शब्दहरूको विकास सम्बन्धी

शब्दहरुको पहिलो विकास घरबाट नै शुरु हुन्छ । घरको परिवारको नाम, घरको नाम आदिमा अंग्रेजी र संस्कृत शब्दहरु बीच जुन घनिष्ट सम्बन्ध देखा प-यो त्यो साह्रै घत लाग्दो मात्र नभई अकाट्य रूपमा देखापरेको छ। पाठक वर्गहरूले यसमा अरु प्रशस्त उदाहरणहरू थप्न सक्नु हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको दोस्रो भाग

पारिवारिक शब्दहरुका विकास सम्बन्धी

संस्कृत र अंग्रेजी भाषाको वीचमा सुमधुर मात्र होइन, अकाट्य सम्वन्ध रहेको देख्दा एकातिर छक्क पर्नु पर्ने परिस्थिति देखिन्छ भने अर्कोतिर आजको हाम्रो हिन्दू समाजमा कस्तो दुःख लाग्दो मानसिक खिया लागेको हो बुझ्नै नसक्नु छ । आज जुन संस्कृत भाषाले अंग्रेजी भाषा जन्मायो त्यही संस्कृत भाषाको नाम निशान पनि छैन । अनि यस भूभागका हरेक व्यक्तिले आफूलाई विर्सेर, आफ्नो पुर्खाको कमाइलाई विर्सेर सबैजना पश्चिमो देशलाई नै विकासको मुहान मानेर हिंड्दै छन् । जति शिक्षित बन्दै गयौं उति पश्चिमी समाजको हामी नोकर बन्दै गइरहेका छौं र आफ्नो प्राचीन सभ्यतालाई बिर्सदै गयौं । मेरो यो सानो प्रयास हाम्रो प्राचीन हिन्दू विज्ञान विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको माध्यमबाट आजको नयाँ समाजलाई आपनो मौलिकपना, आफ्नो प्राचीन सभ्यता सम्बन्धी केही हदसम्म याद दिलाउनु र आफ्नै समाजको पुनर्निमाण तिर लगाउनु हो ।

आउनुहोस् ! अब आजको अंग्रेजी भाषा कसरी हिजोको संस्कृत शब्दबाट बन्यो हेरौं । यस अध्यायमा विशेष गरी पारिवारिक शब्दहरुका विकास सम्बन्धी चर्चा गर्ने छु । यो चर्चा केवल नमूना मात्र हो, यही नै सबै होइन । यसको अरु विस्तृत अनुसन्धान एवं खोजीको लागि पाठकवर्ग र अनुसन्धानकर्तालाई जिम्मा दिन्छु ।

सबभन्दा पहिला कुनै पनि परिवारको एउटा नाम हुन्छ । संस्कृत शब्द "नाम" बाट अंग्रेजी शब्द "Name" बनेको कुरा नबिर्सौं । अनि परिवारको संख्या "नम्बर" संस्कृत शब्दबाट अंग्रेजी शब्द "Number" बनेको कुर नबिर्सौं । मानिसको हरेक परिवारको आफ्नै, कुल, गोत्र, वंश आदि हुन्छन् । ती पुर्खौली शब्दहरुलाई संस्कृत भाषामा "जनस" भनिन्छ । "Genus" भन्नाले कुनै पनि जीवित वस्तुको परिवार, कुल अथवा वंश, गोत्र भन्ने बुझिन्छ ।

अनि 'जनस' शब्दबाट अंग्रेजीको 'Genus' शब्द बन्दा निम्न अनुसार बन्न गयो ।

जन (Gen) = To give birth to, to be born (जन्माउनु अथवा जन्मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत Sanskrit	ग्रीक Greek	ल्याटिन Latin	गोठिक Gothic	अंग्रेजी English
जनस Janas	जेनस Genos	जेनस Genus	जीनस Genus	जीनस Genus

यसरी संस्कृत भाषाको 'जनस' शब्दबाट अंग्रेजी भाषामा 'Genus' शब्द बन्यो अथवा ग्रीक र ल्याटिन भाषामा मात्र केलाएर हेर्दा वहुवचनको रूपमा निम्न अनुसार हुन्छ।

	एकवचन Singular	वहुवचन Plural
संस्कृत (Sanskrit)	Janas	Janasas
ग्रीक (Greek)	Genos	Genous
ल्याटिन (Latin)	Genus	Genera
अंग्रेजी (English)	Genus	Genera

यसरी भाषाविद् John Lyons (1979) ले 'Genus' शब्दको व्याख्या गर्नुभएको छ।[1] अंग्रेजीमा 'Genus' शब्दको सही अर्थ हो परिवार (Femily) अथवा 'कुल' (Race) र 'Kin' पनि भनिन्छ। अब 'जनस'को मूल जरा 'Gen' बाट कसरी अन्य थुप्रै शब्दहरु बने केलाएर हेरौं।

१ Gene (जीन) = वंशाणु
२ Genetics (जेनेटिक्स) = वंशाणु सम्बन्धी विज्ञान
३ Geneticist (जेनेटीसिस्ट) = वंशाणु सम्बन्धी विज्ञ
४ Genealogy (जेनियलोजी) = वंशावलि, पुर्ख्यौली इतिहास
५ Geuus (जीनस) = पुर्खा, वंश, कुल

1 John Lyons 1979......

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६ Genesis (जेनेसिस) = जन्मको शुरुवात
७ Eugenics (युजेनिक्स) = मनुष्यको वंश विकास गर्ने सम्बन्धी विज्ञान। 'Eu' को अर्थ असल ('सु' को अपभ्रंश भएर 'Eu [यु] भएको)
८ Generate (जेनेरेट) = सृष्टि गर्नु
९ Generation (जेनेरेशन) = सृष्टि
१० Generative (जेनेरेटिभ) सृष्टि सम्बन्धी
११ Generator (जेनेरेटर) = सृष्टिकर्ता
१२ Genius (जेनियस) = अनौठो, अपूर्व बुद्धि भएको महापुरुष (यो 'गणेश' शब्दबाट आएको हो।)
१३ Generic (जेनेरिक) = सृष्टि सम्बन्धी
१४ Regeneration (रिजेनेरेशन) = पुनर्सृष्टि, पुनर्जागरण र यसका अन्य शब्दहरू
१५ Degeneration (डिजेनेरेशन) = खिइएको पुर्खा र यसका अन्य शब्दहरू
१६ Generous (जेनेरस) - उत्सुकले भरिएको
१७ General (जेनेरल) = सबै पुर्खा, कुल सम्बन्धी र आखिरमा 'साधारण'
१८ Gentle (जेण्टल) _ शुरुमा आफ्नो पुर्खाको 'भलादमीपना' र आखिरमा मानिसको 'भलादमीपना'
१९ Indegenous (इण्डिजेनस) = कुनै खास ठाउँको पुर्खा, पछि अरु विषयमा पनि
२० Progenitor (प्रोजेनिटर) = पुर्खाको शुरुको व्यक्ति
२१ Heterogeneous (हेटेरोजेनियस) = विभिन्न वंशहरुबाट बनेका समूह (शुरुमा मानिसको लागि), पछि अरुको पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२२ Homogeneous (हेमोजेनियस) = एउटा वंशको समूह
२३ Congenial (कनजेनियल) = एउटै वानी वेहोरा भएको
२४ Congenital (कनजेनिटल) = जन्मेको शुरुदेखि नै भएको

मैले यसरी एउटा संस्कृत शब्दवाट वनेका अनेकौं अंग्रेजी शब्द-हरूको व्याख्या गर्न थाले भने म आफै पनि हराउँछु होला । त्यसैले 'जनस' शब्दवाट आएका अंग्रेजी शब्दहरुको व्याख्या यतिमै छोडौं । अब आउनुहोस् हाम्रो घर परिवारमा भएका विभिन्न पारिवारिक सम्बन्धवाट वनेका अंग्रेजी शब्दहरु छोट-करीमा केलाएर हेरौं । 'मानव' शब्दको अपभ्रंश भएर 'मान' (हनुमान)वाट अंग्रेजीमा 'Man' भयो । अनि संस्कृत शब्द 'भम' (नारी)वाट "Woman" कसरी वन्यो भन्ने कुरा Joseph T. Shipley ले पेज नं. ३६२ मा दिनु भएको छ[1] ।

संस्कृत Sanskrit	ल्याटिन Latin	गोठिक Gothik	अंग्रेजी[2] English
मातृ, मातर Matri, Matar	मातर Mater	मदर Madar	मदर Mother
		मथर Mother	
पितृ, पितर Pitri, Pitar	पातेर Pater	फादर Fadar	फादर Father

1 Joseph T. Shipley ....
2 John Lyons 1970. An 'Introduction to Theoritical English'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

		फाथर Father	
भ्रातृ, भ्रातर Bhratri, Bhratar	फ्रातर Fratar	ब्रधर Brothor Bro0r(★)	ब्रदर Brother
सुनु Sunu, Sonu			सन Son
दुहितृ, दुहितर Duhitri, Duhitar			डटर Duaghter
स्वसृ, स्वजार Sosri, Sosar			सिस्टर Sister

यसरी एक परिवारमा मुख्यतया आमा, वावु, भाइ वहिनी, छोरा, छोरो हुने भएकोले यी सवै अंग्रेजी शव्दहरू संस्कृतवाट नै आएका हुन् भन्ने कुरा छर्लङ्ग छ ।[1] तर पनि संस्कृतमा कुनै वस्तु या मानिसको नाम विभिन्न शव्दहरुवाट पुकारिने भएकोले विभिन्न सदस्यहरूको संस्कृतमा नाम तल दिइएका छन् ।

१ धव, प्रिय, पति, भर्तृ (४) = लोग्ने
२ आत्मज, तनय, सूनु, सुत, पुत्र (५) = छोरा
३ आत्मजा, तनया, सुनु, सुता, पुत्री, दुहितृ (६) = छोरी
४ अपत्य, तोक (२) = सन्तान

---

1 ज्ञान लाल श्रेष्ठ वि. सं. २०४८ 'संस्कृत र अंग्रेजी भाषाको खोजीमा' 'सन्मार्ग' अंक १० पेज २७-३०

★Q = ठिटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५ औरस, औरस्य [२] = आफूले आफ्नी स्त्रीबाट पाएको छोरा

६ तात, जनक, पितृ [३] = पिता, बुवा

७ जयथित्री, प्रसु, मातृ, जननी [४] = आमा

८ भगिनी, स्वसृ [२] = दिदी, बहिनी

९ ननान्दृ [१] = नन्द, आमाज्यू

१० नप्त्री, पौत्री [२] = नातिनी

११ नप्तृ, पौत्र [२] = नाति

१२ यातृ [१] = देउरानी, जेठानी

२३ प्रजावती, भ्रातृजाया [२] = भाउज्यू, भाइबुहारी

१४ भ्रात्रीय, भ्रातृज [२] = भतिजा

१५ मातुलानी, मातुली, मातुल [३] = माइज्यू

१५ श्वश्रू [१] = सासू (पोइको आमा)

१७ श्वसुर [१] = ससुरा (पोइको बुवा)

१८ पितृव्य [१] = काका, जेठा काका, बुवाहरु

१९ मातुल [१] = मामा

२० श्याल, स्याल [२] = साला र जेठान

२१ देवृ, देवर [२] = देवर र जेठाजु

२२ स्वस्रीय, भागिनेय [२] भानिज

२३ जामातृ, विट्पति [२] = छोरी ज्वाइ

२४ भाम भगिनीपति [२] = बहिनी ज्वाइ, भिनाजु

२५ पितामह, पितृपितृ [२] = बुवाको बुवा

२६ प्रपितामह [१] = बाजेको बुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२७ मातामह, मातृपिता [२] = आमाको बुवा
२८ प्रमातामह [१] = आमाको बुवाको बुवा
२९ सपिण्ड, सनाभि [२] = सात पुस्ता भित्रको दाजुभाइहरु
३० समानोदर्य, सोदर्य, सगर्भ्य, सहज [४] = एकै भुंडीका दाजुभाइ

'मातर र मातृ' शब्दहरूबाट उत्पत्ति भएका शब्दहरु:

अब यसमा दुई, चारवटा शब्दहरू केलाएर हेरौं । मातर शब्द गोठिक भाषामा पुगेपछि 'Madar' मदर अथवा 'Mother' मथर दुबै शब्दहरू बनेको देखिन्छ। अनि आजको अंग्रेजी, भाषामा अंग्रेजहरूले Da = द लेख्दा 'th' लेखे अथवा 'th' को उच्चारण 'थ' हुनुको सट्टा 'द' भयो। यसरी मातर शब्दबाट ल्याटिन भाषामा Matar (मातर) भई अंग्रेजीमा पुग्दा 'मदर हुन गयो। यति मात्र होइन, ल्याटिन भाषाको Matar शब्दबाट थुप्रै अंग्रेजी शब्दहरू बने। जस्तै:–

Maternal = आमा सम्बन्धी। जस्तै: Maternal uncle (मामा)
Maternal aunt (माइजू)

Maternity = मातृपन। जस्तै:– Maternity hospital (प्रसुतीगृह)

तर ' ater' अगाडि भए पनि 'आमा' सम्बन्धी अर्थ नलाग्ने शब्दहरू पनि थुप्रै छन्। जस्तै:–

Material = पदार्थ, वस्तु
Materialize = वास्तविक हुनु, साकार गराउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Materialist = भौतिकवादी, नास्तिक आदि, आदि ।
Matriotism = मातृभूमिभक्ति, देशभक्ति
Matriarch = मातृसत्ता
Matricide = मातृहत्या
Matricidal = मातृहत्या सम्वन्धी
Matrilineal = आमा वा स्त्रीवाट मात्रै जानिने
Matron = विवाहित स्त्री, गृहिणी
Matronal = मालिकनी सम्वन्धी
Matronage = गृहिणीको पद
Matronhood = गृहिणीको पद
Matronise = गृहिणीवत् हुनु

तर 'Matri' अगाडि आए पनि मातृ नजनाउने शब्दहरु पनि थुप्रै छन् । जस्तै:–

Matric = Matriculation (SLC जाँच सरहको; प्रवेशिका परीक्षा
Matrimony = विवाह संस्कार, विवाह विधी
Matrimonial = विवाह सम्वन्धी
Matriculate = प्रवेशिका परीक्षा पास गर्नु

'पितृ, पितर' शब्दहरुवाट उत्पत्ति भएका अंग्रेजी शब्दहरु

'पितृ' र 'पितर' शब्द ल्याटिन भाषामा पुगेपछि अपभ्रंश भएर Patri (प्याट्री) र Pater (पातर) शब्दहरू वने । अनि 'पातर'वाट कसरी फादर (Father) वन्यो भन्ने कुरा पनि उल्लेख भइसकेको छ । अव 'पातर' र 'प्याट्री'वाट वनेका शब्दहरू हेरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

paternity = पितृपन
Paternal = पैतृक
Paternally = पैतृक तवरले

तर Pater शब्द अगाडि आए पनि पितृ अर्थ नलाग्ने शब्दहरू पनि छन् । जस्तै:-

Paternoster = ईश्वरको प्रार्थना अथवा भजन
Paternostercine = माछा समात्ने ठूलो जाल

अब 'पातृ' (Patri)वाट वनेको पिता सम्वन्धी अंग्रेजी शब्दहरू एक पटक केलाएर हेरौं ।

Patriarch = परिवारको मालिक (पिता), प्तृसत्ता
Patriarchal = पितृकूलका, वावु गोताको
Patriarchism = पितृकुलको शासन
Patriachy = पितृकुलको आधिपत्य
Patrician = कुलीन
Patricide = पितृहत्या
Patricidal = पितृहत्या सम्वन्धी
Patrimonial = पैतृक धन सम्वन्धी
Patrimony = पैतृक धन
Patriot = देशभक्त, देशप्रेमी
Patron = संरक्षक (विशेष गरी पिता हुने भएकोले)
Patronage = सहायता

माथि उल्लेखित सम्पूर्ण सब्दहरू 'पिता' सम्वन्धी हुन् र ती शब्दहरू केवल नमूनाहरू मात्र हुन् ।

संस्कृत शब्द 'सतम्'वाट ल्याटिन भाषामा पुग्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेन्टम (Semtum) भएँछ। अनि त्यसवाट Cent भएको कुरा Joseph T. Shipley ले दिनु भएको छ (पेज नं.१२२)। अनि त्यहीवाट डलर (dollar) को सय भागको एक भाग cent भएको हो।

संस्कृतको 'धाम' (House of the God) बाट ग्रीक भाषामा जाँदा धामबाट 'देमा' (Dema) भएको देखिन्छ भने ल्याटिन भाषामा पुग्दा 'दोमस' (domus) भएछ। अनि यही शब्दवाट आजको रसियन भाषामा 'दोम' (घर) भएको कुरा देखियो। यो दोम (dom) शब्द गोठिक भाषा भएर Anglo saxon भाषामा पुग्दा 'Ham' भएको कुरा पनि Joseph T. Shipley ले वताउनु भएको छ (पेज नं. १२३-१८२)।

यसबाट असंख्य शब्दहरुको विकास भएको बुझिन्छ। जस्तै:- Domesticate

अनि घरको मूल ढोका Door शब्द संस्कृतको 'द्वार' (Dwar) बाट आएको हो।

संस्कृत Sanskrit	ग्रीक Greek	ल्याटिन Latin	अंग्रेजी English
द्वार Dwar	द्वेरा Thera	Fares (outside the door)	डोर Door

'भ्रातृ, भ्रातर' बाट 'फ्रातर' (Fratar) भई भाइ सम्बन्धी अंग्रेजी शब्दहरू:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी 'मातृ, मातर' र 'पितृ, पातर' शब्दहरुबाट असंख्य अंग्रेजी शब्दहरू बने त्यसै गरो 'भ्रातृ, भ्रातर' शब्दको ल्याटिन शब्द Fratar बाट पनि केही शब्दहरू बनेका छन्। जस्तै:-

Fratricide = भ्रातृहत्या
Fratricidal = भाइहत्या सम्बन्धी
Fraternal = भाइ समान
Fraternity = बन्धुत्व
Fraternize = मित्रता गर्नु
Fraternization = दाजु भाइको मेल मिलाप

अब यसै गरी 'सुनु' शब्दबाट Son शब्द कसरी बन्यो? 'स्वासार' शब्दबाट सिस्टर शब्द कसरी बन्यो? र 'दुहितर' शब्दबाट Daughter शब्द कसरी बन्यो? हामी सजिलैसंग कल्पना गर्न सक्छौं ।

संस्कृतमा छोरीलाई दुहिता भनी पुकारिन्छ । किनभने दुहिता को अर्थ दुवैतिर हित गर्ने वा कल्याण गर्ने, आमा बाबुको घर (माइती) र पति (श्रीमान)को घर पनि सम्हाल्ने भएकोले संस्कृतमा छोरीलाई दुहिता भनिन्छ । यसको बहुवचनमा 'दुहितर' हुने भएकोले 'डटर'को हिज्य (Spelling) Daughter भएको हो ।

अनि मानव शब्दबाट जुन Man शब्द बन्यो यसको केही ऐतिहासिक विशेषतातिर पनि हेरौं । हाम्रो प्राचीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू सभ्यतामा मानव शब्द अति पुरानो छ । जस्तैः- हनुमान (Hanuman) । पवनको छोरा हनुमानको विवरण प्राचीन ग्रीक र रोमन सभ्यतामा पनि प्रशस्त पाइन्छ । मलाई विश्वास छ त्यसबेला हनुमान शब्दको अपभ्रंश भएर अंग्रेजी-मा पुग्दा Human शब्द बन्न गयो । किनभने हनुमानको चर्चा रामायण जस्तो ७००० वर्ष भन्दा पुरानो मानवीय सभ्यताको इतिहासमा चरम् सीमामा पुगिसकेको थियो । अनि यस्तो प्रख्यात शब्दबाट Human बनेर त्यसबाट कैयौं अंग्रेजी शब्दहरू बने । अहिले आएर त्यस शक्तिशाली हनु-मान जस्तो शब्दबाट Himan शब्द बन्न पुग्यो ।

Human (ह्यूमान) – मानवीय, मानव जातिको । जस्तैः–
Human being

Humanity (ह्यूम्यानिटी) = मानवता, दया
Humanitarian (ह्यूम्यानिटरियन) = मानवताप्रेमी
Humanism (ह्यूम्यानिजम) = मानवता
Humanely (ह्यूम्यानली) दयापूर्वक
Humanist (ह्यूम्यानिस्ट) = मानव स्वभावको अध्ययन गर्ने मानिस

यस विषयमा पाठकवर्ग र अध्ययनकर्ताले अरु अध्ययन गर्नुहोला । 'गणेश' शब्द र 'Genius' शब्दका शब्दकोषमा खोज्दा खोज्दै एउटै अर्थ देखियो । त्यो हो– "अनौठो अपूर्व बुद्धि भएको महापुरुष"। हामीले यूरोपियन, अमेरिकन साथी-हरुलाई 'गणेश' भन्नुस् भनी सोध्यौं भने शायद तिनीहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गिणेयस् (Gineus) भनी उच्चारण गर्छन् होला । अनि G लाई 'ग' अथवा 'ज' कुनै पनि भनिने हुनाले 'गिणेयस' को सट्टा कहीं 'जिनीयस' त भएन के? किनभने गणेश भन्नाले ज्ञानको भण्डार भन्ने वुझिन्छ । अनि 'मान'वाट Man (म्यान) त भइहाल्यो । यसलाई मिलाएर भन्ने हो भने 'Ganesh M is the Genius man' भन्न सकिन्छ । यसको तात्पर्य कुनै व्यक्ति विशेषलाई तोकेर भनिएको होइन ।

अव एक पटक यसरी परिवारका सबै सदस्यहरू वस्ने 'घर' शब्दलाई एक पटक फेरि केलाएर हेरौं ।

प्रख्यात संस्कृतका विद्वान श्री नरहरिनाथ योगीज्यूले 'धाम' र 'होम' शब्द वीच निक्कै नजिकको सम्वन्ध छ भनी लेख्नु भएको छ । अव यो शब्दलाई अलि विशेष रूपले छान-विन गरौं । संस्कृत शब्दमा 'धाम' (Dham) भन्नाले House of the God, House of the Lord भन्ने वुझिन्छ। जव यो शब्द ग्रीक भाषामा पुग्यो यसको अपभ्रंश भएर 'देम' (Dema) भयो र ल्याटिन भाषामा पुग्दा 'दोमस' (Domus) भएको कुरा Joseph T. Shipley ले प्रष्टसंग लेख्नु भएको छ ।[1] यसैवाट आजको अंग्रेजी शब्द, ल्याटिन शब्द पुरानो अंग्रेजो भाषा Anglo–saxon मा पुग्दा Ham भई यसैवाट (Home) भएको कुरा वुझिन्छ । रसियन भाषामा Dom को मतलव घर हुन आउँछ ।

---

1 Joseph T. Shipley 19 ... ...? 'Dictionary of word Origins.' Page 123

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत	ग्रीक	ल्याटिन	रसियन	पुरानो अंग्रेजी	अंग्रेजी
Sanskrit	Greek	Latin	Russian	Anglo-Saxon	English
धाम	देम	दोमस	दोम	हाम	होम
Dham	Dema	Domus	Dom	Ham	Home

अनि Dome लाई आधार मानी अंग्रेजीमा घरेलु कुरा को लागि निम्न शब्दहरूको विकास भएको देखिन्छ । जस्तैः–

Domestic (डोमेस्टिक) = घरायसी, घरेलु जस्तैः– Domestic duties, Domestic quarrel

Domesticate (डोमेस्टिकेट) = जंगलीलाई पाल्तु बनाउनु, सभ्य बनाउनु, सघाउनु

Domestically (डोमेस्टिकल्ली) = घरायसी ढंगले

Domestication (डोमेस्टिकेशन) = सभ्य, पाल्तु बनाउने काम

आदि थुप्रै शब्दहरू छन् ।

यस्तै गरी 'Dom'बाट पनि घरको मुख्य मानिस, मालिकको हक, अधिकार, कर्तव्य आदि अर्थ दिने थुप्रै अंग्रेजी शब्दहरू बनेको देखिन्छ । जस्तैः–

Dominate (डोमिनेट) = घरको, समाजको, देशको, मुख्य व्यक्तिले जिम्मेवारी वहन गर्नु

Domination (डोमिनेशन) = शासन आधिपत्य, अधिकार, प्रभुत्व

Dominant (डोमिनेन्ट) = प्रधान, प्रबल

Dominance (डोमिनेन्स) प्रधानता, महत्व

Dominicide (डोमिनीसाईड) = स्वामीको हत्या

Dominion (डोमिनियन) अधिकार, प्रभुत्व

आदि थुप्रै शब्दहरु छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी संस्कृत शब्द 'धाम'बाट कसरी ातिका विभिन्न अर्थ दिने अन्य थुप्रै अंग्रेजी शब्दहरु बन्न पुगे बडो रहस्यमय कुरा छ । भविष्यका युवापिढीहरूले यसतर्फ निक्कै काम गर्नुपर्नेछ ।

यसै सिलसिलामा घरको मूलढोका 'द्वार' शब्दबाट अंग्रेजी भाषामा door (डोर) शब्द कसरी बन्यो त्यो पनि हेरौं ।

संस्कृत Sanskrit	ग्रीक Greek	ल्याटिन Latin	अंग्रेजी English
द्वार Dwar	द्वेर? Thera	फोरस Fores	डोर Door

यसरी अंग्रेजी भाषामा 'द्वार'बाट 'डोर (oor) बनेको कुरा पनि छर्लङ्ग छ ।[1] यसमा एउटा रमाइलो कुरा छ।

ल्याटिन भाषाको Fores (ढोका) शब्दले बाहिर (Outside the door)बाट आएको मानिस भन्ने अर्थमा 'Foreigner' शब्द बनेको र ढोका बाहिरको ठाउँ जंगल भएकोले 'Forest' भन्ने शब्दहरूको विकास भएको हो ।[1]

अब म यसै सिलसिलामा केही शब्दहरु अनुसन्धानको लागि पाठकवर्गको हातमा सुम्पन चाहन्छु । मैले नै यी शब्दको व्याख्या गर्नुको सट्टा पाठकवर्ग तथा अनुसन्धानकर्ताहरुले

1 Joseph T. Shipley. 'Dictionary of word Origins.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोजनीति गर्नु भई आउँदा यस्तै पुस्तकहरूमा समावेश गर्न सक्नु भयो भने राम्रो होला ।

सर्वनाम सम्बन्धी संस्कृत र अंग्रेजी भाषाको सम्बन्धः–

संस्कृत Sanskrit	अंग्रेजी English	नेपाली Nepali
अहम् Aham	आई I	म Ma
वयम् Woyam	वी We	हामीहरू Hamiharu
यूयम् Yuam	यू You	तिमीहरू Timiharu
स: Sa	हो He	त्यो Tyo
ते Te	दे They	तिनीहरू Tiniharu
इदम्, इद् Idam, Id	इट It	यो Yo
अष्माकम् Ushmakam	अस us	हामीलाई Hamilai
युष्माकम् Yushmakam	यू You	तिमीलाई Timilai
मम, मे Mama, May	माई My	मेरो Mero

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको तेस्रो भाग

वैज्ञानिक शब्दहरूको विकास

प्राचीन हिन्दू विज्ञानको लेखाजोखा गरी साध्य छैन। यिनै प्राचीन हिन्दू विज्ञानका संस्कृत शब्दहरूबाट आजको अँग्रेजी भाषाका वैज्ञानिक शब्दहरू-को विकास भयो। केवल दुई चारवटा शब्दहरु नमूनाको रूपमा प्रस्तुत गरेको छु। पाठकवर्गले यस विषयमा अरु पनि अवश्य खोजनीति गर्नु होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको तेस्रो भाग

वैज्ञानिक शब्दहरूको विकास

वैज्ञानिक क्षेत्रमा समेत संस्कृत शब्द अथवा संस्कृतबाट आएका प्रादेशिक शब्दहरूको गहिरो असर देखिन आएको छ। यस विषयमा पनि केही शब्दहरू उल्लेख गर्नु उपयोगी हुनेछ।

कतिपय बोट विरुवाहरूको वैज्ञानिक नामहरू (Genus जिनस, Species स्पेसिज) समेत संस्कृत अथवा प्रादेशिक भाषा बाट बन्न गएका छन्। यो Genus शब्द संस्कृत शब्द 'जनस' 'परिवार' अथवा जाति इत्यादिवाट आएको हो। यो शब्द-लाई ग्रीक भाषामा Genos भनिन्छ।

यसको एकवचन र वहुवचन निम्नानुसार हुन्छ।

	एकवचन	वहुवचन
ग्रीक भाषा	Genos	Genous

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याटिन भाषा	Genus	Generies-Genera
संस्कृत भाषा	Janas	Janasas

यसरी भाषाविद् जोन लेअन्सले Genus शब्दको व्याख्या आफ्नो पुस्तकमा गर्नु भएको छ। अंग्रेजीमा Genus शब्दको सही अर्थ Kin हो जसको अर्थ family or race हुन्छ। शब्दको अपभ्रंश हुन जाँदा हामीलाई यस्तो भान पर्छ कि मानौं यो कुनै अरु नै भाषा हो। एकपटक तल लेखिएका शब्दहरू केलाएर हेरौं। खेती गर्ने उखुको वैज्ञानिक नाम Saccharum Officinarum (साक्कारम् अफिसिनारम) भन्ने चलन छ। यो साक्कारम' भन्ने शब्द हामीले राम्ररी नबुझ्नाले यो कुनै विदेशी शब्द जस्तो लाग्छ। तर मेरो जहाँ सम्म तर्क छ यो साक्कारम होइन वल्कि 'सख्खरम्' हो। किनभने 'Sacchar' भन्नाले 'सख्खर' हो। सोह्रौं शताब्दी र त्यसपछि जव ग्रीक र रोमनहरू यो क्षेत्रको भ्रमणमा आउन थाले त्यसवेला यस क्षेत्रमा उखुको रसवाट वनाउने सख्खरको प्रयोग निक्कै भइरहेको थियो र यही कारणले उखुको वैज्ञानिक नामको पहिलो शब्द (जिनस) राखिन पुग्यो। तर यही शब्द जव यूरोपको गोरा जातीले वोल्न थाले यसलाई 'सख्खरम्' भन्नुको सट्टा 'साक्कारम्' भन्न थाले। जसरी हामीले 'हरि' भनेर बोलाउछौं- त्यही शब्द अमेरिकन अथवा अंग्रेजलाई उच्चारण गर्न लगायौं भने हरिको सट्टा 'हयारो' भन्छन्। यसैले उखुको जिनस नाम 'साक्कारम् होइन 'सख्खरम्' हो। स्पेसिज नाम 'अफिसिनारम्'को अर्थ ल्याटिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा मेडिसिनल अथवा औषधि भन्ने माने बुझाउँछ। यो स्पष्ट छ कि त्यस जमानामा अहिलेको जस्तो उखु खेती धेरै नभएकोले र यो सख्खर निक्कै कम उपलब्ध हुने भए-कोले केवल बिरामी मानिसले औषधिको रूपमा मात्र प्रयोग गर्थे। त्यसो हुनाले यसको स्पेसिज नाम 'अफिसिनारम्' हुन गएको हो। 'अफिसिनारम्' को सही अर्थ 'मेडिसिनायलिस' हो। यस्तै गरी नेपालको तराई क्षेत्रमा जंगली उखु 'मंुज' को वोट जतातत्तै पाइन्छ। यो जंगली उखुको वैज्ञानिक नाम 'सख्खरम् मंुज' राखिएको छ। यसरी स्पेसिज नाम नै स्थानीय भाषाको मुंजवाट रहन गयो। यसै सिलसिलामा चिनीको नाम नै Sugar (सुगर) कसरी हुन गयो भन्ने कुरा उल्लेख गर्दछु। यो क्षेत्रको विभिन्न प्रदेशहरूमा 'सु' भन्नाले 'असल' भन्ने अर्थ लाग्दछ। जस्तैः- सुअवसर इत्यादि। 'गुड' भन्नाले केही मिठो कुरा पकाएको भन्ने अर्थ लाग्दछ। यशरी 'सु + गुड' वाट नै अपभ्रंश भएर 'सुगर' भन्ने शव्द वन्न गएको हो भन्ने तर्क लगाउन सकिन्छ। अनि यसै सिलसिलामा 'चिनी' भन्ने शव्द पनि यसै गरी वन्न गएको हो। यो प्रदेशमा उखुको रस-वाट 'सख्खर' वनाएको जस्तै चीन देशमा यही उखुको रस-लाई विभिन्न तरिकावाट पकाई सेतो नुन जस्तै (आजको चिनी) विकास गर्‍यो। यसरी चिनी पहिलो पटक चीनमा वनाएको र चीनवाट यो प्रदेशमा आएपछि 'यो कहाँवाट आएको हो?' भन्ने सिलसिलामा चीनवाट आएकोले यसको नाम 'चिनी' रहन गएको हो। त्यस्तै गरी यही नै उखुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई 'मिश्र' आजको इजिप्ट भन्ने देशमा विभिन्न तरिका-
वाट पकाई चिनीको रूप दिनुको सट्टा सेतो ठूलो-ठूलो ढिक्काको
रूपमा तयार गरियो । अनि मिश्र देशबाट यो प्रदेशमा
ल्याएकोले यसलाई मिश्री भनी नामाकरण गरिएको हो ।
अर्कोतिर हामीले अनादिकालदेखि खेती गर्दै आएको धानको
वैज्ञानिक नाम <u>ओराइजा</u> <u>सटाइभा</u> पनि यसै गरी रहन गएको
कुरा प्रमाणित हुन्छ । ग्रीक, रोमनहरू जब जहाजबाट ओहर-दोहर
गरी यो प्रदेशमा पस्न थाले त्यसबेला यहाँको बोटबिरुवा
हरुको संकलन गरी त्यस विषयमा अध्ययन समेत गर्न थाले ।
यस सिलसिलामा त्यस जमानामा (पन्ध्रौं शताब्दीतिर) ग्रीक
रोमनहरु समुद्रबाट भारतको 'उडिसा' भन्ने ठाउँमा आइपुगे
र त्यहाँबाट धानको बीऊ संकलन गरे । अनि त्यसको नाम
भन्दा पनि ठाउँको नाममा विशेष जोड दिई उडिसाबाट
जीनस नाम राख्ने प्रयास गरेको बुझिन्छ । 'उडिसा' भन्नुको
सट्टा शायद तिनीहरुले उरिसा भन्न सजिलो ठाने । अनि
उरिसालाई रोमनमा लेख्दा "उ" भनेको 'o' 'रि' भनेको
"Ry" र "सा" भनेको "za" (उनिहरुको लेखाईमा) लेखे ।
उनिहरूले बोल्दा उरिसा भन्न थाले । जब यो <u>Oryza</u>
अंग्रेजहरूले वेलायतमा प्रयोग गर्न थाले तव लिखित कुरालाई
नै पछ्याउनु स्वाभाविकै थियो । त्यसो भएपछि अंग्रेज-
हरुले उच्चारण गर्दा उरिसाको सट्टा अक्षर अनुसार
"ओराइजा" नै भन्न थाले । अनि हामीले पनि उनीहरूबाटै
सिकेको हुनाले "ओराइजा" नै भन्न थाल्यौं । त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri । यसै खास उच्चारण "ओराइजा" होइन बल्कि "उडिसा", हो। यसै सिलसिलामा "सटाइभा" स्पेसिज नामले खेती गरिने बोट भन्ने जनाउछ। "सटाइभा", "सटाइभम्", "सटाइभस्" आदि शब्दको अर्थ या त खेती गरिने बोटविरूवा हो या त खेती गरिने जगामा पाइने क्षार हो। भन्ने बुझिन्छ। त्यसै गरी धानको अर्को स्पेसिज नाम (Oryza nivara = ओराइजा निभारा) को "निभारा" भन्ने शब्दको अर्थ संस्कृतमा 'जंगली धान अथवा भगवानले सृष्टि गरेको धान' भन्ने प्रष्टसंग बुझिन्छ। यो निभारा भन्ने शब्द शुक्ल यजूर्वेदको अठारवाँ अध्यायको १२ वाँ स्लोकबाट झिकिएको हो। यो निभारा भन्ने जंगली धान लुम्बिनीको कपिलवस्तु भन्ने जिल्लामा प्रशस्त पाइन्छ।

"व्रिहृश्चमे, येवाश्चमे, माखाश्चमे, विमाश्चमे, मुदगाश्चमे, खलवाश्चमे, प्रियङ्गश्चमे, अवश्चमे, श्यामाकेश्चमे, निवाराश्चमे, गोधोमाश्चमे, मशुराश्चमे यज्ञेन कल्पन्ताम् ।" — — यस स्लोकमा सवै कृषिजन्य अन्नहरूको उल्लेख गरिएको छ जस मध्ये नीवारा (नात्रोधानको कनिका) पनि पर्दछ।

यसरी पौराणिक ग्रन्थहरुले समेत आजको विज्ञानमा वोटविरुवाहरुको वैज्ञानिक नामाकरणमा विशेष भूमिका खेलेको वुझिन्छ। यस्तो शब्दहरु एकातिर पौराणिक ग्रन्थहरुवाट आएको देखिन्छ भने अर्कोतिर यो विसौं शताब्दीमा आएर नेपालमा मात्र पाइने अथवा अधिकांश मात्रामा नेपालमा पाइने र यो भन्दा पहिले सम्म ती वोटविरुवाहरुको वैज्ञानिक खोजनिति सम्म पनि नभएकोले आज नेपालको नाउँमा मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepalensis अथवा Napaulensis अथवा Nepalense को स्पेसिज नाममा १०० भन्दा वढी वोटविरुवाहरूको नामाकरण भएको छ।

अर्को एउटा उदाहरण लिऊँ। नेपालको गर्मी हावा-पानी भएको तराई, भित्री मदेशतिर 'कदम' भन्ने रूख पाइन्छ। यो वडो ऐतिहासिक रूख हो। द्वापर युगमा श्री कृष्ण भगवानले यही कदमको रूखमा चढी वाँसुरी वजाउने गर्नु भएको र गोपिनीहरू निर्वस्त्र नदीमा स्नान गरिरहदा उनीहरूको सवै वस्त्र थाहा नपाउने गरी उठाएर यही कदमको रूखमा लुकाएको भन्ने ऐतिहासिक वर्णन पाईएकोले हिन्दूहरुले यो रूखलाई काट्दैनन्। यही रूखको नाम 'कदम' भन्ने शब्दवाट यो रूखको वैज्ञानिक नाम 'Anthocephalus cadamba' (एन्थोसेफालस कदम्वा) हुन गएको हो।

त्यस्तै गरो 'अमरफल' वोटको वैज्ञानिक नामको जिनस नाम 'Amorphophallus' हो। यो शब्द विचारणीय छ। त्यस्तै गरी झारपात जस्तै लत्ते र लुडेको सागलाई वैज्ञानिक भाषामा 'Amaranthus' भनिन्छ। अंग्रेजी भाषामा यसलाई Amaranth भनिन्छ। यो वोटको विशेषता के हो भने यसका पातहरू सदावहार खालका हुन्छन्, पात सुकेर जाँदैन। भनाइको अर्थ यस्तो किसिमको झारपाते वोट भए पनि सदावहार हुने भएकोले 'अमर' हुन्छ। त्यसैवाट यसको वैज्ञानिक नाम Ama ranth भएको हो। विचार गर्नुहोस्।

माथि उल्लेख भएका जस्ता शब्दहरू वैज्ञानिक क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्त पाइन्छन् । ती सबै शब्दहरू यसमा उल्लेख र वर्णन गर्न सम्भव नभएकोले यसमा रूची राख्ने पाठकवर्गले लेखक-सित सम्पर्क राखी अरू पनि थुप्रै कुरा थाहा पाउन सक्नु हुनेछ ।

'नभ' (डुङ्गा अथवा समुद्रमा यात्रा गर्ने साधन) शब्दको अंग्रेजी भाषाका 'नेभी' (Navy) संग अति नै गहिरो सम्बन्ध रहन गएका देखिन्छ । नभ र नेभीको एउटै अर्थ हो- पानीमा डुङ्गा अथवा जहाज चलाउने। यिनै शब्दबाट नाभल (Naval), नेभिगेट (Navigate), नेभिगेशन (Navigation) आदि शब्दहरूको सृष्टि भयो ।

यो हिन्दू समाजमा कालेन्द्री ऋषिबाट हजारौं वर्ष पहिले हिन्दू धर्मलाई आधार मानी काल, समयको लेखाजोखा गरी ६० घडीको एक दिन, ६० पलाको एक घडी, ६० विपलाको एक पला, ६० अपलाको एक विपला आदिमा विभाजन गरी हिन्दू समाजमा रीतिरिवाज अनुसारको तिथि, घडी आदिको समय विभाजन गरेकोले निजलाई कालेन्द्री (काल+ईन्द्री) ऋषिको पद दिइएको बुझिन्छ । यसै कालेन्द्री शब्दबाट 'क्यालेण्डर' शब्दको विकास भएको छर्लङ्ग हुन आउँछ । यस विषयमा अनुसन्धानकर्ताहरूले गहिरिएर केलाउनु जरुरी छ ।

अहिले संसारमा सबभन्दा ठूलो हवाईजहाजहरू बनाउने क्रममा ठूलो (विशाल) हवाई जहाजको नाम 'जम्बो' भनी राखिएको छ। यो शब्द हामीलाई विदेशी जस्तो लाग्नु स्वा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाविकै हो। जम्वो (Jumbo) को अर्थ शब्दकोषमा हेर्दा 'विशाल' भन्ने अर्थ लाग्छ। यो शब्द संस्कृत भाषावाट आएको हो। 'जम्बु द्वीप' भनेको संसारको सवभन्दा ठूलो महाद्वीप एशिया हो। संस्कृतमा यो द्वीपको नाम 'जम्बु महाद्वीप' हो। त्यसैले जम्वु शब्द हामी हिन्दूहरुको लागि पुरानो शब्द नै हो।

यो भन्दा पहिलेको भागमा "गणित" विषय संस्कृत र र अंग्रेजी भाषाको सम्वन्ध वारे चर्चा गरें। त्यो पनि विज्ञान सम्वन्धी नै हो। यस भागमा मैले विशेष गरी दुई चारवटा वोटविरूवा सम्वन्धी नमूनाको रूपमा उल्लेख गरेको छु। यस्ता थुप्रै कुराहरू छन् जुनकि वयान गर्न थालियो भने दिनौं वित्न सक्छ। अनुसन्धान गर्ने ठाँऊ प्रशस्त छ। पाटकवर्गले पनि यस विषयमा आफ्नो दिमाग लगाउनु होला भन्ने आशाले यो पाँचौ अध्यायको तेस्रो भागलाई यही टुंग्याउँछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको

चौथो भाग

स्वास्थ्य सम्बन्धी

शब्दहरुको विकास

अरू शब्दहरु जस्तै स्वास्थ्य सम्बन्धी शब्दहरूमा पनि
संस्कृत र अंग्रेजी शब्दहरु बीच अति नै घनिष्टता
देखिन आउँदछ । यस चौथो भागमा
केवल नमूनाको रुपमा केही शब्दहरू
प्रस्तुत गरिएका छन् ।
पाठकवर्गहरुको दृष्टि
यस क्षेत्रमा पनि
हुनु अति
आवश्यक
छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको चौथो भाग

स्वास्थ्य सम्बन्धी शब्दहरुको विकास

मानिसको शरीरमा विभिन्न भागहरु छन् । यी विभिन्न भागहरुका लागि संस्कृतमा विभिन्न शब्दहरूको प्रयोग गरिन्छन् । अनि पछि यी विभिन्न शब्दरूलाई ग्रीक र ल्याटिन भाषाबाट अन्य विभिन्न अन्तर्राष्ट्रिय भाषाहरुमा पुऱ्याइयो । वस्तुतः आजको अंग्रेजी भाषामा वनेका असंख्य शब्दहरु संस्कृत भाषाकै जरावाट पह्लाएका हुन् भन्नुमा दुई मत नहोला । आउनुहोस् अब सबभन्दा सजिला शब्दहरु कै छानवीन गर्दै जाऔं ।

सँस्कृतको 'दन्त' शब्द र अंग्रेजीको 'Dent' शब्द वीच सम्बन्ध

अरु शब्दहरु जस्तै ग्रीकहरुले संस्कृतको 'दन्त' शब्द पनि लिएर गए । त्यो शब्द उनिहरूले जस्ताको तस्तै लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गए, फलस्वरूप ग्रीक भाषामा पनि दन्तलाई दन्त (Dont) नै भनियो। प्रष्ट रूपमा भन्ने हो भने Norman Lewis ले यस्तो भन्नु भएको छ - "Dont is the Greek word for tooth"।[1] तर अपशोचको कुरा उहाँलाई संस्कृत भाषाको विलकुलै ज्ञान रहेनछ । नत्र उहाँले दन्त शव्दको उत्पत्ति संस्कृतवाट भएको भन्नु हुन्थ्यो होला। वरु Joseph T. Shipley लाई राम्रैसंग थाहा रहेछ।[2] अनि संस्कृतवाट 'दन्त'(Danta) ग्रीक भाषामा जाँदा 'Dont' नै भएको रहेछ। अनि ल्याटिन भाषामा पुग्दा Dent भएको पनि उहाँले नै वताउनु भएको छ। यसरो 'Dont'वाट अंग्रेजी भाषामा पुग्दा 'Dent' भयो। अनि यो शव्दसंग सम्वन्धित अरु धेरै शव्दहरू वने । जस्तैः–

Dont, Dent (डेण्ट) = दाँत
Dentist (डेण्टिस्ट) = दाँत सम्वन्धी डाक्टर
Dented (डेण्टेड) = दाँत जस्तो खुँडे परेको
Dentistry (डेण्टिस्ट्री) = दन्त चिकित्सा
Denture (डेन्चर) = नक्कली दाँतको पंक्ति
Dental (डेण्टल) = दाँत सम्बन्धी
Orthodentist (अर्थोडेण्टिस्ट) = दाँत सिधा पार्ने विशेषज्ञ
(Orthodontist)

---

1 Norman Lewis 1976 "Word Power Made Easy" The complete three weeks Vocabulury Builder Pocket books: A gulf + Western company 360 fifth Avenue. New York N. Y. 10020 (Page 74)

2 Joseph T. Shipley 19...? "Dictionary of Word Origins". Page 190

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Orthodentia (अर्थोडेण्सिया) = दाँत सीधा पार्ने विशेषता
(Orthodontia)
Orthodentic (अर्थोडेन्टिक) = दाँत सीधा पार्ने सम्बन्धी
Dentifrice (डेन्टिफ्रिस) = दन्तमञ्जन

संस्कृत भाषामा दाँतको लागि प्रयोग गर्ने ४ वटा शब्दहरू छन्। ती हुन्:-
१. रदन २. दशन ३. दन्त ४. रद [1]

संस्कृत शब्द 'नासा' (नस) र अंग्रेजी शब्द 'Nose' बीचको सम्वन्ध

आउनुहोस् ! एकपटक 'नासा' र 'Nose' बीच कसरी सम्वन्ध रहन गयो हेरौं। अंग्रेजी शब्द 'Nasal' ले नाक सम्वन्धी अर्थ प्रष्टसंग जनाउँछ भने संस्कृत शब्द नासाबाट कसरी Nasal (नेजल) बन्यो भन्ने कुरा पनि प्रष्टसंग बुझिन्छ। यसको प्रयोग जस्तै:-
Nasal sound = नाके स्वर
Nasalize (To make sound or part of it passing through the nose) = नाके स्वर गर्नु आदि। अब संस्कृत शब्द नासा अंग्रेजीमा पुग्दा कसरी Nose (नोज) भयो हेरौं।

संस्कृत Sanskrit	ल्याटिन Latin	एङ्गलो स्याक्सोन Anglo saxon	अंग्रेजी English
नासा, नस	नासस	नसु, नासु	नोज
Nasa	Nasus	Noso, Nasu	Nose

1 स्व. पं. कुलचन्द्र शर्मा गौतम २०२६ 'अमरकोष' नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं। पेज नं. १२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतमा नाकलाई घ्राण, गन्धवहा, घोणा, नासा र नासिका आदि ५ शब्दहरूले पुकारिन्छ । यो मध्ये नासा शब्द वाट Nose (नोज) वनेको हो ।

यसरी संस्कृतको 'नासा' शब्दवाट 'Nose' मात्र नभई अरु थुप्रै नाक सम्वन्धी शब्दहरू वनेका छन् ।

जस्तैः–

Nose = नाक

Nasal = नाक सम्बन्धी

Nasalize = नाके स्वर गर्नु

Nasal discharge = सिंगान

Nosy = ठूलो नाक

Nostalgia = नाक सम्बन्धी घरमा बस्नु पर्ने रोग

Nostalgic = नाकको रोग सम्वन्धी

Nostrill = नाकको प्वाल

इत्यादि शव्दहरू वने ।

अव अर्को अंग्रेजी शव्द 'Derma' संग संस्कृत शव्द 'चर्म'को सम्वन्ध वारे केही वुझौं । संस्कृतमा छालालाई निम्नलिखित ३ वटा संस्कृत शव्दहरूमा पुकारिन्छ ।[1]

१. अजिन २. चर्म ३. कृति

Norman Lewis का अनुसार – यो छालाको नाम 'Derma' ग्रीक भाषावाट आएको हो।[2] यसरी संस्कृतको 'चर्म' शव्द ग्रीक भाषामा जाँदा अपभ्रंश भएर 'चर्म'वाट 'दर्म'

---

1 स्व पं. कुलचन्द्र शर्मा गौतम २०२६, 'अमरकोष' पेज नं. १४३

2 Norman Lewis 1976 पेज नं ४७ "Word power .."

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको बुझिन्छ । अब हेर्नुहोस् Derma शब्दबाट कति अंग्रेजी शब्दहरु बने ।

Dermatology = छाला सम्बन्धी विज्ञान
Dermatologist = छाला विशेषज्ञ
Hypodermic = छालाको भित्री भाग सम्बन्धी
Epidermic = छालाको बाहिरी भाग सम्बन्धी
Taxidermist = चरा चुरुङ्गीहरुको प्वांख समेतको छालाबाट नक्कली (मरेको) चरा तयार पार्ने व्यक्ति
Pachyderm = बाक्लो छाला भएको जनावर (हात्ती, गैंडा)
Dermatitis = छालाको रोग
आदि ।

अब एक पटक शरीरका भित्री भागहरू सम्बन्धी केही केलाएर हेरौं । संस्कृत शब्द 'हृर्द' र अंग्रेजी शब्द 'Heart' को सम्बन्धमा केही बुझौं । संस्कृत भाषामा हृदय (मुटु)लाई निम्नलिखित दुई शब्दहरूमा पुकारिन्छ ।

१ हृदय २. हृद

अब 'हृर्ट' (हृर्द)बाट Heart (हर्ट)मा अपभ्रंश हुनु मामुली कुरो हो । इण्डोनेशियाका राष्ट्रपतिको नाम 'सुहार्तो' हो । यसको सही अर्थ हामीले बुझ्न खोज्यौ भने 'सु' भनेको असल, राम्रो इत्यादि हो र 'हार्तो' भन्ने शब्द 'हृर्द' को अपभ्रंश भएर बनेको हो । त्यसैले 'सुहार्तो' को सही अर्थ 'असल मान्छे' 'राम्रो हृदय (आत्मा) भएको मान्छे' हो । त्यस्तै गरी यो भन्दा पहिलेका राष्ट्रपति 'सुकार्नो' पनि 'सबैको कुरा सुन्ने र आफूले निर्णय गर्ने मानिस हो । 'सु' भनेको असल र 'कार्नो'

 Acc 92303

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको 'कर्ण' शब्दको अपभ्रंश हो। यसै 'हृद्' शब्दवाट अनेक अंग्रेजी शब्दहरू वने। जस्तैः–

Heart (हर्ट) = हृदय
Hearten (हर्टन) = साहस दिनु, प्रेरणा दिनु
Heartily (हर्टिली) = साहसपूर्ण
Hearty (हर्टी) = आत्मादेखि आदि

संस्कृतमा 'पाऊ' खुट्टालाई ४ विभिन्न शब्दहरूमा नामाकरण गरिएको छ। ती हुनः–

१. पाद २. पद् अङ्घ्रि र ४. चरण[1]

अव सवभन्दा पहिले 'पाद', 'पद्' शब्दवाट अंग्रेजीमा Foot शब्द कसरी वन्न पुग्यो सो कुरा छर्लङ्ग पारौं।

जोन लेयन्स (John Lyons) ले यस सम्वन्धी दिनु भएको वयान हेरौं।[2]

संस्कृत Sanskrit	ग्रीक Greek	ल्याटिन Latin	गोठिक Gothic	अंग्रेजी English
पादस् Padas	पदस् Padas	पेडस् Pedas	फोटस Fotus	फूट Foot

यसरी संस्कृत शब्द 'पादस'वाट आजको अंग्रेजी शब्द Foot वन्न पुग्यो। अनि Foot कै वहुवचन भएर Feet वन्न पुग्यो। यसरी संस्कृत शब्द पादस (Padas) = 'पाऊ'

1 स्व. पं. कुलचन्द्र शर्मा गौतम 'अमरकोष' पेज १२५
2 John Lyons 1979. "An Introduction to Theoritical English"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रीक भाषामा पुग्दा 'पदस्' (Padas) र ल्याटिन भाषामा पुग्दा 'पेडस्' (padas) भई गोठिक भाषामा पुग्दा 'फोटस' (Fotus) वन्न गएको कुरा John Lyons ले प्रष्ट पार्नु भएको छ।[1] अब यहाँ दुईतिर विचार गर्नु पर्ने कुरा आएको छ।

१] ग्रीक शब्द Padas बाट बनेका अंग्रेजी शब्दहरू
२] ल्याटिन शब्द Pedas बाट बनेका अंग्रेजी शब्दहरू

पहिले ग्रीक शब्द Padas लिऊँ ।

१. ग्रीक शब्द 'पदस' (padas)

Norman Lewis (1979) ले ग्रीक भाषामा पद् (Pod)को अर्थ खुट्टा (पद) भएको र यसबाट थुप्रै अंग्रेजी शब्दहरू बनेको कुरा बताउनु भएको छ।[2] ती हुन

Chiropodist (चिरोपोडिष्ट) = हातखुट्टाको रोग सम्बन्धी जांच्ने डाक्टर (ग्रीक भाषामा 'चिरो' (Chiro) = हात)
Chiropody (चिरोपोडी) = हातखुट्टाको रोग
Podiatry (पोडियाट्री) = हिंडेर यात्रा गर्ने, पदयात्री
podiatrist (पोडियाट्रीस्ट) = हिडेर यात्रा गर्ने व्यक्ति, पदयात्री
Podiatric (पोडियाट्रिक) = हिंडेर यात्रा गर्ने सम्बन्धी
Podium (पोडियम) = मंच (वक्ता उभिने ठाउँ)
Tripod (ट्रिपड) = तीन खुट्टी, त्रिखुट्टी

तर 'Pod' भन्ने अर्को अंग्रेजी शब्दको सर्थ भने 'कोसा' हुन्छ।

---

1 डा. ज्ञानलाल श्रेष्ठ वि. सं २०४८ 'संस्कृत र अंग्रेजी भाषाको खोजमा' 'सन्मार्ग' अंक १० पेज नं. २०-३०

2 Norman Lewis 1976. "Word Power Made Easy." Page 75

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि कोसेबाली (Legum crops) मा फल्ने फललाई कोसा (Pod) भनिन्छ ।

२. ल्याटिन शब्द पेडस (pedas)

Norman Lewis ले ल्याटिन भाषाको 'पेडस' (pedas) बाट मूल जरा (शब्द) 'पेड' (खुट्टा) लिई त्यसबाट असंख्य अंग्रेजी शब्दहरू बनेको कुरा उल्लेख गर्नु भएको छ। ती हुन्:-

Pedestal (पेडेस्टल) = मूर्तिको जग (Base of a statue)
Pedal (पेडल) खुट्टाले चलाउने मेशीन, खुट्टा सम्बन्धी
peddle (पेड्डल) = घरघरै सामान वेचेर हिड्नु
Peddler (पेड्लर) = घरघरै सामान वेचेर हिड्ने मानिस
Pedestrian (पेडेष्ट्रियन) = पैदल हिड्ने यात्री
pedicab (पेडिक्याव) = तीन सिट भएको मोटरसाइकल
Pedicure (पेडिक्योर) = खुट्टाको उपचार
Pedometer (पेडोमिटर) = हिड्दा पाइला नाप्ने यन्त्र
Orthopedist (अर्थोपेडिस्ट) = हाडको रोग सम्बन्धी डाक्टर
Orthopedics (अर्थोपेडिक्स) = हाड सम्बन्धी
Expedite (एक्सपेडाईट) = छिटो छिटो हिड्नु, छिटो छिटो काम गर्नु
Expedient (एक्सपेडिएन्ट) = योग्य, उचित, उपाय, साधन, योग्यता
Expedience (एक्सपेडिएन्स) = औचित्य, योग्यता
Expedition (एक्सपेडिशन) = साहासी यात्रा

तर 'Ped' बाट बनेका अरु पनि कैयौं शब्दहरू छन् जसको अर्थ 'खुट्टा' होइन । जस्तैः-

Pediatrician (पेडियाट्रिसियन) = वाल रोग विशेषज्ञ
Pediatrics (पेडियाट्रिक्स) = वाल रोग विज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Pedagogy (पेडागोगी) = शिक्षा सम्बन्धी विज्ञान (बाल्य अवस्थादेखि दिइने शिक्षा)

Norman Lewis भन्नु हुन्छ- यी शब्दहरु 'Poides' (बालक) भन्ने ल्याटिन शब्दबाट बनेका हुन् ।

त्यस्तै गरी Pedigree (पुख्यौंली) शब्द पनि अलग जर'बाट आएको हो ।

माथि उल्लेखित 'पद' र 'पाद' बाट बनेका शब्दहरु यति मात्र होइनन्। यी दुईचार शब्दहरु त केवल नमूनाको रूपमा मात्र दिइएका हुन् । यसको अरू विस्तृत खोजी पाठकवर्ग तथा अनुसन्धानकर्तामा भर पर्दछ ।

अब यस्ता केही शब्दहरु छन् जुन कि पाठकवर्गको लागि अभ्यास गर्ने मौका पनि मिलोस् । ती हुन्:—

संस्कृत	अंग्रेजी
१. अक्षी (लोचन, नेत्र)	Eye
२. हस्त	Hand
३. नाभि	Naval
४. मुख	Mouth

'नाडी' शब्द सम्बन्धी केही चर्चा

संस्कृतमा 'नाडी' भनेको 'नसा' (Nerve) हो। नसा दुख्यो भनेको अर्थ Nerve दुख्यो भनेको हो । अब आएर 'नाडी' शब्द र 'Nerve' शब्दलाई हामी कति नजिकबाट खोज्न सक्छौं हेरौं ।

त्यसका अन्य सम्बन्धित शब्दहरू पनि केलाउन सकिन्छ । Nerve शब्द ग्रीक भाषाको Neuron, Nerve शब्दबाट बनेको कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Norman Lewis ले बताउनु भएको छ।[1] यस्तै Neuron शब्दबाट अन्य थुप्रै शब्दहरु पनि बनेका छन् । जस्तैः–

Neuron (न्यूरोन) = नसा
Neural (न्यूरल) = नसा सम्बन्धी
Neuralgia (न्यूरलजिया) = नसा सम्बन्धी कष्ट, दुखाइ
Neuritis (न्यूराइटिस) = नसा सुनिएको
Neurasthenia (न्यूरेस्थेनिया) = नसाको भौतिक अवस्था
Neurasthenic (न्यूरेस्थेनिक) = मुछित व्यक्ति सम्बन्धी
Neurology (न्यूरोलोजी) = नसा सम्बन्धी विज्ञान
Neurotic (न्यूरोटिक) = नसा गडबडीबाट हुने हात खुट्टा सम्बन्धी रोग (बाथ)
Neurosis (न्यूरोसिस) = नसा सम्बन्धीबाट हुने एक किसिमको दौलट्टी (मानसिक रोग)

Nerve (नर्भ) = नसा
Nervous (नर्भस) = आत्तिने, आत्तिएको
Nervy (नर्भी) = नसाको दुखाइ

नाडीलाई विभिन्न संस्कृत शब्दहरुमा पुकारिन्छ । जस्तैः—
मन्या, नाडी, धमनी इत्यादि

निष्कर्षमा म के भन्न चाहन्छु भने स्वास्थ्य सम्बन्धी संस्कृत शब्दहरू आयूर्वेदिक औषधिको प्रयोग, प्रचार प्रसार आदि मार्फत नै यसरी पश्चिमी भाषामा पुगेको हुनु पर्छ । देशका स्वास्थ्यकर्मीहरुबाट यस क्षेत्रमा प्रशस्त अनुसन्धान हुनु जरूरी छ ।

---

1 Norman Lewis "Word power Made Easy" 1976 Page 53.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो
संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको
पाँचवाँ भाग

साधारण शब्दहरूको
विकास

संस्कृत र अंग्रेजी भाषाको वीचमा जुन घनिष्ट सम्बन्ध देखियो त्यो केवल ज्ञान र विज्ञानको क्षेत्रमा मात्र नभई साधारण शब्दहरुमा समेत देखिन आएको छ । यस्ता केही शब्दहरू नमूनाको रुपमा प्रस्तुत गरि- एका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको पाँचवाँ भाग

साधारण शब्दको विकास

हाम्रो दैनिक जीवनमा प्रयोग हुने गरेका धेरै शब्दहरूमा संस्कृत र अंग्रेजी शब्दहरूको निक्कै गहिरो सम्बन्ध रहेको देखिन्छ। जस्तै:– 'केन्द्र' भन्ने शब्दबाट 'केन्दर' भई 'सेन्टर' शब्द बन्न गएको जस्तो देखिन्छ। किनभने केन्द्रलाई हाम्रै समाजमा पनि 'केन्दर' भनी उच्चारण गर्छन्। त्यसैले केन्द्रलाई केन्दर भनेर शायद ग्रीक, रोमनहरुले उनीहरूलाई सजिलो हुने तरिकाले उच्चारण गर्दा र लेख्दा 'Centre' 'केन्टर' भने होलान्। किनभने 'C'लाई धेरै ठाउँमा 'क' भनी उच्चारण गरिन्छ भने धेरै ठाउँमा 'स' भनेर पनि उच्चारण गरिन्छ। जस्तै:– Call (कल), Ceiling (सिलिङ्ग) इत्यादि। शायद अंग्रेजहरूले Centre लाई आफ्नै तरिकाले 'स' उच्चारण गरी 'सेन्टर' भन्ने चलन चलाए होलान्। फलस्वरूप यहाँ 'केन्द्र' शब्दबाट 'सेन्टर' भन्ने शब्द बन्न पुग्यो। यति मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइन 'केन्द्र'बाट अंग्रेजीमा 'सेन्टर' (Centre) शब्द बनेपछि यस सम्बन्धी धेरै अंग्रेजी शब्दहरू बने । जस्तै:–

Central (सेन्ट्रल) = केन्द्रीय
Centralise (सेन्ट्रलाइज) = केन्द्रित गर्नु
Centralization (सेन्ट्रलाइजेशन) = केन्द्रीकरण
Centrifugal (सेन्ट्रिफ्युगयल) = केन्द्रबाट भाग्ने,
Centripital (सेन्ट्रिपिटल) = केन्द्रतिर जाने
Centroclinal (सेन्ट्रोक्लिनल) = चारैतिरबाट मध्यतिर झुकेको
Centroid (सेन्ट्रोइड) = त्रिभूजको मध्यवर्ती रेखाहरु काटिने विन्दु

Centre को अगाडि 'De' थप्यो भने केन्द्रको विपरित भन्ने जनाउँछ ।

जस्तै:- Decentralization (डिसेन्ट्रलाइजेशन) = विकेन्द्रीकरण

यी माथि उल्लेखित शब्दहरू केवल नमूनाको रूपमा मात्र प्रस्तुत गरेको हुँ । बाँकी पाठकवर्गले नै खोज्नु होला । त्यसै गरी "समिति" र "कमिटी" बीच पनि यस्तै किसिमको सम्बन्ध रहन गएको हुनु पर्दछ । "व्यवहार" र "विहेभियर" (Behaviour) भन्ने शब्दहरू बीच पक्का पनि गहिरो सम्बन्ध रहेको हुनुपर्दछ । किनभने यदि दुवैको अर्थ हामीले लगाउन खोज्यौं भने समाजको अथवा कुनै व्यक्ति विशेषको चालचलन भन्ने अर्थ लाग्दछ । यस्तो व्यक्तिगत चालचलनले गर्दा कोही व्यक्ति कुनै क्षेत्रमा सफल हुनु र कोही व्यक्ति विफल हुनु स्वभाविकै हो । शायद "सफल" र "सक्सेसफुल" (Successful) र "विफल" र "वि फूल" (Be fool) मा पनि भाषाको दृष्टिकोणले गहिरो सम्बन्ध कायम हुन गएको हो कि भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर्क लगाउन सकिन्छ। एकपटक यिनै शब्दहरुलाई गहिरिएर सोचौं । जब कांही व्यक्तिको चालचलन विग्रन्छ अथवा समाजमा उसको प्रतिष्ठामा आघात पर्दछ तब त्यो व्यक्ति विफल हुन्छ। भन्नाको तात्पर्य उसको मुर्खताको कारणले नै त्यसो हुन गएको हो। यस्तै गरी कोही व्यक्ति आफ्नो काममा, समाजमा सामाजिक क्रियाकलापबाट सफल भयो भने उसको प्रतिष्ठा बढ्दछ। यसरी अंग्रेजी शव्दमा 'सक्सेसफुल' भन्ने शव्दको अर्थ पनि त्यही नै भएकोले यी दुई शव्दहरुमा पक्का पनि गहिरो सम्बन्ध रहेको छ।

राजा बस्ने घरलाई संस्कृतमा 'प्रासाद' भनिन्छ भने अंग्रेजीमा 'Palace' भनिन्छ। यी दुई सव्दहरुमा उत्तिकै गहिरो सम्बन्ध छ। अनि हिन्दू समाजमा धार्मिक काममा लाग्ने, पूजा पाठ गर्ने व्यक्तिलाई भनिने उपाधि 'पुरोहित' बाट अंग्रेजी भाषामा पुग्दा 'Priest' हुन पुगेछ। यी शब्दहरू बीच-को गहिरो सम्बन्धलाई पनि पाठकवर्गले ध्यान दिनु होला।

२०३९ साल तिरको कुरो हो। उच्च शिक्षा हासिल गर्ने सिलसिलामा म परिवार सहित दक्षिण कोरियामा थिएँ। एक दिन दिउँसो घरमा मलाई एक जना कोरिएन साथीले बोला-उन आयो। उसले भन्यो "नेपालबाट मिस्टर हयारी (Mr. Harry) आएको छ, तपाईलाई बोलाएको छ।" म छक्क परें। हयारी भन्ने को पर्‍यो होला? शायद कोही अमेरिकन अथवा यूरोपियन मान्छे नेपालमा धेरै बसेको होला। यहाँ कोरियामा कामको सिलसिलामा आएको वेला भेट्न खोजेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होला। पछि जाँदा त 'हरि' भन्ने साथी पो रहेछ। म आफै छक्क परें। कस्तो उच्चारण फरक परेको। हरि भन्नुको सट्टा 'हयारी' भन्दा त आन् का तान् फरक पर्न गयो। यस्तै केही अपभ्रंश भएका शब्दहरू चिनौं।

'हरी' वाट 'हयारी' (Harry)
'जन' वाट 'जोन' (John)
'कपूर' वाट 'कूपर' (Kooper)
'जनपाल' वाट 'जोन पौल' (John Paul)
'जयकृष्ण' वाट 'ज्याक्शन' (Jackson)
(जय किशन)

'दिलिप' वाट फिलिप (Philip) आदि।

संस्कृत शब्द धुम (Dhuma) वाट ल्याटिन भाषामा जांदा 'फुम' भई 'Fumus' वनेको हो जसको अर्थ धुवाँ हो। आज यही 'Fumus' शब्दवाट अंग्रेजीमा Fume शब्द वन्न गयो। यसै गरी थुप्रै अंग्रजी शब्दहरू वन्न पुगे। जस्तै:-

Fume (फ्यूम) = वाफ, धुवाँ
Fumigate (फ्यूमिगेट) = धूप सल्काउन्
Fumigation (फ्यूमिगेशन) = सुगन्धीकरण
Fumid (फ्यूमिड) = धुवांले भरिएको

संस्कृत शब्द 'लोभ'वाट अंग्रेजीमा Love (लभ) शब्द वनेको कुरा पनि वुझौं। मानिसलाई लोभ नभइकन पनि कहीं माया (Love) लाग्छ। त्यसकारण लभ (Love) शब्द लोभ शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपभ्रंश भएर बनेको हो । संस्कृतको 'चरित्र' भन्ने शब्द-बाट अंग्रेजीको 'Character' शब्द बनेको कुरा पनि नबिर्सौं । किनभने हामीले चरित्र भन्छौं भने त्यही शब्दलाई मारवाडी-हरूले चरित्तर भनी उच्चारण गर्दछन् । अनि 'Cha' (क्या-राक्टर)लाई 'च' भनी उच्चारण गर्नुस् त 'Character' भनेको के हुन्छ । दुवैको एकै अर्थ हुन आउँछ । यसरी संस्कृतको 'चरित्र' बाट अंग्रेजीको 'क्याराक्टर (Character) शब्दको विकास भएको हो ।

यस प्रकार अन्य क्षेत्रका शब्दहरु झै अरू थुप्रै साधारण शब्दहरू पनि संस्कृतबाट अपभ्रंश हुंदै अंग्रेजी भाषामा पुगी विकास भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो
संस्कृत र अंग्रेजी भाषाको खोज़ीमा

पाँचवाँ अध्यायको
छैठौँ भाग

धार्मिक शब्दहरूको
विकास

प्राचीन हिन्दू धर्मका ग्रन्थहरु वेद, पुराण, उपनिषद् आदि संस्कृत भाषामा नै लेखिएकाले अंग्रेजी भाषाको अरू धार्मिक शब्दहरुमा पनि यस भाषाको प्रभाव परेको देखिन्छ। गौतम वुद्धको धर्म प्रचारले पनि संस्कृत भाषालाई अझ ब्यापक बनाउन टेवा पुगेको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

पाँचवाँ अध्यायको छैठौं भाग

धार्मिक शब्दहरूको विकास

संस्कृत भाषाले प्राचीन कालमा संसारका विभिन्न भाषाहरूमा योगदान दिन सक्नुको मूल कारणहरू मध्ये हिन्दू धर्म त्यस प्राचीन सभ्यताको प्रमुख धर्मको रूपमा देखापर्नुले पनि हुनु पर्दछ। त्यसपछि आजभन्दा २५३५ वर्ष पहिले हिन्दू राजा शुद्धोधनका छोरा गौतम बुद्ध जस्ता नेपाल आमाका सपूतले संसारभर बुद्ध धर्म फैलाई संस्कृत भाषामा अरु महत्वपूर्ण अध्याय थप्न गएको सिद्ध हुन आउँछ। यो प्रदेश त हिन्दू र बुद्ध धर्मको प्रभाव क्षेत्र मात्र नभई आर्य जातिको जन्मस्थल नै भएकोले प्रायः सबै जसो प्रादेशिक भाषाहरूमा संस्कृत भाषाको अधिकतम् प्रयोग हुँदै आएको छ भने यहाँबाट पूर्वतिरका थाइलैण्ड (पहिलेको 'श्याम'), वर्मा (पहिलेको 'ब्रह्मदेश'), कम्बोडिया (पहिलेको 'कम्बोज'), भियतनाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पहिलेको 'हिन्दूचिन'), इण्डोनेशिया आदि देशहरुमा संस्कृत भाषाका शब्दहरूको प्रयोग त्यतिकै प्रभावकारी ढंगले भएको देखिन्छ। बुद्ध धर्मको प्रचारले तिव्वत, चीन, कोरिया र जापानमा पनि संस्कृत शब्दहरुको प्रयोग प्रचुर मात्रामा भएकै छ। अनि यस्तै प्रकारले पश्चिमतिर ग्रीक, ल्याटिन भाषा (रोमन भाषा)मा सवभन्दा धेरै प्रभाव परी त्यहाँबाट अन्य यूरोपियन भाषाहरू (जर्मन, रसियन आदि) र आखिरमा अंग्रेजी भाषामा समेत यस्तो गहिरो प्रभाव परेको कुरा आज हामीले थाहा पायौं।

तर एउटा कुराको सम्झना हामी सबैले गर्नु पर्छ। त्यो हो– वेद, पुराण, उपनिषद् आदि धार्मिक ग्रन्थहरू मात्रै होइ-नन् वल्कि ज्ञान र विज्ञानका भण्डार पनि हुन्। तर अपशोचको कुरा यो छ कि पश्चिमी समाजको एक थरी वर्गले संस्कृत भाषालाई धार्मिक भाषा (The religious language of Hindu society) भनो गलत वाटो देखाएको छ। अनि आज यही भूभागका शिक्षितवर्गले पनि पश्चिमी चपेटामा परेर संस्कृत भाषालाई केवल धार्मिक भाषा मात्र हो भनी आफ्नो मौलिकपना, आफ्नो भाषा, आफ्नो संस्कृति, आफ्नो संस्कृत भाषा इत्यादि भन्ने नै विर्से। यसै सिलसिलामा John Lyons ले 'संस्कृत भाषाको खोज' (Discovery of Sanskrit) मा यसरी व्यक्त गर्नु भएको छ –[1]

1 John Lyons 1979 "Introduction of Theoritical Linguistics" page 21–38

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"At the end of 18th Century it was discovered that Sanskrit, the ancient and sacred language of India was related to Latin, Greek and other European languages."

तर संस्कृत भाषा प्राचीन र धार्मिक भाषा मात्र नभई प्राचीन ज्ञान र विज्ञानको भण्डार पनि हो जुन भण्डारवाट आजको विज्ञानको जन्म भयो र बढ्दैछ । त्यसैले होला Joseph T. Shipley भन्नु हुन्छ ।[1]

"In contrast to mainly spoken vernaculars. Sanskrit, the earliest written language of our speech group, seemed well ordered, refined."

Samskrita = Sam + Krita = Perfect.
Sam = together, Krita = made, krt = to create.
यसरी संस्कृतको "कृत" शब्दवाट अंग्रेजोको 'create' शब्द बन्यो ।

त्यसैको आधारमा त यो पुस्तकमा यसरी विभिन्न अध्यायहरू तयार हुन सके जुन कि नमूना अथवा क, ख, ग...को रूपमा मात्र छन् । अव यस पुस्तकको आधारमा प्राचीन संस्कृत भाषालाई पुनः अन्तर्राष्ट्रिय भाषाको रूपमा तयार पार्न समस्त पाठकवर्गहरूको र अनुसन्धानकर्ताहरुको ठूलो मेहनत, रूचि र जाँगरको साथै संसारको 'हिन्दू राष्ट्र' नेपाल र नेपालीको त्यतिकै जिम्मेवारी पनि छ । अब

---

1 Joseph T. Shipley 19...? "Dictionary of Word Origins", Page 190

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउनुहोस् ! प्राचीन हिन्दू धर्म सम्वन्धी शब्दहरूबाट आजको अंग्रेजी भाषाका असंख्य शब्दहरूको कसरी विकास भयो? बुझ्ने कोशिस गरौं । अनि त्यसैवेला अरूलाई पनि बुझाउने र सम्झाउने प्रयास गरौं।

सबभन्दा पहिले यसमा 'हिन्दू' शब्दकै अलि चर्चा गरौं। हिन्दू धर्म (आर्य धर्म, सनातन धर्म अथवा वैदिक धर्म)को सृष्टि 'सिन्धु'बाट भएको कुरा छर्लङ्ग छ । आर्य समाजको सम्यतालाई संसारमा सबैभन्दा पुरानो मानवीय सभ्यता भनिन्छ र त्यो आर्य सभ्यता सिन्धु नदीको आसपास 'सिन्धु घाटी'को सभ्यताको रूपमा विकसित भयो । अनि ती सभ्य जातिहरू मध्ये पूर्वतिर लागेको जातिले 'स' लाई 'ह' भन्ने गरेकोले 'सिन्धु' शब्दबाट 'हिन्दू' शब्द वनेको कुरा प्रष्ट भएको छ । अनि उनिहरूले अपनाएका धर्मलाई हिन्दू धर्म भनियो । अनि हिन्दूहरु वसोवास गर्ने स्थानलाई 'हिन्दू-स्थान' भनिएको हो (हिन्दूस्तान)। हिन्दूस्थानको अर्को नाम 'भारतवर्ष' अथवा 'आर्यवर्त' पनि हो ।

ग्रीकहरुले त्यही प्रसंगमा 'ह' लाई 'अ' भनी उच्चारण गरेर 'हिन्दू' बाट 'इन्डो' (Indo) भएको देखिन्छ । किनभने आज पनि अंग्रेजी भाषामा 'ह' लाई 'अ' भनी कहीं कहीं उच्चारण गर्छन् । जस्तै:- Honour लाई 'हनर' उच्चारण नगरी 'अनर' भनी उच्चारण गरिन्छ । अथवा मध्यपूर्वी एशियाको समाजले 'स' लाई सिधै 'अ' पनि उच्चारण गरेको हुन सक्छ । जसनुसार 'सिन्धु' बाट 'Indu' भई 'Indus'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

river भयो। यसरी 'स' अथवा 'ह' बाट 'अ' भएर हिन्दू-बाट 'Indo' भई 'India' शब्द बनेको र त्यसैबाट Indian शब्दको विकास भएको हो। यसरी हिन्दू समाजबाट पश्चिमी समाजले धर्मको विषयमा निकै कुरा सिकेको र आफ्नो समाजमा तिनीहरूको सभ्यतादेखि नै हिन्दू धर्मको प्रभाव परेको प्रसङ्ग पुरानो धर्म सम्बन्धी पश्चिमी सभ्यताका पुस्तकहरूमा प्रशस्त पाइन्छ।[1]

यी संस्कृत र अंग्रेजी भाषाहरूमा धर्म सम्बन्धी के कस्तो नाता छ भन्ने कुरा छोटकरीमा 'ॐ' अक्षरबाट नै शुरु गरौं।

हिन्दू जगतमा 'ॐ' अक्षरको वर्णन गरी नसक्नु छ। सारा संसारको सृष्टि 'ॐ' बाट भएको देखिन आउँछ। छोटकरीमा भन्ने हो भने 'ॐ' को अर्थ 'सर्वव्यापी', 'सर्वशक्तिमान' 'सृष्टिकर्ता' भन्ने जनाउँछ र हिन्दू समाजको सभ्यता नै 'ॐ' अक्षरले जनाउँछ।

'ॐ' अक्षरलाई ल्याटिन भाषामा पुऱ्याउँदा यसको उच्चारण 'Omni' (ओम्नि) हुन गएको देखिन्छ। ल्याटिन भाषामा 'Omni' को अर्थ 'All' (सर्वव्यापी) हो। अब यसबाट आजका अंग्रेजी शब्दहरू कसरी र कति बने हेरौं।

Omni-bus (ओम्नि-बस) = सबैको लागि भाडाको बस,
Omnifarious (अम्निफ्यारिअस) = सबै किसिमको
Omnific (अम्निफिक) = सर्वस्रष्टा

---

1 Russel B. 1969. "History of Western Philosophy." page 25-43

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Omniform (ओम्निफर्म) = सर्वरुप, सर्वरूपमा
Omnigenous (ओम्निजेनस) = सर्व प्रकारको सर्वजातीय
Omnipotence (ओम्निपोटेन्स) = सर्वशक्ति, दैवशक्ति
Omnipotent (ओम्निपोटेन्ट) = सर्वशक्तिमान
Omnipresent (ओम्निप्रेजेन्ट) = सर्वव्यापी (present in all places) ईश्वर जहां पनि छ जनाउँछ ।

Omniscience (ओम्निसाइन्स) = सर्वज्ञान, ईश्वरीय ज्ञान
Omniscient (ओम्निसेन्ट) = सर्वज्ञ, सर्व प्रकारले बुद्धिमान, दैवीशक्ति सुसम्पन्न व्यक्ति
Omnivorous (ओम्निभोरस) = सर्वहारा, सर्वभक्षी आदि

यसवाट 'ॐ' अक्षरलाई विभिन्न पश्चिमी भाषामा राम्रो हिसावले प्रयोग भएको देखिन्छ ।

तर कतिपय अंग्रेजी शब्दहरू 'Om' अक्षरहरूवाट शुरु भए पनि तिनीहरूको अर्थ 'सर्व' हुंदैन । जस्तै:–

Omen (ओमेन) = शकुन, लक्षण
Ominous (अमिनस) - अपशकुनको
Omit (अमीट) = त्याग्नु, छोड्नु

अव आउनुहोस् 'श्री' शब्दवाट अंग्रेजी शब्द 'Sir' (सर) कसरी वन्यो हेरौं ।

दु:ख लाग्दो कुरा यो छ कि आज हाम्रै समाजमा पनि संस्कृत भाषा पढाउने गुरुलाई 'गुरुज्यू नमस्कार' भन्यो भने गुरु लाजले भुतुक्क हुन्छ र सोच्दछ मलाई पनि 'Sir' भन्यो भने कति राम्रो होला? किनभने आजकाल 'गुरु' भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वित्तिकै 'ट्रक ड्राइभर' लाई सम्वोधन गर्ने शब्द भइसक्यो । त्यस्तैगरी 'पंडितजी' भन्ने वित्तिकै 'भात पकाउने भान्छे' भन्ने अर्थ जान्छ । तर त्यो गुरुलाई यो थाहा छैन कि 'Sir' भन्ने शब्द संस्कृत भाषाको 'श्री' शब्दबाट बनेको हो भनेर ।

सारा रामायण इतिहास पढ्दा र हेर्दा 'श्री' भन्ने पद एकै व्यक्तिले मात्र पाएका थिए । ती हुन् 'श्री राम' । अनि श्री रामचन्द्र भगवान्‌आई 'श्री' भनी सम्वोधन गर्दा राक्षसी राजा रावण कसरी रिसाउँथ्यो । राम वाहेक लक्ष्मणलाई पनि कसैले 'श्री लक्ष्मण' भनेर सम्वोधन गरेनन् । किनभने 'श्री' भनेको समाजमा सबभन्दा प्रतिष्ठित व्यक्तिलाई सम्वोधन गर्ने 'पद' हो । आज भन्दा दशौं हजार वर्ष पुरानो हिन्दू समाजमा सवभन्दा प्रतिष्ठित व्यक्ति ले मात्र 'श्री' भन्ने पद पाँउथ्यो । हुन त राक्षसी रावण पनि ब्राम्हणकै सन्तान थिए । रावणका वाजे पुलस्त्य ऋषि थिए र वाबु विश्वश्रवा ऋषि थिए ।[1] रावण लंकाको राजा पनि थिए । तर राक्षसी स्वभाव भएकोले नै न त उसको समाजमा ऊ प्रतिष्ठित थियो न त उसले 'श्री' भन्ने पद नै पाए । यसरी 'श्री' शब्दको सही अर्थ जव ग्रीकहरूले थाहा पाए तिनीहरुले पनि 'श्री' शब्दलाई आफ्नो समाजमा प्रयोग गर्न लागे । तर 'श्री' शब्द सुद्धसंग उच्चारण गर्न नजान्दा अपभ्रंश भएर 'सिर' भयो । फलस्वरूप लेख्दा पनि 'Sir' लेखे । अनि जव यो शब्द अंग्रेजी

1 एम० पी० रेग्मी । सन् १९८५. "Regmi's Anglo Nepali Dictionary" पेज ३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा पुग्यो अंग्रेजहरुले 'सिर' भनेर उच्चारण गर्न सकेनन् र फेरि अपभ्रंश भएर 'सर' भयो। तर लेख्दा भने उही 'Sir' नै लेखे। आज पनि बेलायतमा जो पायो त्यहिले Sir लेख्न पाउँदैनन्। बेलायतकी महारानीबाट 'Nighthood' पद पाउने व्यक्तिले मात्र Sir राख्न पाउँछन्।

अंग्रेजी भाषामा 'पन्टिफ' (Pontiff) भन्ने शब्द पाइन्छ जसको अर्थ हो 'धर्मगुरू' (रोमको प्रधान पादरी) 1। जहांसम्म मलाई लाग्छ यो 'पण्डित' शब्दको अपभ्रंश भएर 'पण्टिफ' भएको हो। तर Joseph T. Shipley भन्नु हुन्छ– ल्याटिन Pontifex -Highest Priest (One of five) बाट आएको हो। ग्रीक भाषाको pondif अंग्रेजीमा पुग्दा pontiff भयो। यसमा पाठकवर्ग र अनुसन्धानकर्ताले पनि विचार गर्नुहोला। त्यस्तै गरी त्यस बेला धर्मगुरुकै सिलसिलामा 'सन्त' भन्ने शब्द निकै प्रचलित थियो। अनि ग्रीक, रोमनहरुले पनि यो शब्द-लाई निकै मन पराए। तर यो शब्द ग्रीक, ल्याटिन भाषामा पुग्दा 'सन्त'बाट 'सेन्ट' (Saint) भएछ। तर अर्थ उही हो 'धर्मगुरु'। जस्तैः–

Saint Vitus (St. Vitus), St. xavier इत्यादि

अनि यस्ता सन्तहरुको (St.) मृत्यु पश्चात उनीहरुको विशप दिवसको रूपमा मनाउने चलन समेत भयो। जस्तैः–

St. Andrew's Day – 30th November

St David's Day – 1st March

त्यति मात्र होइन। यस्ता प्रख्यात सन्तहरुका (St.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाममा ठूला-ठूला सहरहरू, हस्पिटल, स्कूल आदिका नाम राखे । जस्तैः–

St. Petersberg = रुसको ठूलो शहरको नाम (वीचमा लेनिनग्राड शहरको नामले प्रचलित भयो)

St. Xavier School = जावलाखेलको मिशन (Mission) स्कूल

St Vincent Hospital etc.

यस्तै गरी 'पुरोहित' शब्द पनि अति प्राचीन हिन्दू संस्कृत शब्द हो । यो शब्दलाई अंग्रेजीकरण गर्दा यस्तै किसिमको अपभ्रंश भएर 'प्रिष्ट' (Priest) भएको पनि हामी अडकल गर्न सक्छौं । यसमा अपभ्रंश अलि विस्तृत रूपमा भएको देखिन्छ । यसमा पाठकहर्गहरू र अनुसन्धानकर्ताले साच्नु र अनुसन्धान गर्नुपर्ने छ । तर यसो विचार गर्दा Joseph T. Shipley लाई संस्कृत शब्द 'पुरोहित' थाहा नभएको जस्तो लाग्यो । Joseph T. Shipley ले Sanskrit को सिलसिलामा kr = to do, to start भन्नु भएको फेरि सम्झौं ।

अंग्रेजीको Create (सृष्टि गर्नु) शब्दवाट अनेकन अंग्रेजी शब्दहरु बने । जस्तैः–

Creation (क्रिएशन) = सृष्टि, उत्पत्ति इत्यादि
Creational (क्रिएशनल) = सृर्जनात्मक
Creator (क्रिएटर) = सृष्टिकर्ता, विधाता, ब्रम्हा
Creature (क्रिएचर) = (प्राणी, जीवजन्तु)

त्यसवेला संस्कृत भाषाको असर अंग्रेजी भाषामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रै नभई रसियन भाषामा पनि परेको देखिन्छ । जस्तै:-

सोभियत संघका अन्तिम राष्ट्रपति 'मिखाइल गोर्भाचोभ' को 'गोर्भाचोभ' शब्दको संस्कृत शब्द 'गुरु' संग अति निकटतम् सम्वन्ध रहेको देखिन्छ । 'गोर्भा' शब्द दुईवटा छुट्टा छुट्टै शब्दहरूवाट वनेको देखिन्छ । त्यो हो 'गुरु+वा' । गुरू भन्नाले संस्कृत पढाउने गुरू अथवा पण्डित भन्ने बुझिन्छ । र 'वा' भन्नाले पिता (Father) अर्थ लाग्छ । हाम्रो समाजमा गुरूलाई पिता सरह मानिन्छ । अनि 'चभ' शब्द पनि दुई वटा छुट्टा छुट्टै शब्दहरूको अपभ्रंश भएर वनेको देखिन्छ चतुर (च)+वेदी (भ) =चभ भन्नाले चारवटा वेदमा निपूण भएको व्यक्ति वा परिवार भन्ने बुझिन्छ । त्यस्तै गरी एउटा मात्र वेदमा निपूण भएको व्यक्तिलाई 'सुवेदी' भनिन्छ, दुईवटा वेदमा निपूण भएको व्यक्तिलाई द्विवेदी भनिन्छ र तीनवटा वेदमा निपूण व्यक्तिलाई त्रिवेदी भनिन्छ । त्यसो हुनाले वहाँ ४ वटा वेदमा निपूण भएको र समाजमा प्रतिष्ठित परिवारको भएकोले 'गुरुवा चतुर्वेदी' वाट उहाँको थर 'गुरूवाचभ' वाट 'गोर्भाचोभ' भएको देखिन्छ । अनुसन्धानकर्ताहरुले यस विषयमा विस्तृत खोजनीति गर्नुभए राम्रो होला ।

'आचार्य वैष्णव' शब्दको पनि अंग्रेजी भाषामा राम्रो सम्वन्ध रहेको देखिन्छ । 'आचार्य वैष्णव' पनि हिन्दू धर्मका गुरु (खास गरी कृष्णलाई मान्ने) हुन् । अनि यो शब्द क्रिश्चेन धर्मगुरुको लागि प्रयोग गर्दा अपभ्रंश भएर 'आचार्य' वाट Arch (आर्च) र 'वैष्णव'वाट Bishop (विशप) भएको बुझिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी 'आचार्य वैष्णववाट 'आर्च विशप' (Arch Bishop) हुन गयो ।

अव क्रिश्चेन धर्मगुरू Pope John paul वस्ने भाटिकन शहर (भाटिकन सिटी) र यस सम्वन्धी विभिन्न शब्दहरुको जरा पत्ता लगाऔं ।

क्रिश्चेन धर्मगुरु Pope John Paul को Pope भन्ने शब्द वच्चाहरुले आफ्नो बुवालाई वोलाउने शब्द Papa-वाट आएको हो भनी Joseph T. Shipley ले प्रष्ट पार्नु भएको छ।[1] अनि 'John Paul' शब्द संस्कृत शब्द 'जनपाल' वाट वनको हो । किनभने धर्मगुरू भन्ने व्यक्ति त जनतालाई धर्म मार्फत पालन पोषण गराउने गुरू भएको हुनाले उहाँको पद 'जनपाल' भएको हो । तर केही अपभ्रंश हुने वित्तिकै 'जनपाल' को सट्टा 'जोन पौल' हुनु स्वभाविकै हो । त्यसै गरी 'भाटिकन सिटी' भन्ने शब्द 'वाटिका'वाट बनेको हो । हामी-ले रामायणको अध्ययन गर्दा थाहा हुन्छ कि राजा दशरथका छोराहरू राम, लक्ष्मण, भरत र शत्रुघनलाई गुरू वशिष्ठले शिक्षा दिक्षा दिनु हुँदा अयोध्या राज्यको जंगलको वीचमा फलफूलं फलफूलले भरिएको गुरु आश्रम 'वाटिका'मा शिक्षा दिनु भएको थियो । यसरी त्यसवेला शायद 'वाटिका' मा गुरु आश्रम वनाइन्थे होला । जव ग्रीक, रोमनहरूले पनि आफ्-ना धर्मगुरुलाई वाटिकामा राख्नु पर्छ भनेर यसरी राखे

---

1 Joseph T. Shipley (year...?) "Dictionary of Word Origins" Page 1–2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वाटिका' शब्दको अपभ्रंश भएर 'भाटिका' भयो । अनि गुरु वसेको ठाउँमा चेला आएर वस्न थाले । सानो तिनो गाऊँ जस्तो वन्दै पछिवाट शहर वन्यो र त्यो ठाउँलाई आजकाल 'भाटिकन सिटी' भनिन्छ ।[1] पोप जोन पौलले आफ्ना गुरु-देवको रूपमा 'ॐ' महादेव (शिव)को आराधना गर्छन् भन्ने पनि सुनिन्छ ।

'शिव शिव हरे' वाट 'हिप हिप हुर्रे' शब्द कसरी वन्यो केलाएर हेरौं । अति रमाइलो मात्र होइन अति महत्वपूर्ण पनि छ ।

आज भन्दा हजारौं वर्ष पहिलेदेखि नै महादेवलाई संसारमा सर्वशक्तिमान देवता (देवता को पनि देवता) को रूपमा आर्य समाज (हिन्दू समाज)ले मान्दै आएका छन् । रामायणमा रामको फौज (हनुमान र उसको फौज)ले लंकामा रावणको फौजसंग लडाँइ गर्दा 'हर हर महादेव', 'हर हर महादेव' भनो विजयको प्रतीकको रूपमा सम्वोधन गरेका थिए । किनभने त्यसवेला शर्वशक्ति नै शिवसंग भएकोले र विजय पनि शिव कै होस् भन्ने हेतुले यसरी 'हर हर महादेव' भनी सम्वोधन गरे । श्री रामले पनि यसै सिलसिलामा कन्याकुमारी शिवशक्तिको लागि शिवको स्थापना गरे र त्यो ठाउँ 'रामेश्वर' मन्दिरको नामले प्रख्यात छ । यो थियो त्रेता-युगको अन्ततिरको कुरा । आखिरमा रावणको वध पनि भयो । यो समय आज भन्दा कम्तिमा पनि ६००० वर्ष

1 डा० ज्ञानलाल श्रेष्ठ वि. सं. २०४८ "संस्कृत र अंग्रेजी भाषाको खोजमा" 'सन्मार्ग' आषाढ १(११) पेज २१–२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरानो मानिन्छ ।[1] डा० स्वामी प्रपन्नचार्यज्यूको उक्त पुस्तकको पेज नं. १८ मा उल्लेखित डा० पि. वि. वर्तकाले १२ वर्ष सम्म निरन्तर खोज अनुसन्धान गरेर पत्ता लगाए अनुसार रामको जन्म ईशा पूर्व ७३२३ मंगलवार ४ डिसेम्बरको दिन भएको थियो । ई. पू. ७३०६ वर्ष पूर्व गुरूवार (बिहिवार) १९ नोभेम्बरको दिन १४ वर्षको वनवासको लागि रवाना भएका थिए । त्यसको ६ दिन पछि बुधवार ५ डिसेम्बरको दिन महाराजा दशरथले पुत्रशोकमा प्राण त्यागेका थिए । रामका घोर सत्रु रावणको मृत्यु ईशा पूर्व ७२९२ आइतवार १५ नोभेम्वरको दिन भएको थियो । त्यसको २० दिनपछि आइतवार ५ डिसेम्वरको दिन श्रीराम भारद्वाज आश्रममा पुग्नु भएको थियो । त्यसको पछिल्लो दिन अयोध्यामा फर्कनु भएको थियो ।[2]

यसरी रामको विजय भएपछि रामलाई नै समाजले त्यस्तै शक्तिमान देवताको रूपमा पुज्न थाले । फलस्वरूप 'हरे राम हरे राम', 'राम राम हरे हरे' भनी रामको विजयको भजन गर्न थाले । यसको सही अर्थ हो 'रामको जय होस्, रामको विजय होस् ।

त्यसपछि द्वापर युगमा कृष्णको जन्म पनि अवतारको रूपमा भएको थियो । धर्मनीतिको आधारमा महाभारतको

---

1 डा० स्वामी प्रपन्नचार्य, वि. सं. ३०३९ "प्राचीन हिन्दू विज्ञान" वेदमा के छ ?"को उत्तर भाग जपे १७-३४

2 "नव भारत टाइम्स" १५ सेप्टेम्वर १९८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लडाँइमा कृष्णको भूमिका पनि यति ठोस थियो कि कृष्ण-लाई पनि त्यसपछि सर्वशक्तिमान् रूपमा पुज्न थाले। फल-स्वरूप 'हरे कृष्ण हरे कृष्ण', 'कृष्ण कृष्ण हरे हरे' भनी गाउन थाले। यसरी 'कृष्णको जय होस, कृष्णको विजय होस्' भनी भजन गर्न थाले।

यसरी ग्रीक, रोमनहरूले पनि विजय (जीत)को सम्वो-धन गर्दै सिलसिलामा 'शिव शिव हरे' (शिवको जय, शिवको विजय) भन्ने प्रकृया लिएर गए। तर 'स' लाई 'ह' भन्ने उच्चारणले गर्दा 'शिव शिव हरे' बाट 'हिव हिव हरे' भन्ने उच्चारण हुन गयो। पछि अंग्रेजी भाषामा पुग्दा 'हिप हिप हुर्रे (Hip Hip Hurrah) हुन गयो। यसको सही अर्थ अंग्रेजीमा जीत (Victory) भन्ने जनाउँछ।

यसको प्रयोग अहिले आएर नेपालीहरूले पनि गर्न थाले। जस्तैः– कुनै पनि खेलहरूमा विजय हुने समूहले 'हिप हिप हुर्रे' भनी सम्वोधन गर्दै सडकमा उत्रन्छन्। तर विच-राहरूलाई 'शिव शिव हरे' बाट 'हिप हिप हुर्रे' भएको कुरा शायदै थाहा होला। किनभने न कसैले पढाउँछ र न कसैले पढ्छ नै।

यस प्रकार अंग्रेजी धार्मिक शब्दहरूमा पनि संस्कृत भाषाको निकै गहिरो सम्वन्ध रहेको देखिन्छ। पाठकवर्ग तथा अनुसन्धान कर्ताहरूले अझ अनुसन्धान गरी व्यापक पार्न सक्नु हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो
संस्कृत र अंग्रेजी भाषाको खोजीमा

छैठौं अध्याय

संस्कृत भाषा-प्राचीन हिन्दू विज्ञानको भण्डार

आधुनिक विज्ञानको चमत्कार जुन हामी आज देखिरहेछौं,
यो त केवल प्राचीन हिन्दू विज्ञानको जराबाट
पल्हाएको एउटा सानो हांगा मात्र हो ।
प्राचीन हिन्दू विज्ञानमा भएको सौर्य
शक्तिले चल्ने विमान र मरेको
मानिसलाई पुनर्जिवित पार्ने
संजीवनी औषधी तयार
पार्न त बाँकी
नै छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

छैठौं अध्याय

संस्कृत भाषा-प्राचीन हिन्दू विज्ञानको भण्डार

हुन त आजको युगमा 'प्राचीन हिन्दू विज्ञान'को कुरा गर्नें वित्तिकै पश्चिमी समाजद्वारा प्रभावित नव युवा-वर्गहरू 'वाहियात' भन्न थाल्छन् । अर्कोतिर प्राचीन हिन्दू विज्ञानवाट नै आजको विज्ञानको विकास भएको हो भन्ने थाहा पाउने शिक्षित समाजले पनि आफू तल परेको (Inferiority complex) भावनाले गर्दा प्राचीन हिन्दू विज्ञान लाई वाहियात भन्नु स्वभाविकै हो । हाम्रो हालको समाज त्यही पश्चिमी समाजको लहैलहैमा लागर आफ्नो मौलिक-पनालाई विर्सन थालेका छन् जसले गर्दा हाम्रा सन्तानहरुले पनि के सम्झन थालेका छन् भने "हाम्रा पूर्खाहरु वाँदरभन्दा केही सुध्रेका थिए हालान् ।" त्यसैले नै मैले यस पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मार्फत आजका नयाँ युवावर्ग, पिढीलाई केही सम्झाउने, बुझाउने कोशिश गरेको हुँ ।

आजको नेपालको राजधानी काठमाडौंमा पनि नाम लिन नहुने (फोहर मिसेको) पानी पिउनेपानीको रूपमा प्रयोग भइरहेको छ । त्यो पनि पाइरहेको छैन । यो हो आजको आधुनिक युगको विज्ञान । अनि यही ठाउँमा हाम्रा पूर्खाहरुले ५ तल्ला मुनि कहाँ, कहाँबाट पानीको मुहान ल्याएर, भगवान जानोस्, कहाँ कहाँवाट निकासा पठाएर २४ औं घण्टा स्वच्छ, शुद्ध पानी पिउन यसरी ढुंगे धारा, सुनधारा आदि बनाएर गए । आज पनि त्यो सुनधाराको पानी रातदिन खेर गइरहेको छ । तर त्यो पानी जनतालाई खुवाउने चेष्टा पनि आजको विज्ञानले गरेको छैन । उदाहरणको लागि भोटाहिटीको जमीन मुनिको बाटो (Subway) खन्दा तीन तल्ला मुनि तीनवटा ढुंगेधारावाट लगातार पानी आइरहेको फेला पर्‍यो । ती धाराहरू भगवानले वनाएका थिएनन् हाम्रै पुर्खाहरूले वनाएका थिए । ती धाराहरुवाट आज पनि अटूट रूपमा अमृत जस्तो पानी आइरहेको छ । ती कामहरू वैज्ञानिक काम नभए के काम होला त? तर अपशोचको कुरा आजका हामी शिक्षित नेपालीहरूले ती प्राचीन हिन्दू विज्ञानका सुनधारा र ढुंगेधाराहरूवाट अटूट रूपमा आइरहेका स्वच्छ पानी पनि जनतालाई खुवाउन सकेका छैनौं । यसको मुख्य कारण त हामी झन झन परतन्त्र हुँदै जानु नै हो । हाम्रो हातले काम गर्न झन झन छोड्यो । उही विदेशीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दियो भने हामी पानी पिउन पाउँछौं, नत्र असम्भव ।

झन पहिलेका जस्ता ठूला ठूला मन्दिरहरू, (जुन कि आजका मानिसले कल्पना पनि गर्न सक्तैनन्) मूर्तिहरू इत्यादि बनाउने त सपना पनि देख्न सक्तैनन् । बरु उल्टो ती अमूल्य सुन चाँदीका मूर्तिहरू मात्र चोरेर विदेशीहरूलाई बेच्ने सन्तानहरू मात्रै देखिन थाले ।

आउनुहोस्, अब प्राचीन हिन्दू विज्ञानको विषयमा केही चर्चा गरौं । धेरै पर नजाऔं । आजभन्दा करीब ३,४ सय वर्ष पुराना नमूनाहरू काठमाडौं उपत्यका भित्र मात्र केलाएर हेरौं ।

भक्तपुरको पाँच तल्ले मन्दिर त आज पनि हाम्रै अगाडि छ। यो मन्दिर आज भन्दा करीब तीन सय वर्ष पहिले भक्तपुरका राजा भूपतिन्द्र मल्लको पालामा बनाइएको थियो। यो मन्दिर पाँच तल्ले मात्र होइन दश तल्ले हो । यो मन्दिरको पहिलो तल्ला त जमीनबाट पाँच तल्ला माथिबाट मात्रै शुरू हुन्छ । यो सबैलाई थाहै छ। वि. सं. १९९० को बिर्सनै नसकिने भुइचालोले पनि यो मन्दिरको कुनै पनि भागलाई हल्लाउन सकेन । जब कि त्यस बेला जनताका थुप्रै घरहरू भत्के । वि. सं. २०४५ सालको भूकम्पले पनि यसलाई केही असर पार्न सकेन । त्यसबेला मन्दिर बनाउँदा के वास्तुकला विज्ञान (Architectural Engineering) थियो र? कसरी त्यस्ता मजबुत मन्दिरहरू तयार पारिए? त्यसबेलाको माटो, काठ र काँचो ईटामा के शक्ति थियो? र आजको सिमेण्ट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डण्डी र पाकेका इट भन्दा वलिया हुन सके । पशुपतिनाथ र चांगुनारायण जस्ता हजारौं वर्ष पुराना मन्दिरहरू पनि आज हाम्रो सामु जस्ताको तस्तै छन् ।

अझ पांच, सात हजार वर्ष पहिलेको प्राचीन हिन्दू विज्ञानतिर एकपटक नियालेर हेरौं । महाभारत इतिहास केवल पाँच हजार दुई सय वर्ष जति पुरानो मानवीय इतिहास हो । यो इतिहास हेर्दा एकातिर ज्ञानै ज्ञानले भरिपूर्ण छ भने अर्कोतिर विज्ञानै विज्ञानले पनि भरिपूर्ण छ । त्यसवेलाको धनुवान विद्या कस्तो थियो? अहिलेको अग्नी क्षेप्यास्त्रभन्दा कम थिएन । त्यसवेला लाहाको दरवार वनाउने विज्ञान कस्तो थियो? त्यसबेलाको फौजको संगठन कस्तो थियो? महाभारतको लडाँइमा १८ अक्षौहिणी सैन्यबल भेला भएका थिए ।

अव एकचोटी अरु अध्यायहरूमा जस्तै यस अध्यायमा पनि प्राचीन हिन्दू विज्ञान सम्वन्धी पाश्चात्य विद्वानहरूवाट केही कुरा जानौं ।

Calsay Raksa (कालसय राक्स)को भनाइमा

"We learn many things from the Vedas. Not only do these give us knowledge but also teach us science"[1]

यसको अर्थ हो– "हामीले वेदहरुवाट धेरै कुराहरू सिक्छौं। वेदले हामीलाई ज्ञान मात्र होइन विज्ञान पनि सिकाउँछ।"

1 डा० स्वामी प्रपन्नचार्य वि. सं. २०३९ 'प्राचीन हिन्दू विज्ञान । वेदमा के छ?" को उत्तर भाग । पेज ३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशिद्ध फ्रेन्च विचारवादं डा. जेकोलियट (Dr. Jacolliot) ले "The Bible in India" (भारतमा वाइबल) भन्ने ग्रन्थमा प्राचीन हिन्दू विज्ञानलाई यसरी स्वीकारेका छन्ः–

"Astonishing fact! the Hindu Revelation (Veda) is of all revelations, the only ideas are in perfect harmony with modern science as it proclaims the slow and gradual formation of the world. (पेज नं. ३३)"[1]

यसको अर्थ हो– 'यो एउटा आश्चर्यजनक कुरा हो, ईश्वरीय धर्म ग्रन्थहरूमा एक मात्र वेद यस्तो छ, जसको विचार वर्तमान विज्ञानसंग पूर्ण मेल खान्छ। किनकि वेदमा विज्ञानको अनुसार सृष्टिको क्रमिक रचनाको प्रतिपादन छ।"

यसै गरी अमेरिकन विद्वान Wheeler Wilax ले यस्तो भन्नु भएको छ–

"We have heard and read about the ancient religion of India. It is the land of the great Vedas, the most remarkable works, containing not only religious ideas on a perfect life, but also facts which all the science has proved true. Electricity, Radium, Electrons, Airships, all seem to be known to the sires who found the Vedas"[1] पेज नं. ३३

1 डा० स्वामी प्रपन्नचार्य वि. सं. २०३९ 'प्राचीन हिन्दू विज्ञान। वेदमा के छ?' को उत्तर भाग। पेज ३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको अर्थ- 'हामीले प्राचीन भरतीय धर्मको विषयमा पढेका छौं कि भारत भूमि अन्दयन्तै महत्वपूर्ण छ। ती वेदहरूमा धार्मिक जीवनको लागि धार्मिक तत्वहरूको निरूपण मात्रै नभएर, वस्तुसत्यको निर्देशन गरिएको छ। जसलाई विज्ञानले सत्य प्रमाणित गरेको छ। वैदिक ऋषिहरूलाई विजुली, रेडियो, परमाणु, हवाइजहाज इत्यादि सबै कुराहरुको ज्ञान थियो।

स्वामी भारती कृष्ण तोर्थजीले अथर्ववेदको Appendix (परिशिष्ट)मा रहेको 'गणितसूत्र' (Gunitasutras) विषय अनुसन्धान गरेर प्राचीन हिन्दू विज्ञानको सम्पूर्ण गणितको मूलढोका खोल्नु भएको छ।[1]

आउनुहोस् अव हाम्रै नेपाल आमाको सुपुत्र डा. स्वामी प्रपन्नचार्यं वेदान्तचार्यं (वेदमा विद्यावारिधि प्राप्त)द्वारा लिखित "प्राचीन हिन्वू विज्ञान, वेदमा के छ?" को उत्तर भाग पुस्तकलाई एक पटक केलाएर हेरौं। हुन त मलाई थाहा छ, युवावर्ग, भाइ, वहिनीले यस्तो प्राचीन हिन्दू विज्ञान विषय सुनेर शुरुमा अनौठो मान्नु हुन्छ होला। हामी-हरूलाई पनि प्राचीन हिन्दू विज्ञान वारे केही पनि शिक्षा नदिइएकोले अनौंठो लाग्नु स्वभाविकै हो। उसमाथि पनि पश्चिमी समाजको चपेटामा परेकाले त हामोले आफ्नोपना भन्ने कुरा गर्ने वित्तिकै नाक खुम्चाउन थाल्छन्। जे भए पनि डा. स्वामी प्रपन्नचार्यज्यूको पुस्तकलाई समिक्षा गरौं र वेदको

1 Dr. Agrawal, S.N. B.C. 2046. 'The Vedic Numerical Code' ध्येय चिन्तन (सेवा विशेषांक) पेज ३३-४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दू विज्ञानलाई थाहापाउने कोशिश गरौं।

यस "प्राचीन हिन्दू विज्ञान, वेदमा के छ?" को उत्तर भाग जम्मा २४० पेजको भएर पनि प्राचीन हिन्दू विज्ञानको दृष्टिकोणले अति नै सानो पुस्तक हो। तर अत्ति नै मार्मिक ढंगले प्राचीन हिन्दू विज्ञान सम्बन्धी बुझाउन खोजिएको छ। यस पुस्तकमा आज भन्दा दशौं हजार वर्ष पहिले प्रचलितमा ल्याइएका कम से कम ९ थरी विमानहरूको चर्चा अति मार्मिक ढंगले गरिएको छ। ती विमानहरू हुन् -

१] तीन तल्ले विमान

२] विजुलीले चल्ने विमान

३] विश्वमा पहिलो सात पहियाको विमान

४] सौर्यशक्तिले चल्ने विमान

५] तीन पहियाको विमान

६] मनभन्दा पनि छिटो उड्ने बिमान।

७] पुष्पक विमान

८] वातानुकूल विमान

९] मय दानवले बनाएको सौभ विमान

यी मध्ये एउटा विमान श्री रामचन्द्र भगवानले प्रयोग गर्नुभएको थियो। त्यो हो पुष्पक विमान। श्री रामले लंकामा रावणको वध गर्नु भई फर्कदा पुष्पक विमानमा बसेर फर्कनु भएको थियो।

उक्त पुस्तकमा ती विमानहरूको नाम मात्र होइन तिनी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसको अर्थ- 'हामीले प्राचीन भरतीय धर्मको विपयमा पढेका छौं कि भारत भूमि अन्दयन्तै महत्वपूर्ण छ। ती वेदहरूमा धार्मिक जीवनको लागि धार्मिक तत्वहरूको निरूपण मात्रै नभएर, वस्तुसत्यको निर्देशन गरिएको छ। जसलाई विज्ञानले सत्य प्रमाणित गरेको छ। वैदिक ऋषिहरूलाई विजुली, रेडियो, परमाणु, हवाइजहाज इत्यादि सबै कुराहरुको ज्ञान थियो।

स्वामी भारती कृष्ण तीर्थजीले अथर्ववेदको Appendix (परिशिष्ट)मा रहेको 'गणितसूत्र' (Gunitasutras) विषय अनुसन्धान गरेर प्राचीन हिन्दू विज्ञानको सम्पूर्ण गणितको मूलढोका खोल्नु भएको छ। [1]

आउनुहोस् अब हाम्रै नेपाल आमाको सुपुत्र डा. स्वामी प्रपन्नचार्यं वेदान्तचार्यं (वेदमा विद्यावारिधि प्राप्त)द्वारा लिखित "प्राचीन हिन्वू विज्ञान, वेदमा के छ?" को उत्तर भाग पुस्तकलाई एक पटक केलाएर हेरौं। हुन त मलाई थाहा छ, युवावर्ग, भाइ, वहिनीले यस्तो प्राचीन हिन्दू विज्ञान विषय सुनेर शुरुमा अनौठो मान्नु हुन्छ होला। हामी-हरूलाई पनि प्राचीन हिन्दू विज्ञान वारे केही पनि शिक्षा नदिइएकोले अनौंठो लाग्नु स्वभाविकै हो। उसमाथि पनि पश्चिमी समाजको चपेटामा परेकाले त हामीले आफ्नोपना भन्ने कुरा गर्ने वित्तिकै नाक खुम्चाउन थाल्छन्। जे भए पनि डा. स्वामी प्रपन्नचार्यज्यूको पुस्तकलाई समिक्षा गरौं र वेदको

1 Dr. Agrawal, S.N. B.C. 2046. 'The Vedic Numerical Code' ध्येय चिन्तन (सेवा विशेषांक) पेज ३३-४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन हिन्दू विज्ञानलाई थाहापाउने कोशिश गरौं।

यस "प्राचीन हिन्दू विज्ञान, वेदमा के छ?" को उत्तर भाग जम्मा २४० पेजको भएर पनि प्राचीन हिन्दू विज्ञानको दृष्टिकोणले अति नै सानो पुस्तक हो। तर अत्ति नै मार्मिक ढंगले प्राचीन हिन्दू विज्ञान सम्वन्धी बुझाउन खोजिएको छ। यस पुस्तकमा आज भन्दा दशौं हजार वर्ष पहिले प्रचलितमा ल्याइएका कम से कम ९ थरी विमानहरूको चर्चा अति मार्मिक ढंगले गरिएको छ। ती विमानहरू हुन् -

१] तीन तल्ले विमान
२] विजुलीले चल्ने विमान
३] विश्वमा पहिलो सात पहियाको विमान
४] सौर्यशक्तिले चल्ने विमान
५] तीन पहियाको विमान
६] मनभन्दा पनि छिटो उड्ने बिमान।
७] पुष्पक विमान
८] वातानुकूल विमान
९] मय दानवले वनाएको सौभ विमान

यी मध्ये एउटा विमान श्री रामचन्द्र भगवानले प्रयोग गर्नुभएको थियो। त्यो हो पुष्पक विमान। श्री रामले लंकामा रावणको वध गर्नु भई फर्कदा पुष्पक विमानमा वसेर फर्कनु भएको थियो।

उक्त पुस्तकमा ती विमानहरूको नाम मात्र होइन तिनी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको चर्चा, विचर्चा कुन वेदको कुन श्लोकमा उल्लेख भएको आदि वृतान्त छोटकरीमा लेखकले प्रष्ट पार्नु भएको छ ।

यसै गरी त्यसवेला समुद्रमा चलाउने जहाजहरू, पनडुब्बीहरु आदिका बारेमा पनि लेखकले मार्मिक ढंगले प्रस्तुत गर्नु भएको छ । वैदिक कार, घडी, दूरसंचार यन्त्र, स्वचालित यन्त्र, रेलगाडी, मरेको मानिसलाई जिउँदो पार्ने औषधि इत्यादि कुराहरू यस पुस्तकमा प्रचुरमात्रामा व्याख्या गर्नु भएको छ । पाठकवर्गले यो पुस्तक अवश्य पनि हेर्नु होला । यति मात्र होइन । यसरी वेदमा सम्पूर्ण प्राचीन हिन्दू विज्ञान भएकोले पश्चिमी विद्वानहरुले मरी मरी संस्कृत भाषा पढे र यसबाट आधुनिक विज्ञानका टुसाहरु कसरी पल्हाउन सके भन्ने समेत लेखकज्यूले बडो मार्मिक ढंगले प्रस्तुत गर्नु भएको छ ।

शुरुमा यी प्राचीन हिन्दू विज्ञान विषय नबुझ्ने अथवा बुझ्न अप्ठ्यारो लाग्ने पाठकवर्गले आफ्नो दिमागमा एउटा प्रश्न आफैले राख्नुहोस् अनि आफैले सोध्नुहोस् ।

"मेरो बाजेको बाजेको नाम के हो?" अनि आफैलाई 'थाहा छैन' भनी आफैले जवाफ दिनु भयो भने उसो भए बाजेको बाजे कहाँ जन्मनु भएको थियो? कहिले परलोक हुनु भयो? उहाँले के कर्म गरेर जानु भयो? इत्यादि इत्यादि प्रश्न गर्नुहोस् । यी सबैको उत्तर तपाईले आफैलाई दिन सक्नु भएन भने उसो भए "मेरो बाजेको बाजे थिएन होलान् ?' भनी तपाँई आफै शंका गर्नु हुन्छ होला । तर त्यसको जवाफ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाई आफैले दिनु हुन्छ "होइन, मेरो वाजेको वाजेको विषयमा मलाई केही थाहा नभए पनि वाजेको वाजे त अवश्य पनि थिए होलान् । किनभने वाजेको वाजे नभए वाजेको वाबु कहाँवाट आउनु भयो होला ? वाजेको वाबु नभए वाजे कहाँवाट आउनु भयो होला ? वाजे नभए बुवा कहाँवाट आउँनु भयो होला? बुवा नभए म कहाँवाट आएँ होला ?" यसको मतलव वाजेको वाजे अवश्य पनि थियो ।

हो त्यसै गरी प्राचीन हिन्दू विज्ञानमा पनि विमानदेखि लिएर पानी जहाज आदि आदि सारा वैज्ञानिक वस्तुहरु थिए र यसरी ती सबै कुराहरुका इतिहास लेखेर गए । तर यसको मतलव तपाईले पढेन भन्दैमा थिएन चाहि भन्न मिल्दैन । तपाई आफै आँखा चिम्लेर सूर्य छैन भन्नुमा तपाईको गल्तो कि सूर्यको गल्ती ? यो त तपाईकै गल्ती हो । अनि आँखा खोलेर पनि राती सूर्य खोज्नु भयो भने त्यो पनि तपाईकै गल्ती हो । त्यसैले आँखा खोलेर तपाई दिउँसो सूर्यलाई खोज्नुस् अवश्य पनि देख्नु हुनेछ । त्यसै गरी तपाई हामीले पहिले पढ्नु पर्छ । पढे पछि मात्र सबै कुरा छर्लङ्ग हुन्छ र सोही अनुसार काम पनि हुन्छ ।

त्यसै कारण यसरी हाम्रा पूर्वजहरूले सारा प्राचीन हिन्दू मानवीय सभ्यताको क्रममा जति पनि ज्ञान र विज्ञानका इतिहासका पन्नाहरू छोडेर गएका छन् ती यति शुद्ध र वैज्ञानिक ढंगका छन् कि ती इतिहासका पन्नाहरू तपाई हामीले पढ्नु पर्छ र पढाउनु पनि पर्छ । नत्र भने पूर्वाको गौरव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माटोमा मिसिने छ ।

माथि उल्लेखित सबै प्राचीन हिन्दू विज्ञानका इतिहास-हरु संस्कृत भाषामा लेखिएका छन् । वास्तवमा भन्ने हो भने प्राचीन हिन्दू विज्ञानका असंख्य नमूनाहरु तपाई हाम्रै अगाडि प्रशस्त छन् । केवल हामीले मनको आँखा खोलेर हेर्नु पर्‍यो । यही नै पाठकवर्ग र अनुसन्धानकर्ताहरसंग मेरो अनुरोध छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

सातौं अध्याय

संस्कृत र रसियन भाषाको सम्बन्ध

जसरी संस्कृत र अंग्रेजी भाषामा गहिरो सम्बन्ध छ, त्यसै गरी संस्कृत र रसियन भाषामा पनि गहिरो सम्बन्ध रहेकोले यस सातौं अध्यायमा नमूनाको रूपमा केही कुरा प्रस्तुत गरिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

सातौं अध्याय

संस्कृत र रसियन भाषाको सम्बन्ध

यो भन्दा पहिलेका विभिन्न अध्यायहरूमा संस्कृत र अंग्रेजी भाषाको सम्वन्ध विषयमा धेरै चर्चाहरु भइसकेका छन् । अव यस अध्यायमा संस्कृत र रसियन भाषाको सम्बन्ध विषयमा पनि केही चर्चा गर्न खोजेको छु । यसको मूल कारण संस्कृत संसारको मानवीय सभ्यताको सव भन्दा पुरानो भाषा भएको र यस भाषाको अंग्रेजी लगायत अरू थुप्रै भाषाहरुसंग घनिष्ट सम्वन्ध रहेकोले नै हो ।

संसारको मानवीय सभ्यताको इतिहासमा सवभन्दा जेठो सभ्यता आर्यहरुको हिन्दू सभ्यता हो । हिन्दू शब्द कति पुरानो हो र हिन्दूहरुको संस्कृत भाषासंग अन्य विश्व भाषाहरु-को सम्वन्ध कस्तो छ भन्ने कुरा हामीले गएका अध्यायहरूवाट थाहा पायौं । यो पनि हामीलाई थाहा छ कि संसारका सवभन्दा पुराना ग्रन्थहरू वेद, उपनिषद्, पुराण रामायण, महाभारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि संस्कृत भाषामै लेखिएका छन्। तर अहिलेको पश्चिमी समाजको प्रभाव परेको 'ज्ञानहीन' र 'आत्महीन' समाजले यो कुरा बिसंदै गएको छ। आफ्नै आमा, बाबु, छोरा छोरी-लाई आफ्नो हो कि होइन चिन्न नसक्ने, आफ्नै नाता, इष्ट, मित्रलाई मारेर पनि पैसा कमाउने र विष जस्तो लागु पदार्थ खाएर जीवन बिताउन खोज्ने यो समाजलाई ज्ञानहीन र आत्माहीन नभनी के भन्ने? यो कुरा यत्तिकै राखौं।

आउनुहोस् अब संस्कृत र रसियन भाषाको सम्बन्धमा केही चर्चा गरौं। तल दिइएका केही संस्कृत र रसियन शब्दहरुको विश्लेषण गरौं।

संस्कृत भाषा	रुसी भाषा	नेपाली अर्थ	अंग्रेजी अर्थ
१. कदा	काग्दा	कहिले	When
२. तदा	ताग्दा	तब	Then
३. अन्यदा	इनाग्दा	कहिलेकाहीं	Sometimes
४. सर्वदा	भ्सेग्दा	जहिले पनि	Everytime
५. इद्	यत	यो	It
६. मातृ	माच	आमा	Mother
७. दुहितृ	दोच	छोरी	Daughter
८. सुनु	सिन	छोरा	Son
९. स्वसृ	सेस्त्रा	बहिनी	Sister
१०. स्नुषा	स्नोखा (स्नोषा)	बुहारी	Daughter in law
११. भ्रातृ	व्रात	भाइ	Brother
१२. मांस	म्यासा	मासु	Meat
१३. सखर	साखर	चिनी	Sugar

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४. अग्नी	आगोन	आगो	Fire
१५. धाम	दोम	घर	House
१३. सन्दुक	सन्दुक	सन्दुक	Traditinoal treasure container

कतै कतै "कोग्दा", "तोग्दा" पनि उल्लेख भएको पाइएको छ। यो प्रादेशिक अथवा स्थानीय उच्चारण अनुसार फरक परेको हुन सक्छ।

माथि उल्लेखित दुई चारवटा शब्दहरूले हामीलाई छलङ्ग पार्छ कि संस्कृत र रसियन भाषामा पनि गहिरो सम्बन्ध छ भनेर। यी त केवल नमूना मात्र हुन्। भाषामा अभिरुचि राख्ने पाठकवर्गहरुले अरू पनि थुप्रै अनुसन्धान गर्न सकेमा राम्रो परिणाम निस्कन सक्छ।

संस्कृत र रसियन भाषा सम्बन्धी अरू पनि केही चर्चा गरौं। एकपटक निम्न लिखित वाक्यहरूलाई केलाएर हेरौं।

संस्कृत	रसियन	नेपाली
१. पूर्वं अग्नि पश्चाद्धूम।	पेर्भा आगोन पातोम धुइम्	पहिले आगो पछि धुवाँ।
२. एते द्वे मदीये स्वसारौं।	एति द्वे मोई स्येस्त्री	यी दुवै मेरी वहिनी हुन्।
३. ते उभे त्वदीये स्वसारौं।	ते आवे त्वइ स्येस्त्री	ती दुई तिम्री बहिनी हुन्।
४, आखेटक? त्वं किं पिशितम् अस्ति? नैतत्।	आखोतनिक? तिलो पुइचु एवा? नेत्	हे शिकारी? के तिमी कांचो मासु खान्छौ? त्यसो नगर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. मदिया स्नुषा न स्वपिति दिने।	मौया स्नोरच नँ स्पित दुंयो	मेरो बुहारी दिनमा सुत्दिनन्।

अब एक पटक गन्ति सम्वन्धी शब्दहरूको सम्बन्ध पनि केलाएर हेरौं।

संस्कृत भाषा	रसियन भाषा	नेपाली	अंग्रेजी
१. एक	आजिन	एक	One
२. द्वी	दभा	दुई	Two
३. त्री	त्री	तीन	Three
४. चतुर	क्षतिरे	चार	Four
५. पञ्च	प्याच	पांच	Five
६. षष्ठ	शेस्त	छ	Six
७. सप्त	सेम	सात	Seven
८. अष्ठ	भसेम	आठ	Eight
९. नव	जेभिच	नौ	Nine
१०: दश	जेसिच	दस	Ten
११. सतम	स्तो	सय	Hundred

माथिको तालिकाबाट पनि हामीले संस्कृत र रसियन भाषा वीच कस्तो सम्बन्ध छ र संस्कृतवाट नै केही अपभ्रंश भएर रसियन शब्दहरूका विकास भएको कुरा थाहा पाउँछौं।

यस अध्यायमा मात्र नमूनाको रूपमा केही शब्दहरू लिइएका छन्। तर यति मात्र होइनन्। यस्ता शब्दहरू थुप्रै छन् जसले संस्कृत र रसियन भाषा वीच पनि घनिष्ट सम्वन्ध छ भन्ने कुरा पुष्ट्याउँछु। बाँकि शब्दहरूको अनुसन्धान गर्ने काम पाठकवर्गहरूलाई नै सुम्पिने अठोट गर्दै यो अध्याय यहीं टुंग्याउँछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

सातौं अध्याय

प्राचीन हिन्दू विज्ञानको एक नमूना

समय (काल) परिचक्र

आजभन्दा कम्तिमा पनि हजारौं वर्ष पहिले रामायण कालमा प्राचीन हिन्दू विज्ञानको विकास कुन अवस्थामा थियो भन्ने कुरा बुझ्न त्यस वेलाको समय (काल) परिचक्र विज्ञानलाई नमूनाको रूपमा प्रस्तुत गरिएको छ । पाठकवर्गले सजिलैसंग बुझ्नुहुनेछ भनी आशा गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत विश्व भाषा हो

संस्कृत र अंग्रेजी भाषाको खोजीमा

आठौं अध्याय

प्राचीन हिन्दू विज्ञान एक नमूना

समय (काल) परिचक्र

मानवीय समाज र सभ्यताका क्रममा समय 'काल' को महत्व यति बढ्दै गयो कि मानिसले आफ्नो सम्पूर्ण क्रियाकलाप, कार्य तालिका आदिलाई समयको गतिमा ढाल्न आवश्यक पऱ्यो। किनभने हरेक व्यक्तिको जीवनकाल त अति नै छोटो छ। कलि युगमा मानिस बढिमा १२० वर्ष सम्म बाँच्दछ। अनि यो छोटो जीवनमा खास गरी यो मानवीय सभ्यतालाई अगुवाई गर्ने महानुभावहरूले आफ्नो दिव्य दृष्टिले देखेका मानवीय कल्याणकारी काम गर्नु पर्ने असीमित छ तर जीवनकाल भने अति छोटो छ। त्यसैले ती महान व्यक्तिहरूले समयको परिधीमा बसेर आफ्ना जीवनलाई शुभकार्यमा सक्दो समर्पण गर्न समय काललाई विभाजन गरे। त्यसो त प्रकृतिले आफ्नै नियमले समयको विभाजन गरेकै छ। जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विहान भयो घाम लाग्यो, दिउँसो भयो, साँझ भयो कि सूर्य अस्तायो, राती भयो, अंध्यारो भयो आदि । तर यो बुद्धि-जिवी पशु (मानव)संग विचार गर्ने शक्ति, आविष्कार गर्ने शक्ति र त्यसको संरक्षण मात्रै होइन सम्वर्द्धन गर्ने समेत शक्ति भएकोले प्राकृतिक समयको विभाजनले मात्र नपुग्ने भयो । त्यसैले हिन्दू अर्थात आर्य तथा वौद्धिक समाजको सभ्यतामा हुर्केका ती ठूला–ठूला ऋषि-मुनिहरूले आफ्नो निजी स्वार्थलाई त्यागी सभ्यताका गतिलाई अगाडि वढाउन विज्ञानको खोजीमा आफ्नो जीवन विताए । तिनै ऋषिमुनि-हरूका केवल धर्म र ज्ञानको क्षेत्रमा मात्र होइन अपितु विज्ञान क्षेत्रमा समेत योगदान आजसम्म अतुलनीय रूपमा देखा परेको छ । तपाई–हामीले ती कुराहरूको ख्याल गर्न नसक्नु हाम्रो एउटा भूल हो भने 'उहिलेको कुरा खुइले' भनी अशिक्षित व्यक्तिले जस्तै शिक्षित व्यक्तिले पनि वास्ता नगरी खाली पश्चिमी समाजको मात्रै शरणमा पर्न जानु अर्को भूल हो । यस्तो मानवीय सभ्यतामा आर्य सभ्यता सवभन्दा अघिल्लो पंक्तिमा आएर केवल धर्म र ज्ञानमा मात्र नभई विज्ञानमा समेत पहिलो सभ्यताको चिन्ह छोडेर गए र आज-को विज्ञान तिनै आर्य विज्ञानको नतिजा हो भन्ने कुरा हामीले विर्सनु हुँदैन । अव आउनुहोस् हाम्रा पुर्खाहरु (ठूला ठूला ऋषि-मुनिहरू)ले विभाजन गरी प्रयोग गरेका समय (काल) परिचक्रको रूपरेखा तिर एक पटक फर्केर हेरौं ।

श्रीमद्भागवत महापुराणको तृतीय स्कन्धको एघारौं अध्यायका पेज नं. १३२-१३३ पाना पल्टाएर हेर्‍यौं भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय (काल)को परिचक् विभाजन निम्न अनुसार गरिएको पाइन्छ ।

महाभारतको कुरुक्षेत्र लडाँइ शुरू हुनुभन्दा पहिलेको कुरो हो । वेदव्यासवाट भरतवंशमा तीन छोराहरुको जन्म भयो । तो हुन्– धृतराष्ट्र, पाण्डु र विदुर । विदुर दासी पट्टीका छोरा हुन्, दासी पुत्र भएकोले विदुरलाई प्रत्यक्ष राज्याधिकार प्राप्त थिएन । उनी आत्मोद्धारको साधनामा नै लीन रहन्थे । कुरुक्षेत्र लडाँइपछि अन्त्य अवस्थामा भगवद् प्राप्तिको लागि हरिद्वार गई ऋषि मैत्रेयसंग विभिन्न प्रकारका शिक्षा दिक्षा हासिल गर्न लागे । यसै क्रममा मैत्रेय ऋषिले कालको व्याख्या यसरी वर्णन गर्दै जानु भयो ।

त्रिलोक्या युगसाहस्र वहिराव्रह्मणो दिनम् ।
तावत्येव निशा तात यन्निमीलति विश्वसृक् ।।

निशावतान आरब्धो लोककल्पोऽनुवर्तते ।
यावद्दिनं भगवतो मनून् भुञ्जंश्चतुर्शश ।।

स्वंस्वं कालं मनुभृंङक्ते साधिकां ह्येकसप्ततिम् ।
मन्वन्तरेषु मनवस्तद्वंश्या ऋषयः सुराः ।
भवन्ति चैव युगपत्सुरेशाश्चानु ये च तान् ।।

(श्रीमद्भागवत्–३/११,२२,२३,२४)

अर्थात्– "प्रिय विदुर! त्रिलोकी (स्वर्ग, मर्त्य, पातल) भन्दा वाहिर महलोकदेखि ब्रह्मलोकसम्म यहाँको अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानव संसारको एक हजार चतुर्युगी (४,३२,००,००,००० मनव वर्ष) वरावर व्रह्माको एक दिन हुन्छ। व्रह्माजीशो प्रात: कालवाट यस लोकको कल्प प्रारम्भ हुन्छ ।

मैत्रेयले वर्णन गरेको यस एघारवाँ अध्यायको समय (काल) परिचक्र जसलाई 'मन्वन्तरादि काल विभागको वर्णन' पनि भनिन्छ यसलाई छोटकरीमा यसरी वर्णन गर्नु राम्रो होला।

एउटा पार्थिव परमाणु भन्नाले यस पृथ्वीमा कुनै पनि वस्तुलाई विभाजन गर्दा सुक्ष्मदर्शक यन्त्रवाट पनि हेर्दा जुन सवभन्दा सानो वस्तु वन्छ र जसलाई फेरि विभाजन गर्न सकिदैन यस्तो सुक्ष्माती सुक्ष्म वस्तुलाई परमाणु भनिन्छ। यस्तो एउटा परमाणुलाई पार गर्न पनि सूर्यलाई केही समय लाग्छ, यो सुक्ष्माती सुक्ष्म समय (काल)लाई नै परमाणु काल भनिन्छ। ऋषि मैत्रेयले विदुरलाई यसरी समय (काल)को विभाजनको कुरा सुनाउनु भयो–

१. २ परमाणु = १ अणु
२. २ अणु = १ त्रसरेणु
३. ३ त्रसरेणु = १ त्रटी
४. १०० त्रुटी - १ वेध
५. ३ वेध = १ लव
६. ३ लव = १ निमेष
७. ३ निमेष = १ क्षण
८. ५ क्षण = १ काष्ठा
९. १५ काष्ठा = १ लघु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. १५ लघु = १ नाडी
(१ नाडी = १ घडी)
११. २ घडी = १ मुहूर्त
१२. ३० मुहूर्त = १ दिन
(६० घडी = १ दिन)
१३. ७ दिन = १ सप्ताह
१४. १५ दिन = १ पक्ष
१५. २ पक्ष = १ मास (महिना)
(१ महिना = पितृहरूको १ दिन)
१६. २ मास = १ ऋतु
(जम्मा ६ ऋतु हुन्छन्)
१७ ३ ऋतु = १ अयन
(जम्मा २ अयन हुन्छन्– उत्तरायन र दक्षिणायन)
१८. २ अयन = १ वर्ष
(२ अयन = देवताको १ दिन हुन्छ)
= देवताको अहोरात्र
१९. ३६० मानव वर्ष = १ दिव्य वर्ष
(देवताको एक वर्ष)
२०. १२,००० दिव्य वर्ष = ४ युग
(सत्ययुग, त्रेतायुग, द्वापरयुग, कलीयुग)
= १ दिव्य युग
२१. १,००० चतुर्युगी = ब्रह्माजीको १ दिन
= अहोरात्र (रात र दिन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

= ८,६४,००,००,००० मानव वर्ष

२२. १ ब्रह्मदिन = मानिसको १ कल्प
(ब्रह्माको दिनलाई सृष्टिकाल र रातलाई प्रलयकाल भनिन्छ)

२३. १५ कल्प = ब्रह्माको १५ दिन (श्वेत कल्पदेखि कौर्म कल्प सम्म ब्रम्हाको शुक्लपक्ष हुन्छ। कौर्म कल्प अथवा १५ औं दिन ब्रम्हाको पूर्णिमाको दिन हुन्छ।)

२४. १५ कल्प = ब्रम्हाको अर्को १५ दिन (नरसिंह कल्पदेखि पितृ कल्पसम्म) ब्रम्हाको कृष्णपक्ष हुन्छ। अनि पितृ कल्पको दिन ब्रम्हाको आमावस्यको दिन हुन्छ।

२५. ३० कल्प = ब्रम्हाको १ महिना (एक मास)

२६ ३६० कल्प = ब्रम्हाको १ वर्ष

२७. ब्रम्हाको १०० वर्ष = १ महाप्रलय, अहिले ब्रम्हा ५१ वर्षको हुनुभयो।
ब्रम्हाको ५० वर्ष उमेर = १५८६ खरब ३० अरब, ४० करोड मानववर्ष हुन्छ।

(मत्स्यपुराण अनुसार)

अहोरात्र भन्नाले दिन र रात भन्ने बुझिन्छ। मानिसको १ वर्ष बराबर देवताको १ दिन हुन्छ।

१२,००० दिव्य वर्ष = ४ युग हुन्छ। यो युगहरू हुन्:–

१ सत्ययुग - ४८०० दिव्य वर्ष x ३६० = १७,२८,००० वर्ष

२ त्रेतायुग - ३६०० दिव्य वर्ष x ३६० = १२,९६,००० वर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. द्वापरयुग- २४०० दिव्य वर्ष x ३६० = ८,६४,००० वर्ष
४. कलियुग - १२०० दिव्य वर्ष x ३६० = ४३,२०,०० वर्ष
जम्मा ४ युग - १२,००० दिव्य वर्ष ३६० = ४३,२०,००० वर्ष

वर्तमान समय अर्थात २०४८ साल सम्ममा कलियुगको आयु ५०९१ वर्ष व्यतित भएको छ (पञ्चाङ्गानुसार)।

कल्प परिचय

ब्रह्माको शुक्लपक्ष[1]	ब्रम्हाको कृष्णपक्ष
१. श्वेत कल्प	नरसिह कल्प
२. निललोहित कल्प	समान कल्प
३. वामदेव कल्प	आग्नेय कल्प
४ रथन्तर कल्प	सोम कल्प
५. रौरव कल्प	मानव कल्प
६. प्राण कल्प	तत्प्रमान् कल्प
७ बृहत् कल्प	वैकुण्ठ कल्प
८. कन्दर्प कल्प	लक्ष्मो कल्प
९. सद्य कल्प	सावित्री कल्प
१०. ईशान कल्प	घोर कल्प
११. व्यान यल्प	वाराह कल्प
१२. सारस्वत कल्प	वैराज कल्प
१३. उदान कल्प	गौरी कल्प

1 पं० कुलचन्द्र शर्मा गौतमद्वारा लिखित 'अमरकोष' पेज ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४. गारूड कल्प — माहेश्वर कल्प
१५. कौर्म कल्प — पितृ कल्प
(ब्रम्हाको पूर्णिमा तिथि) — (ब्रम्हाको आमावास्य तिथि)

माथिको समय (काल) परिचक्रलाई दुई भागमा विभाजन गर्न सकिन्छ । ती हुन् –

१. सुक्ष्म काल (Division of time at microlevel)
२. बृहत् काल (Division of time at macrolevel)

घडी अथवा घण्टालाई दुई कालको बीचमा राखेर हेर्‍यौं भने निम्न अनुसारको दुई किसिमको काल विभाजन छुट्याउन सकिन्छ ।

सुक्ष्म काल [Division of time at microlevel]

पौराणिक दृष्टिकोणले ६० घडी वरावर एक दिन हुन्छ भने आधुनिक घडी अनुमार २४ घण्टा वरावर एक दिन हुन्छ । अब पौराणिक समय परिचक्रलाई अहिलेको एक घण्टामा विभाजन गर्दा अहिलेको एक घण्टा वरावर ९ करोड ११ लाख २५ हजार परमाणु काल हुन आउँछ। यसमा उल्लेखनीय कुराहरू के हुन आउछ भने हिन्दू धर्म, कर्म अनुसार शुभ कार्य जस्तै विवाह, व्रतवन्ध, भिमरथारोहण, जन्मदिन आदि कार्यमा मुहूर्त हेर्ने चलन मात्र होइन शुभ मुहूर्तमा शुभ साइतमा शुभ कार्य गर्नु पर्ने हुन्छ ।

अब आधुनिक समयको विभाजन चक्र पनि एक पटक तुलनाको लागि हेरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक समय

१ घण्टा = ६० मिनट
१ मिनेट = ६० सेकेण्ड

पौराणिक (ज्योतिषी समय)

१ घडी = ६० पला
१ पला = ६० विपला
१ विपला = ६० अपला

बृहत् काल (Division of time at macrolevel)

यस बृहत् कालमा एक घडीवाट शुरु गरी ६० घडी वरावर १ दिन गरी समयको विभाजन गरे। अनि सप्ताह मास (महिना), ऋतु इत्यादि गर्दै वर्षमा पुऱ्याए। त्यसैले ३६० दिन अथवा १२ महिना दरावर १ वर्ष भयो। अनि ३६० वर्ष वरावर एक दिव्य वर्ष अथवा देवताको १ वर्ष भयो। अनि १ ब्रह्मादिन वरावर ८ अरब, ६४ करोड वर्षको समय (काल)को विभाजन समेत पहिलेका वैज्ञानिक (ऋषि-मूनिहरू)ले गरेका थिए। यति मात्र होइन ३६० ब्रम्हा दिन वरावर १ ब्रम्हा वर्ष र १०० ब्रम्ह वर्ष = ८,६४,००,००,००० X३६०X१०० = ३,११,०४,०००००००००० = क्रण्डै ३ लाख, ११ हजार खरव वर्ष हुन आउँछ। अहिले ब्रम्हाको आयु ५१ वर्ष भएको कुरा मत्स्यपुराणमा उल्लेख भएको पाइन्छ।

हुन त मलाई वेद पुराण विषयमा केही खास ज्ञान छैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न त संस्कृतकै केही ज्ञान छ। तर पनि ससंती पढ्दा कस्तो लाग्छ भने हामी जस्तो साधारण दिमाग भएको व्यक्तिको लागि त त्यसबेलाको समय (काल)को परिचक्र एक किसिमले असम्भव जस्तो लाग्छ। तर ती समयका विभाजनहरुको आवश्यकता नपरेको भए त्यस बेलाका ऋषिहरू (रिसर्चर) ले त्यसै विना कामले त वनाएनन् होला। अहिले पो हाम्रो लागि ४ दाम = १ पैसा भन्ने हिसाव जरुरत परेन। हाम्रो बुवा र बाजेहरूको पालामा ती हिसावहरू चलन चल्तीमै थिए। त्यसैले हामीले चलन गरेनौं भन्दैमा 'थिएन' भन्न त पक्कै पनि मिल्दैन र त्यसलाई 'वाहियात' भन्न पनि मिल्दैन। त्यसै गरी पहिले पहिलेका ऋषि मुनिहरूले जुन प्रकारले समय (काल)को विभाजन गरेका थिए ती समय विभाजनको हिसाव किताव हामीलाई जरूरत परेन त्यसैले हामीले त्यसको ख्याल गरेनौं अथवा हामीलाई थाहा नै भएन। किनभने हामीले यी कुराहरु जान्ने कोशिश नै गरेनौं।

अब उसो भए यो समयको विभाजन वेदव्यासको समयभन्दा पहिले नै भएको हुनुपर्दछ। यसको अर्थ महाभारत काल भन्दा पनि निक्कै पहिले यस्तो किसिमको समयको विभाजन भएको पक्कै पनि हो। यसै सिलसिलामा रामायण र महाभारतको समय एक पटक फेरि उल्लेख गर्नु उचित देखिन्छ।

डा. पी. वि वर्तकाले १२ वर्ष सम्म निरन्तर खोज अनुसन्धान गरी पत्ता लगाए अनुसार महाभारत युद्ध ई. पू. ५५६१ अक्टोवर १६ तारिखको दिनदेखि शुरु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र लडाई १८ दिनसम्म चलेको थियो। रामको जन्म ई. पू. ७३२३ डिसेम्वर ४ तारिख मंगलवारको दिन भएको थियो। ई. पू. ७३०६ नोभेम्वर २९ गुरूवारको दिन १४ वर्षको वन-वासको लागि रवाना हुनुभएको थियो। त्यसको ६ दिनपछि डिसेम्वर ५ तारिख बुधवारको दिन महाराज दशरथले पुत्र-शोकमा प्राण त्यागनुभएको थियो। रामको घोर शत्रु रावणको मृत्यु ई. पू. ७२९२ आइतवार नोभोम्वर १५ तारिखको दिन भएको थियो। (नव भारत टाइम्स १५ सेप्टेम्वर १९८१) यसको अरु विवरणको लागि डा. स्वामी प्रपन्नचार्य वेदान्ताचार्य (पिएच. डी.)द्वारा लिखित प्राचीन हिन्दू विज्ञान–वेदमा के छ? को उत्तर भाग (विक्रम संवत २०३९)को पेज नं १७ देखि ३४ सम्म हेर्नु होला।

यसबाट के अनुमान गर्न सकिन्छ भने माथि उल्लेखित समयको विभाजन आजभन्दा कमसेकम ६७०० वर्ष पहिले भएको हुनु पर्दछ। किनभने डा. पी. वि. वर्तका अनुसार महा-भारतको लडाँइ भएको सन् १९९० सम्म ७५५१ वर्ष भयो र वेदव्यासको समय त्यो भन्दा कम्तिमा पनि ५० वर्ष पहिले भएको हुनु पर्दछ। अझ यो समय (काल) परिचक्रको आविष्-कार, प्रयोग इत्यादि त्यो भन्दा धेरै पहिले भएको हुनु पर्दछ। तर डा. स्वामी प्रपन्नचार्य वेदान्ताचार्यको भनाइ अनुसार यो समय अति नै कम भएको देखिन्छ।

जे होस् हाम्रो वैज्ञानिक सोचाइ के छ भने आजभन्दा ७, ८ हजार वर्ष पहिले नै हाम्रा पुर्खाहरूले समय (काल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचक्रलाई यसरी सुक्ष्म र बृहत् कालमा विभाजित गरी त्यस समय (काल)लाई प्रयोग गर्नु पर्ने कारण के थियो? के यस विषयमा सोच्नु, केही खोजनीति गर्नु ती पुर्खाहरूका आजका शिक्षित पिंढीहरूको कर्तव्य होइन?

निष्कर्षमा के भन्न चाहन्छु भने हिन्दू मानवीय सभ्यताका चिन्हहरू– वेद, पुराण, उपनिषद् आदिलाई ज्ञानको दृष्टिकोणले मात्र नहेरी विज्ञानको दृष्टिकोणले पनि अझ गहिरिएर अध्ययन गर्नु आवश्यक छ। आजको महेन्द्र संस्कृत विश्वविद्यालय जस्तोको लागि यो एउटा ठूलो शिक्षा हो। अनुसन्धानकर्ताहरुको आत्मा र परिश्रम यस्तै कार्यको लागि खाँचो भएको महसुस गर्दछु।

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Reference (साहायक सूची)

(१) आचार्य पूर्ण चन्द्र ढुंगेल, वि. सं. २०४८। संस्कृतको अनुत्थानका कारणहरु र उन्नतीका उपायहरु "बिश्वात्म दर्शन" ,, (मासिक) वैशाख १(५): पेज नं. ३३-४० काठमाडौं।

(२) स्व. प्रा. कुलचन्द्र शर्मा गौतम "अमरकोष" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं।

(३) खेमराज ज्ञवाली वि. सं २०२९: संस्कृतमा विज्ञान "विश्वात्म दर्शन"(मासिक)आश्विन १(१०): पेज नं. ३०-३६

(४) तारिणी प्रसाद सिंह "भारत वर्षको सिस्टेमेटिक इतिहास" भाग– १,२,३।

(५) नरहरिनाथ योगी वि. सं. २०२९: संस्कृत र अंग्रेजी भाषा "विश्वात्म दर्शन" (मासिक) वैशाख १(५)

(६) पुरूषोत्तम खतिवडा वि. सं २०४०: जेठो भाषा संस्कृत भाषा "सन्मार्ग" १(३) पेज नं ३६–३९

(७) वृद्धिसागर पराजुली वि. सं.?: "श्री स्वस्थानी ब्रतकथा", प्रकाशक– रत्न पुस्तक भण्डार, भोटाहिटी, नेपाल।

(८) रामराज पन्त वि. सं. २०३६: "नेपाली भाषा विज्ञान" नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(९) बीताराम अग्रवाल वि. सं. २०४८: The Vedic Numerical Code "ध्येय चिन्तन" सेवा विशेषांक प्रकाशक– मातृभूमि सेवक संघ, ललितपुर ।

(१०) डा. स्वामी प्रपन्नाचार्य, वेदान्ताचार्य वि. सं. २०३९: "प्राचीन हिन्दू विज्ञान वेदमा के छ ?" को उत्तर भाग: मुद्रक– कमलनाथ मौर्य, जय भारत प्रिन्टिङ्ग प्रेस, सुरजकुण्ड, वाराणासी ।

(११) डा. ज्ञान लाल श्रेष्ठका विभिन्न लेखहरु वि. सं २०४७: "सन्मार्ग" (मासिक) अंक १ (५), १(६), १(८), १(९), १(१०), १(११): मुद्रक– आर्य छापाखाना प्रा. लि. देवनगरी, काठमाण्डौं ।

(१२) John Lyons 1979: 'Introduction to Theoritical Linguistics' Cambridge Umv.press, Cambridge ,U.K.

(१३) Joseph T. Shipley (year?) 'Dictionary of Word Origins' Philosophical Library Inc. 20J West 57 th Street ,New York.

(१४) Norman Lewis 1976: 'Word Power Made Easy', Published by Pocket Books. A Gulf+Western Company New York.

(१५) Russel B 1969 'History of Western Philosophy'. George Aclen and Unwin Ltd. Ruskin House, Museum Street, London.

(१३) Vidyavisaradd K. Shrinivasachari 1989. 'Learn Sanskrit in 30 Days'.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

डा० ज्ञानलाल श्रेष्ठ

काभ्रेपलाञ्चोक जिल्लाको नालङ्ग ग्राम (नाला देश) मा २००४ साल जेठमा जन्मनु भएका लेखकले गाउँमा विद्यालयको अभावमा करीव १५ वर्षको उमेरसम्म जीवनको अमूल्य भागलाई शिक्षाको ज्योतिबाट बंचित राखेर पनि २०२२ सालमा काठमाडौं क्षेत्रपाटी स्थित जुद्धोदय पब्लिक हाइस्कूलबाट प्रवेशिका परीक्षा (S.L.C.) प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल हुनुभयो। २०२६ सालको अन्तमा भारतको राजस्थान स्थित उदयपुर विश्व विद्यालय अन्तर्गत Rajasthan College of Agriculture बाट स्नातक (B.Sc.Ag.) पूरा गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको धानवाली अनुसन्धान कार्यमा संलग्न हुनु भयो। लेखकले २०३८ साल भाद्र (सन् १९८१, अगष्ट)मा दक्षिण कोरीयाको Seoul National University वाट धानको वंशानु विज्ञान (Rice Genetics)मा स्नातकोत्तर (M.Sc) पुरा गरी सोही विश्वविद्यालयवाट २०४१ साल भाद्र (सन १९८४, अगस्ट)मा सोही विषयमा विद्यावारिधि (Ph.D.) हासिल गर्नु भयो। लेखक बीस वर्षसम्मको लामो समयसम्म नेपालको धानबाली विकास सम्बन्धी अनुसन्धानमा बीरगंज नजिकै परवानीपुर स्थित 'राष्ट्रिय धानवाली विकास कार्यक्रम'मा कार्यरत हुनु भयो।

२०४५ सालमा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (RONAST) द्वारा प्रज्ञा प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कारवाट पुरस्कृत डा. श्रेष्ठज्यूका नेपालको धान सम्बन्धी अनगिन्ती लेखहरू यत्रतत्र छरिएका छन्।

आफ्नो विषयको अलावा सामाजिक तथा भाषा क्षेत्रमा पनि लेखकको रूचि भएको कारणले नै "IN SEARCH OF KOREA AND NEPAL" र "संस्कृत विश्व भाषा हो– संस्कृत र अंग्रेजी भाषाको खोजीमा" जस्ता पुस्तकहरू तयार हुन सके। २०४६ सालदेखि लेखक "हिन्दू धर्म संरक्षण संघ" केन्द्रीय कार्यालयको महासचिवको रूपमा पनि रही आउनुभएको छ। व्यवसायको दृष्टिकोणले २०४७ साल कार्तिकदेखि हालसम्म लेखक काठमाडौं स्थित न्यू एरा (New ERA) प्राइभेट संस्थामा कृषि विशेषज्ञको रूपमा कार्यरत हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि विद्यापीठ

R

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu